सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ फागुन २०८०, सोमबार (4 Mar 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३१५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ सिभिल सहकारीपीडितको पीडा

समस्या समाधान गर्न गठित समितिले दुई महिनासम्म कामै थालेन



बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् बैठकले गत २२ पुसमा सिभिलका पीडित बचतकर्ताको समस्या समाधान गर्न भन्दै प्रभात अधिकारीको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको थियो । तर, प्रदेश सरकारले गठन भएको दुई महिनासम्म पनि बजेट निकासा नगर्दा समितिले काम गर्न सकेको छैन ।

(विस्तृत पृष्ठ ३)

अर्थ पत्रिका पृष्ठ । ६

आयोजनाको लागत बढाउने बेथिति अन्त्य गर्न प्रधानमन्त्रीको निर्देशन



प्रधानमन्त्री प्रचण्डले आइतबार राष्ट्रिय गौरवका आयोजनाको प्रगतिबारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँगको छलफलमा निर्देशन दिए- 'विकास आयोजनाका काममा हामी सबैले उच्च प्राथमिकता दिनुपर्छ । सरकार, मन्त्रालय र आयोजनाले निर्धारित काम तोकिएको समयमा पूरा नगर्दा आयोजनाको लागत बढ्दै गएको छ । तसर्थ, यो बेथिति अन्त्य गर्न गम्भीरतापूर्वक लाग्नुस् ।'

७६ वर्षपछि आयो राष्ट्रिय बिमा नीति

नेपाल बिमा प्राधिकरणका उपनिर्देशक साम्भराज लामिछानेले भने, 'बिमा नीति कार्यान्वयनमा प्रवेश गरेको छ । अब यसमै आधारित रहेर प्राधिकरणले बिमासम्बन्धी रणनीति बनाउँछ । यो नीतिले बिमा क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउन सहयोग गर्छ ।'



■ संक्रमणकालीन न्यायसम्बन्धी विधेयक

विवादित दुई मुद्दामा सहमति, दुईमा छलफल जारी

थाती दुई विषयबारे सहमतिमै निर्णय गर्न आज पनि संसदीय समिति बस्दै, सहमति नजुटे प्रक्रियाबाट टुंग्याउने तयारी

● **विमला सुवेदी**, सभापति, कानुन, न्याय तथा मानव अधिकार समिति

आइतबार नै टुंग्याउने प्रयास थियो । दुईवटा विषय टुंगिए, अझै दुईवटा बाँकी छन् । भोलि(सोमबार) बिहान बस्ने बैठकबाट सबै विषय सहमतिमा पास गर्ने प्रयास हुनेछ ।



● **धनराज गुरुङ**, कानुनमन्त्री

अब दुईवटा विषय बाँकी रहे । द्वन्द्वकालका घटनामा मेलमिलापका लागि दुई पक्षको स्वतन्त्र सहमति नभए के गर्ने ? एउटा प्रश्न छ । अर्को घटी सजायको व्यवस्था कति प्रतिशत गर्ने भन्ने छ । यो मिलाउन समय दिनुपऱ्यो ।

कमलराज भट्ट/नयाँ पत्रिका

संक्रमणकालीन न्यायसम्बन्धी संशोधित कानुनको मस्यौदामा दलहरू सहमतिनजिक पुगेका छन् । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा दलहरूले थाती चारवटा विषयमध्ये दुईवटा टुंग्याएका हुन् । शीर्ष नेताहरूको 'ग्रिन सिग्नल'पछि समितिमा सहमति जुटेको हो ।

छलफलमा दुईवटा विषयमा सहमति जुटेको र एउटा विषयमा सोमबार थप छलफलबाट निष्कर्षमा पुऱ्याइने सभापति विमला सुवेदीले बताइन् । 'आइतबार नै टुंग्याउने प्रयास थियो । दुईवटा विषय टुंगिए, अझै दुईवटा बाँकी छन् । भोलि(सोमबार)को बैठकबाट सबै विषय सहमतिका साथ पास गर्ने प्रयास हुनेछ,' उनले भनिन् ।

सरकारले २५ फागुनमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभामा दर्ता गरेको थियो । १५ वैशाखमा प्रतिनिधिसभाबाट आएको विधेयक टुंग्याउन कानुन

» पृष्ठ २ मा क्रमशः



संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा सहमति खोज्न आइतबार बसेको प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठक । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ आइतबार सहमति भएका विषय

१ मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक (आर्बिटरी) गरिएको हत्या लेख्ने कि दोहोरो भिडन्तबाहेक गरिएको हत्या भन्ने हो । यो विषयमा समितिले सहमति जुटाएको हो । सत्तापक्षले स्वेच्छाचारीपूर्वक भन्ने शब्द राख्नुपर्ने भनेको थियो भने प्रतिपक्षी एमालेले दोहोरो भिडन्तबाहेक लेख्नुपर्ने भनेको थियो । यसमा एमालेकै प्रस्तावमा नियतवश भन्ने शब्द थपिएको छ ।

२ द्वन्द्वमा संलग्न अयोग्य लडाकु, घाइते, बाल सेनालाई परिपूरणमा कसरी समेट्ने ? यसमा 'घाइते तथा अपांग भएका वा सशस्त्र द्वन्द्वबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित अन्य व्यक्तिलाई आवश्यक राहत र सहयोगसहितको परिपूरण' भन्ने शब्द राख्ने सहमति जुटेको सांसद पूर्णबहादुर घर्तीले बताए ।

■ टुंगिन बाँकी विषय

१ मानव अधिकार उल्लंघनको घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने हो । यसमा भने सहमति जुटेको छैन । एमालेले अदालत जान पाउनुपर्ने भनेर लेख्नुपर्ने जिकिर गरेको छ भने सत्तापक्षले सहमति नभए स्वतः प्रक्रियामा जाने बुझ्नुपर्ने तर्क गरेको छ ।

२ घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोक्ने भन्ने विषय पनि टुंगिएको छैन । यद्यपि, निश्चित प्रतिशत तोक्ने गरी दलीय छलफल साँघुरिएको छ । तर, प्रतिशत कति तोक्ने भन्ने टुंगिन बाँकी छ ।

प्रमुख दलहरूबीच 'अस्वाभाविक' दौडधुप

देउवा, ओली र लामिछानेसँग प्रधानमन्त्रीको भेटघाट, पार्टीका शीर्ष नेतासँग ओलीको परामर्श



● **देव गुरुङ**, महासचिव, माओवादी

टिआरसीलगायत महत्त्वपूर्ण विषय राष्ट्रिय सहमतिमा टुंग्याउनुपर्छ । त्यसका लागि प्रधानमन्त्रीले दलका नेताहरूसँग छलफल गरिराख्नुभएको छ ।



● **प्रदीप ज्ञवाली**, उपमहासचिव, एमाले

मूलतः अहिले प्रधानमन्त्रीकै आग्रहमा भेटघाट भएको हो । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक छिटो टुंग्याउनुपर्छ भन्नेमा हामी पनि छौं । राष्ट्रिय सभा अध्यक्षको सन्दर्भका केही विषय अगाडि बढ्न सक्छन् ।

प्रेम गौतम/नयाँ पत्रिका

राष्ट्रिय सभा अध्यक्षको निर्वाचनको पूर्वसन्ध्यामा प्रमुख दलहरूबीच अस्वाभाविक दौडधुप देखिएको छ । आइतबार दिनभर प्रधानमन्त्री पुष्पकमल

» पृष्ठ २ मा क्रमशः

■ मन्त्रीहरूलाई देउवाले भने-

मन्त्रिपरिषद् पुनर्गठनको दबाब छ, तपाईंहरू तयार रहनुहोला



कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीका तर्फबाट मन्त्री रहेका नेताहरूसँग आइतबार चार घण्टा छलफल गरेका छन् । त्यस क्रममा उनले प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् पुर्नगठन गर्न चाहेको ब्रिफिङ गरेका थिए ।

छलफलमा सहभागी एक मन्त्रीका अनुसार करिब चार घण्टा लामो छलफलमा प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् पुनर्गठन गर्न चाहेको विषय सभापति देउवाले ब्रिफिङ गरेका थिए । 'प्रधानमन्त्रीबाट मन्त्रिमण्डल पुनर्गठनको लागि दबाब छ । त्यसका लागि तपाईंहरू राजीनामा दिन पनि तयार रहनुपर्छ । गठबन्धन सरकार भएकाले प्रधानमन्त्रीजीको पनि मन जित्ने गरी काम गर्नुहोस्,' बैठकमा सभापति देउवाको भनाइ उद्धृत गर्दै ती मन्त्रीले भने । युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूबाहेक आठ मन्त्री बुढानीलकण्ठ पुगेका थिए । यही बैठकका लागि परराष्ट्रमन्त्री एनपी साउदले आइतबार फिनल्यान्ड जाने कार्यक्रम अन्तिम अवस्थामा रद्द गरेका थिए । साउद 'सेकेन्ड युएन एलडिसी फ्युचर फोरम'मा सहभागी हुन उनी आइतबार राति फिनल्यान्ड जाने तयारीमा थिए ।

■ स्यानिटरी प्याड खरिदमा भ्रष्टाचार

तत्कालीन मेयर, उपमेयर र प्रमुख प्रशासकीयसहित नौविरुद्ध मुद्दा

नयाँ पत्रिका

विद्यालय छात्राका लागि स्यानिटरी प्याड खरिद गर्दा भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको सहिदनगर नगरपालिकाका तत्कालीन मेयर, उपमेयर र प्रमुख प्रशासकीय अधिकृतसहित नौविरुद्ध मुद्दा दायर गरेको छ । आर्थिक वर्ष ०७७/७८ मा धनुषाको सहिदनगर नगरपालिकाले ससर्त अनुदानतर्फको बजेटबाट स्यानिटरी प्याड खरिद गर्दा जनप्रतिनिधि, कर्मचारी, विद्यालय र ठेकेदारबीचको मिलेमतोमा १३ लाख ९३ हजार ६८७ रुपैयाँ भ्रष्टाचार भएको दाबी गर्दै अख्तियारले आइतबार मुद्दा चलाएको हो ।

तत्कालीन मेयर उदयकुमार यादव र उपमेयर शिलादेवी कापर, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शत्रुघ्न यादव र लेखापाल लोकबहादुर नेपाली, तत्कालीन जिन्सी शाखा प्रमुख सुदीपकुमार भट्टराई, तत्कालीन स्वास्थ्य संयोजक कपिलदेवप्रसाद अधिकारी, तत्कालीन सबइन्जिनियर सरोजकुमार महतो, श्री माध्यमिक विद्यालय हठ्ठीपुरवाहाका तत्कालीन प्रधानाध्यापक श्रीकृष्ण भिनवार र रेजा ट्रेडिङ प्रालिका प्रोपाइटर एवं रेजा टुडेका प्रकाशक



उदयकुमार यादव
तत्कालीन मेयर



शिलादेवी कापर
तत्कालीन उपमेयर



शत्रुघ्न यादव, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत

अकवर मन्सुरविरुद्ध जनही १३ लाख ९३ हजार ६८७ नै बिगो कायम गरेर मुद्दा दायर भएको छ ।

विनियोजित बजेटबाट स्यानिटरी प्याड खरिदका लागि १९ फागुन ०७७ मा रेजा ट्रेडिङ प्रालिसँग नगरपालिकाले खरिद सम्झौता गरेको थियो । तर, खरिद सम्झौता गर्नुअघि नै १३ फागुनमा भुक्तानी भइसकेको देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । सिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा स्यानिटरी प्याडको आवश्यक संख्या नखुलेको, तर सम्झौता हुनुअगावै र कहींकतै संख्या स्पष्ट नहुँदै रेजा ट्रेडिङले स्यानिटरी प्याड आपूर्ति गरेको देखिएको, सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित भएको भनिएको २२ माघको राष्ट्रिय दैनिक रेजा टुडे पत्रिकामा सहिदनगर नगरपालिकाको कुनै पनि सूचना प्रकाशित भएको नदेखिएको लगायत समस्या अख्तियारले औंल्याएको छ । रेजा ट्रेडिङ प्रालिका प्रोपाइटर एवं उक्त पत्रिकाका प्रकाशकसँगको मिलेमतोमा खरिद कानुनको प्रावधानविपरीत भुक्टा विवरण एवं सूचना तयार गरी गलत कागजातका आधारमा बदनियतपूर्ण ढंगले खरिद सम्झौता एवं १३ लाख ९३ हजार ६८७ भुक्तानी दिने कार्य गरी भ्रष्टाचार गरेको अख्तियारको दाबी छ ।

निजामती सेवा ऐनको विधेयक आज संसद्मा लैजाने तयारी

संघीय निजामती सेवा ऐन संविधान जारी भएसँगै ल्याउनुपर्नेमा २७ माघ ०७५ मा मात्रै प्रतिनिधिसभामा विधेयक पेस भएको थियो, तर संसद् विघटनका कारण अल्झिएको थियो, पछि शेरबहादुर देउवा नेतृत्वको तत्कालीन सरकारले विधेयक नै फिर्ता लियो, पछिल्लो समय विवादका विषयमा सहमति जुटाएर तयार विधेयकले फेरि संसद्मा प्रवेश पाउँदै छ

सोमबार संसद्मा दर्ता गर्ने तयारी छ

विनोदप्रकाश सिंह, सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय



विधेयकमा सामान्य त्रुटि मिलाउने, विधेयकका व्यवस्थाको पुष्ट्याइँ राख्ने, प्रिन्ट गर्नेलगायत काम भइरहेको छ । सोमबार संसद्मा दर्ता गर्ने तयारी छ ।

■ यस्ता छन् विधेयकका प्रमुख व्यवस्था

- तहगत प्रणाली अवलम्बन गरिने
- उमेरहद ६० वर्ष कायम हुने
- प्रदेश सक्षम नहुँदासम्म प्रदेश सचिव संघकै रहने
- आचारसंहिता बनाएर ट्रेड युनियनलाई व्यवस्थित गर्ने
- स्थानीय तहमा समायोजन बिग्रेकालाई मिलाउने
- प्रदेशमा प्रमुख प्रशासकीय अधिकृत संघले पठाउने, तर स्थानीय तहमा भने प्रदेशस्तरीय स्थानीय सेवाबाट प्रदेशले नै गर्ने



संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले विधेयक संसद्मा पेस गर्नेछिन्

- प्रदेश सचिव संघले पठाउने, तर खटनपटन प्रदेशले गर्ने
- प्रदेश प्रमुख सचिव संघकै रहने
- अन्तरपालिका सरुवा प्रदेशले र अन्तरप्रदेश सरुवा संघले गर्ने
- अन्तरतह प्रतिस्पर्धामार्फत प्रदेश र स्थानीय तहका कर्मचारी संघमा आउन पाउने
- विपन्न खसआर्य र थारूलाई पनि आरक्षण, आरक्षणभित्र पनि महिला, पुरुष, अपांगलगायत छुट्याउनुपर्ने ।

सुवास भट्ट/नयाँ पत्रिका

लामो अन्तरालपछि अन्ततः संघीय निजामती सेवा ऐनको विधेयक संघीय संसद् (प्रतिनिधिसभा)मा लैजान लागिएको छ । आज (सोमबार) विधेयक संसद् सचिवायलमा दर्ताका लागि पेस गर्न लागिएको हो ।

ऐनमा समेट्नुपर्ने विवादित विषय राजनीतिक तहबाट समेत टुंग्याएर प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले विधेयक आइतबार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाएको छ । मन्त्रालयका सचिव विनोदप्रकाश सिंहले सोमबार विधेयक संसद्मा पेस गर्ने गरी तयारी गरिएको बताए । 'विधेयकमा सामान्य त्रुटि मिलाउने, विधेयकका व्यवस्थाको पुष्ट्याइँ राख्ने, प्रिन्ट गर्नेलगायत काम भइरहेको छ,' उनले भने, 'सोमबार संसद्मा पेस गर्ने तयारी भएको छ ।' संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले विधेयक संसद्मा पेस गर्नेछिन् ।

२१ भदौको मन्त्रिपरिषद् बैठकले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्तसम्बन्धी विधेयक, २०८० संघीय संसद्मा पेस गर्ने निर्णय गरेको थियो । लामो विवाद र तयारीपछि संसद्मा पेस गर्न सैद्धान्तिक स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गरे पनि विधेयक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमै अल्झिएको थियो । मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृतिको निर्णय भए दुई महिनामा पनि संसद्मा पेस नभएको विधेयक गत १६ कात्तिकमा अधिल्लो अधिवेशन अन्त्य भएसँगै थाती रहन पुगेको थियो ।


दर्ता भएबमोजिम द्रुतगतिमा विधेयक संसद्बाट पारित भए यसले निजामती प्रशासनले व्यहोरिरहेका धेरै समस्याको हल दिनेछ । ०७२ मा नयाँ संविधान जारी भएपछि हालसम्म पनि संघीय

» पृष्ठ २ मा क्रमशः

१६ वर्षपछि चरम खडेरीमा बित्यो यसपालिको हिउँद

■ चरम सुक्खा भोगेका नौ हिँउद

हिउँद (१५ मंसिरदेखि १७ फागुनसम्म)को औसत वर्षा ६०.१ मिलिमिटर हो, तर १९ वर्षयताका नौ हिउँदमा औसतभन्दा पनि निकै कम वर्षा भयो



यम बम/नयाँ पत्रिका

यसपटकको हिउँद (१५ मंसिरदेखि १७ फागुनसम्म) चरम खडेरीमा बितेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार यो हिउँदमा औसत वर्षाको २१ प्रतिशत अर्थात् १२.५ मिलिमिटर मात्र वर्षा भएको छ । जुन पछिल्ला १६ वर्षपछिका हिउँदकै कम वर्षा हो । ०६५ मा ११.८ मिलिमिटर मात्र पानी परेको थियो ।

सुक्खामै बितेको गत वर्षको हिउँदमा १२.९ मिलिमिटर पानी परेको थियो । देशभरका २० वटा मुख्य वर्षा मापन केन्द्रको औसत आँकडाअनुसार हिउँदमा औसत ६०.१ मिलिमिटर

» पृष्ठ २ मा क्रमशः

यसपटक पश्चिमी वायु कम सक्रिय हुँदा कम पानी परेको हो

● **विभूति पोखरेल**, हावापानी विश्लेषण शाखा प्रमुख, मौसम विभाग



सम्भाव्यता हेर्दै औसतभन्दा धेरै वर्षा हुन्छ भनेका थियौं । कम पानी पऱ्यो । यसमा अरू फ्याक्टर जोडिएका होलान्, अध्ययन सार्वजनिक होलान् । यसपटक पश्चिमी वायु कम सक्रिय हुँदा कम पानी परेको हो ।

■ हिउँद सकिएपछि वर्षा



काठमाडौं/ हिउँद सकिएपछि आइतबार पश्चिम हुँदै मध्य नेपालसम्म वर्षा भएको छ । पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावका कारण शनिबार राति र आइतबार हल्कादेखि मध्यम वर्षा भएको हो । सोमबार गण्डकी र कर्णालीका पहाडी भूभागका थोरै स्थान तथा बाँकी प्रदेशका पहाडी भूभागका एक-दुई स्थानमा छिटफुटदेखि हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गंगा नगरकोटीले बताइन् । 'अहिले फैलिएको न्यूनचापीय प्रणाली कमजोर हुँदै गएको छ । सोमबार काठमाडौंमा वर्षाको सम्भावना छैन,' उनले भनिन् । १२ घण्टामा एक सय ५० स्टेसनमध्ये सय स्टेसनमा वर्षा भएको छ । यस अवधिमा सबैभन्दा बढी पानी बैतडीको सतबाँझ क्षेत्रमा २२ मिलिमिटर परेको छ । काठमाडौंको धापड्याम क्षेत्रमा पनि १० मिमिसम्म पानी परेको छ । पूर्वी नेपालको ओखलढुंगा, सोलुखुम्बु, धनकुटा, भोजपुर क्षेत्रमा छिटपुट वर्षा भएको छ । उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपात भएको छ । १८ फागुनदेखि प्रिमनसुन सुरु भए पनि सक्रिय भइसकेको छैन । आइतबार पश्चिमी न्यूनचापीय प्रणालीका कारण वर्षा भएको थियो । प्रिमनसुनमा स्थानीय वायु बढी सक्रिय हुन्छ भने हावाहुरीसहित चट्याङ र वर्षाको सम्भावना हुन्छ ।

रातु नदीमा तत्काल उत्खनन रोक्न सर्वोच्चको आदेश



नयाँ पत्रिका

सर्वोच्च अदालतले महोत्तरी र धनुषा भएर बग्ने रातु नदीमा तत्काल उत्खनन रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ। न्यायाधीश आनन्दमोहन भट्टराईको आइतबारको इजलासले रातु नदीबाट अवैध रूपमा ढुंगा, गिट्टी, बालुवा उत्खननका कारण वातावरणमा प्रतिकूल असर परेको ठहर गर्दै तत्काल उत्खनन रोक्न भनेको हो। साथै, बर्दिवास नगरपालिकासहित विपक्षीलाई १८ चैतभित्र सर्वोच्चमा हाजिर हुन भनिएको छ।

'स्वस्थ र स्वच्छ वातावरण, स्वच्छ जीवन र मानव अधिकारको आधार रहेको सन्दर्भमा नदीजन्य पदार्थको अनियन्त्रित दोहन हुँदा वातावरणीय हानि हुन जाने र त्यसले मानव अधिकारको उपभोगमा पार्ने प्रतिकूल असर र हालको दोहनबाट उक्त (रातु) नदीमा निर्माण गरिएका तटबन्धमा समेत क्षति पुग्ने गएको अवस्थालाई दृष्टिगत गर्दा यस्तो कार्य तत्काल रोक्न आवश्यक देखिएकाले अन्तरिम आदेशका विषयमा टुंगो नलागेसम्मका लागि उत्खननको कार्य तत्काल रोक्नू,' अल्पकालीन आदेशमा भनिएको छ।

रातु नदीमा ढुंगा, गिट्टी, बालुवाको उत्खनन गर्दा संघ, प्रदेश र स्थानीय तहद्वारा निर्मित कुनै पनि मापदण्ड वा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनको अनुसरण नभएको सर्वोच्चले ठहर गरेको छ । 'आजका मितिदेखि नै उत्खनन बन्द गर्नुपर्छ। फेरि पनि उत्खनन गरेमा अदालतको मानहानि मुद्दा जान्छ,' रिट निवेदकका तर्फबाट बहस गरेका अधिवक्ता पदमबहादुर श्रेष्ठले भने।

चुरे क्षेत्रबाट र चुरे क्षेत्र हुँदै बग्ने नदीमा गरिने अनियन्त्रित उत्खननका विषयमा सर्वोच्चको संवैधानिक इजलासले ७ वैशाख ०७९ मा छुट्टै मुद्दामा आदेश जारी गर्दै 'ढुंगा, गिट्टी, बालुवाको निकासीलाई रोक्न र उत्खननको विषयमा समेत वैज्ञानिक अध्ययन र मापदण्ड निर्माण गर्न' भनेको थियो। उक्त विषय पनि सर्वोच्चले स्मरण गराएको छ।

बर्दिबास नगरपालिकाले नियमविपरीत ठेक्का लगाई मापदण्डविपरीत नदीजन्य पदार्थ उत्खनन गरेकाले दोहन रोक्न उत्प्रेषणयुक्त परमादेशको माग गर्दै स्थानीय शंकर महतोसहितले १७ फागुनमा रिट दायर गरेका थिए। रिटमा प्रधानमन्त्री कार्यालय, वन मन्त्रालय, ऊर्जा मन्त्रालय, संघीय मामिला मन्त्रालय, मधेश प्रदेश, मुख्यमन्त्री कार्यालय, राष्ट्रपति चुरे संरक्षण विकास समिति, जिल्ला प्रशासन कार्यालय महोत्तरी, जिल्ला समन्वय समिति, बर्दिबास नगरपालिकासहित १२ निकायलाई विपक्षी बनाइएको थियो। बर्दिबास नगरपालिकाले रातु नदीबाट उत्खननको ठेक्का देव विष्णु कन्ट्रक्सन र राजेश एन्ड ब्रदर्स निर्माण तथा सप्लायर्स दोलखा भीमेश्वरलाई दिएको थियो।

लुम्बिनीमा तेस्रो अन्तर्राष्ट्रिय त्रिपिटक वाचन सुरु

भैरहवामा **दिपेश पछाई**

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले बुद्धको शिक्षा विश्वव्यापी बनाउन ध्यान दिवस घोषणा गराउन पहल गर्ने बताएका छन्। बुद्ध जन्मस्थल लुम्बिनीमा आइतबारदेखि सुरु भएको तेस्रो अन्तर्राष्ट्रिय त्रिपिटक वाचन समारोहमा उनले यसबारे आफूले प्रधानमन्त्रीसँग छलफल गरेर 'इन्टरनेसनल मेडिटेसन डे'का रूपमा घोषणा गर्न संयुक्त राष्ट्रसंघमा प्रस्ताव गर्ने जानकारी दिए। अखिल नेपाल भिक्षु महासंघको आयोजना तथा लुम्बिनी विकास कोषसहित विभिन्न संस्थाको सहआयोजनामा मायादेवी मन्दिर परिसरमा त्रिपिटक वाचन सुरु गरिएको हो।

राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसको लुम्बिनी भ्रमणका अवसरमा काठमाडौंमा भेट हुँदा बुद्धको शिक्षाको मुख्य भागका रूपमा रहेको ध्यान विधिलाई योग दिवसजस्तै गरी अन्तर्राष्ट्रिय ध्यान दिवस घोषणाका लागि सघाउन अनुरोध गरेको श्रेष्ठले सुनाए। 'कुन डे भन्ने छलफल गरौंला, तर मेरो हृदयमा भएको ध्यान दिवसबारे सरकारले प्रस्ताव लैजान्छ,' उनले भने। उनले मेडिटेसनलाई गृह मन्त्रालयले सुरुवात गरिसकेको समेत बताए।

मन्त्री श्रेष्ठले आफ्नो मन्त्रालयले सुशासन र अपराधको क्षेत्रमा काम गर्नुपर्ने दायित्व भएको बताउँदै अब मान्छेलाई स्वरूपान्तरणले मात्रै सुशासन र अपराध न्यूनीकरण गर्ने बताउँदै यसका लागि ध्यान नै उपयोगी हुने बताए। 'गृह मन्त्रालयमा १५ मिनेट ध्यान गरेर मात्रै काम गर्ने अभियान सुरुवात नै गरिसकेका छौं । अब कारागारमा पनि ध्यान विधि सुरुवात गराउने अभियानमा छौं,' उनले भने।

बुद्धले शान्ति र मानव जीवनलाई अगाडि बढाउन 'आफैंलाई हेर र फेर' भन्ने शिक्षा दिएकाले त्यसलाई आत्मसात् गर्नुपर्ने गृहमन्त्री श्रेष्ठको आग्रह छ। त्रिपिटक गौतम बुद्धको शिक्षाको भण्डार भएको उनले बताए। विनयपिटक, सुत्तपिटक र अभिधम्म पिटकले अनुशासन, नियम र बुद्धका शिक्षाको सन्देशलाई बुझाउने भएकाले यसलाई सबैले बुझ्ने गरी नेपालीमा समेत प्रकाशन गर्न आवश्यक रहेको श्रेष्ठले बताए। त्रिपिटक प्रकाशनका लागि सरकारका तर्फबाट समेत आफूले सहयोग गर्ने उनले बताए। लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले बुद्धको दर्शन र विचारलाई विश्वले अंगीकार गरेकाले त्यसलाई फैलाउन त्रिपिटकजस्तो कार्यक्रमले ठूलो सहयोग गर्ने बताए। उनले त्रिपिटकमा बुद्धका ज्ञान र शिक्षाहरूको संग्रह भएकाले यस्ता कार्यक्रम प्रत्येक जिल्ला र प्रदेशमा गर्नुपर्ने विचार राखे।

अमरज्योति बचत तथा ऋण सहकारी संस्था लि. को ऋण चुक्ता गर्न आह्वान गरिएको र चुक्ता नगरेमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्न डाँक बढाबढ सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८०/११/२१)

यस सहकारीबाट ऋण लिएका तपसिल बमोजिमका सदस्यहरूले म्यादभित्र ऋण चुक्ता नगरी लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋण चुक्ता नभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थामा सम्पर्क गरी सम्पूर्ण सावाँ, ब्याज र जरिवाना समेत चुक्ता गरी धितो राखिएको सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित सदस्यहरूलाई जानकारी गराइन्छ । सूचना जारी भएको मितिले ३५ दिनभित्र ऋण चुक्ता नभएमा सहकारी ऐन, २०७४ को दफा ७९ एवं सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम धितोमा राखिएको सम्पत्ति लिलाम बिक्री गर्नका लागि मिति २०८१ वैशाख १३ गते बिहान १०:३० बजेदेखि दिउँसो ४:०० बजेसम्म संस्थाको कार्यालयमा डाँक बढाबढ गरिने छ । धितोमा राखिएको सम्पत्ति लिलामीबाट पनि ऋण असुल नभएमा ऋणी तथा ऋणीका परिवारको नाममा रहेको चल/अचल श्रीसम्पत्तिहरूबाट बाँकी रकम असुलउपर गरिने व्यहोरा समेत सूचित गरिन्छ । धितोमा रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरूलाई डाँक बढाबढमा भाग लिन समेत यसै सूचनाबाट अनुरोध गरिन्छ । डाँक बढाबढमा भाग लिने प्रक्रिया सम्बन्धमा संस्थाको कार्यालयबाट जानकारी लिन सकिने छ ।

ऋणीको विवरण

क्र.सं.	ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
१.	**नामः रिता बन्जारा** (ना.प्र.नं.१०३३६१, ललितपुर) बाबुः रामहरि बन्जारा पतिः गोपालप्रसाद दुलाल ससुराः भोगप्रसाद दुलाल	भोगप्रसाद दुलालकी बुहारी, गोपालप्रसाद दुलालकी पत्नी रिता बन्जाराको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेस्ता रहेको ललितपुर जिल्ला साबिक चापागाउँ ५ स्थित कि.नं. १४८३, १४८२ र १४८५ को क्षेत्रफल क्रमशः ०-१-०-१ (रोपनी), ०-३-१-३ (रोपनी) र ०-०-२-३ (रोपनी) जग्गा ।
२.	**नामः गोपालप्रसाद दुलाल** (ना.प्र.नं.७८९९६, ललितपुर) बाबुः भोगप्रसाद दुलाल बाजेः केदारनाथ दुलाल	भोगप्रसाद दुलालकी बुहारी, गोपालप्रसाद दुलालकी पत्नी रिता बन्जाराको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेस्ता रहेको ललितपुर जिल्ला साबिक चापागाउँ ५ स्थित कि.नं. १४८३, १४८२ र १४८५ को क्षेत्रफल क्रमशः ०-१-०-१ (रोपनी), ०-३-१-३ (रोपनी) र ०-०-२-३ (रोपनी) जग्गा ।
३.	**नामः उत्तमप्रसाद कायस्थ** (ना.प्र.नं.२७-०१-७१-०९३१३, काठमाडौं) बाबुः लक्ष्मीप्रसाद कायस्थ बाजेः ज्ञानबहादुर कायस्थ	ज्ञानबहादुर कायस्थका नाति, लक्ष्मीप्रसाद कायस्थका छोरा उत्तमप्रसाद कायस्थको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता रहेको भक्तपुर जिल्ला साबिक नंखेल १ स्थित कि.नं. ३३४४ र ३३४९ को क्षेत्रफल क्रमशः ०-४-३-२ (रोपनी) र ०-६-३-१ (रोपनी) जग्गा ।
४.	**नामः नर्वदा अमात्य कायस्थ** (ना.प्र.नं.५५३२८, मोरङ) बुबाः सिद्धिलाल अमात्य पतिः उत्तमप्रसाद कायस्थ ससुराः लक्ष्मीप्रसाद कायस्थ	ज्ञानबहादुर कायस्थका नाति, लक्ष्मीप्रसाद कायस्थका छोरा उत्तमप्रसाद कायस्थको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता रहेको भक्तपुर जिल्ला साबिक नंखेल १ स्थित कि.नं. ३३४४ र ३३४९ को क्षेत्रफल क्रमशः ०-४-३-२ (रोपनी) र ०-६-३-१ (रोपनी) जग्गा ।
५.	**नामः अंशु कायस्थ** (ना.प्र.नं.११६८७, काठमाडौं) बुबाः उत्तमप्रसाद कायस्थ बाजेः लक्ष्मीप्रसाद कायस्थ	ज्ञानबहादुर कायस्थका नाति, लक्ष्मीप्रसाद कायस्थका छोरा उत्तमप्रसाद कायस्थको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता रहेको भक्तपुर जिल्ला साबिक नंखेल १ स्थित कि.नं. ३३४४ र ३३४९ को क्षेत्रफल क्रमशः ०-४-३-२ (रोपनी) र ०-६-३-१ (रोपनी) जग्गा ।
६.	**नामः सुप्रभा श्रेष्ठ** (ना.प्र.नं.२९३००१/८१७, भक्तपुर) बुबाः सूर्यप्रसाद श्रेष्ठ पतिः अमित कायस्थ ससुराः उत्तमप्रसाद कायस्थ	ज्ञानबहादुर कायस्थका नाति, लक्ष्मीप्रसाद कायस्थका छोरा उत्तमप्रसाद कायस्थको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता रहेको भक्तपुर जिल्ला साबिक नंखेल १ स्थित कि.नं. ३३४४ र ३३४९ को क्षेत्रफल क्रमशः ०-४-३-२ (रोपनी) र ०-६-३-१ (रोपनी) जग्गा ।

अमरज्योति बचत तथा ऋण सहकारी संस्था लि.
सूर्यविनायक ४, दधिकोट, भक्तपुर
फोन : ०१-६६३०३२३

विवादित दुई...

पृष्ठ १ बाट क्रमशः

समितिले ५ जेठमा उपसमिति गठन गरेको थियो। २० असोजमा प्रतिवेदन मूल समितिलाई बुझाएको उपसमितिले चारवटा विषय टुंग्याउन सकेको थिएन।

टुंगिन बाँकी पहिलो विषय हो, मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक (आर्बिटरी) गरिएको हत्या लेख्ने कि दोहोरो भिडन्तबाहेक गरिएको हत्या भन्ने हो। यो विषयमा समितिले सहमति जुटाएको हो। सत्तापक्षले स्वेच्छारीपूर्वक भन्ने शब्द राख्नुपर्ने भनेको थियो भने प्रतिपक्षी एमालेले दोहोरो भिडन्तबाहेक लेख्नुपर्ने भनेको थियो। यसमा एमालेकै प्रस्तावमा नियतवश भन्ने शब्द थपिएको छ।

एमाले सचेतक महेश बर्तौलाले कानुन पीडितमैत्री बनाउन नियतवश स्वेच्छाचारी रूपमा लेख्न प्रस्ताव गरेकोमा समितिले स्वीकार गरेको हो। माओवादीका पूर्णबहादुर घर्ती नियतवश स्वेच्छाचारीपूर्वक लेख्दा उपयुक्त हुने र कांग्रेसका रमेश लेखकले स्वेच्छाचारी र नियतवश शब्दमा तात्त्विक भिन्नता नभएकाले राख्दा उपयुक्त नै हुने धारणा राखेपछि यो समितिबाट टुंगिएको हो।

टुंगिन नसकेको दोस्रो विषय हो, मानव अधिकारको उल्लंघनको घटनामा मेलमिलापको लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने हो। यसमा भने सहमति जुटेको छैन। एमालेले अदालत जान पाउनुपर्ने भनेर लेख्नुपर्ने जिकिर गरेको छ भने सत्तापक्षले सहमति नभए स्वतः प्रक्रियामा जाने बुझ्नुपर्ने तर्क गरेको छ। 'पीडितले स्वतन्त्र सहमति दिएन भने समस्याले जटिल रूप लिन सक्छ। कुनै हालतमा मिल्दैन भने पीडितले अदालत जान पाउने बाटो दिनुपर्छ,' एमाले सचेतक बर्तौलाले भने, 'न्यायका लागि पीडितले निवेदन लिएर टिआरसीमा लागि गठित विशेष अदालत जाने बाटो खोलौं।'

तर, माओवादी सांसद घर्ती पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने लेख्दा सहमति नै नहुने तर्क गर्छन्। 'पीडितको स्वतन्त्र सहमति नभएमा अन्त कहीं पनि जान नपाइने बाध्यात्मक कुनै व्यवस्था भए फुकाउनुपर्छ। यदि बाध्यात्मक अवस्था छैन भने सहमति नभएपछि स्वतः जाने कुरा त भइहाल्यो। फेरि अर्को विकल्पमा जाने कुरा लेख्दा बाहिर एउटा पंक्ति त्यसैको खेती गर्छ, बाहिर खेल्ने ठाउँ हुन्छ। सहमतितिर जाँदै जाँदैन। फेरि पनि असहमतितिर जाने, बार्गेनिङतिर जाने हुन्छ। त्यसैले खेल्ने ठाउँ नदिऊँ,' उनले भने।

कांग्रेस प्रमुख सचेतक लेखकले स्वतन्त्र सहमतिलाई विधेयकमा स्पष्ट राखिएको भन्दै नभए के गर्ने भन्ने नराख्दा नै उपयुक्त हुने जिकिर गरे। यो बुँदामा सहमति जुटाउन शीर्ष तहमा अनौपचारिक छलफल भइरहेको छ भने समितिले सोमबार बिहान ८ बजे बैठक बोलाएको छ। टुंगिन बाँकी तेस्रो विषय हो, द्वन्द्वमा संलग्न अयोग्य लडाकु, घाइते, बाल सेनालाई परिपूरणमा कसरी समेट्ने ? यसमा 'घाइते तथा अपांग भएका वा सशस्त्र द्वन्द्वबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित अन्य व्यक्तिलाई आवश्यक राहत र सहयोगसहितको परिपूरण' भन्ने शब्द राख्ने सहमति जुटेको सांसद घर्ती बताउँछन्।

चौथो, घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोक्ने भन्ने विषय पनि टुंगिएको छैन। यद्यपि, निश्चित प्रतिशत तोक्ने गरी दलीय छलफल साँघुरिएको छ। तर, प्रतिशत कति तोक्ने भन्ने टुंगिन बाँकी छ।

एमालेले संक्रमणकालीन न्यायको मुद्दामा ३३ देखि ६६ प्रतिशत तोक्न प्रस्ताव गरेको छ भने कांग्रेस र माओवादीले न्यूनतम विन्दुमा समझदारीमा पुग्नुपर्ने धारणा राखेका छन्। 'एउटा सीमा तय गरेर प्रतिशत तोकौं। फौजदारी कार्यविधि संहितामा २५ देखि ५० प्रतिशत घटाएर मागदाबी गर्ने ठाउँ दिएको छ। संक्रमणकालीन न्यायको मुद्दामा ३३ देखि ६६ प्रतिशत गरौं,' एमाले सचेतक बर्तौलाले भने।

माओवादी सांसद घर्ती भन्छन्, 'दुईवटा बनाउनुभन्दा एउटा न्यूनतम कति प्रतिशतसम्म घटी सजाय गर्ने भन्नेबारेमा अन्डरस्ट्यान्डिङ गरौं न भन्ने हिसाबले सहमतिनजिक छ। प्रतिशतमा निष्कर्षमा पुग्छौं।' कांग्रेस प्रमुख सचेतक लेखकले अभियोजनकर्ताको स्वविवेक वा न्यायोचित प्रतिशत राखेर जान सकिने धारणा राखे।

कानुनमन्त्रीले मागे समय

टिआरसी विधेयक आइतबार नै टुंग्याउने कानुन समितिको तयारी थियो। प्रधानमन्त्री र विपक्षी दलका नेताबीच पास गर्ने सहमति पनि भएको थियो। कानुनमन्त्री र दलका सचेतकहरूले गृहकार्य पनि गरेका थिए। तर, समितिमा दुईवटा विषयमा कुरा मिलेन। खासगरी पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने विषयमा सत्ता र प्रतिपक्षबीच चर्को मत भिन्नता रह्यो। कुरा नमिल्ने भएपछि कानुनमन्त्री धनराज गुरुङले थप छलफल गर्न भन्दै समय मागेपछि बैठक स्थगित भयो।

सदनमा प्रधानमन्त्रीको जवाफ आज

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आज (सोमबार) प्रतिनिधिसभा बैठकमा जवाफ दिने भएका छन्। प्रमुख प्रतिपक्षी एमालेसहित विपक्षी दलहरूले विभिन्न काण्डमा मुछिएका मन्त्रीहरूको राजीनामा मागेर संसद्मा अवरोध गरेपछि सभामुख देवराज घिमिरेले यस विषयमा स्पष्ट पार्न सरकारलाई रुलिङ गरेका छन्। सभामुखको रुलिङपछि कार्यव्यवस्था तथा परामर्श समिति बैठकमा प्रधानमन्त्री प्रचण्डले शुक्रबार जवाफ दिने तय भए पनि कार्यव्यस्तताका कारण आइतबार सारिएको हो। प्रधानमन्त्री कार्यालयका सचिव गणेशप्रसाद पाण्डेयका अनुसार सोमबार बिहान ११ बजे बस्ने प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री प्रचण्डले जवाफ दिनेछन्।

विपक्षी दलहरूले बालकुमारी घटनामा सरकारी प्रतिवेदनबाटै दोषी देखिएको भन्दै भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाको राजीनामा वा बर्खास्तको माग गरेका छन्, यसमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि नैतिक जिम्मेवारी लिनुपर्ने उनीहरूको माग छ। त्यसैगरी टेरामक्स खरिद अनियमिततामा अख्तियारमा बयान दिन गएका स्वास्थ्यमन्त्री मोहन बस्नेतको राजीनामा विपक्षी दलहरूले मागेका छन् भने लुम्बिनी रामग्राम जग्गा लिज प्रकरणमा पर्यटनमन्त्री सुदन किराँतीको पनि राजीनामा मागेका छन्। भ्रष्टाचार काण्डमा मुछिएका मन्त्रीहरू राखेर प्रधानमन्त्रीले सुशासनको नारा लगाएको भन्दै एमालेले यस विषयमा प्रस्ट पार्न माग गर्दै पछिल्ला दिनमा संसद्मा अवरोध गरिरहेको छ। अवरोधका कारण सदन नियमित कार्यसूचीमा प्रवेश गर्न सकेको छैन। क्यालेन्डरबाट निर्धारित प्रिबजेट छलफल पनि प्रभावित भएको छ। विपक्षीको मागका विषयमा स्पष्ट पार्न सभामुख घिमिरेले चारपटक सरकारलाई रुलिङ गरिसकेका छन्।

प्रमुख दलहरूबीच...

पृष्ठ १ बाट क्रमशः

दाहाल प्रचण्डको सरकारी निवास बालुवाटार, कांग्रेस सभापति शेरबहादुर देउवानिवास बुढानीलकण्ठ र एमाले अध्यक्ष केपी ओलीनिवास बालकोट सक्रिय देखिएका छन्। संसद्मा विचाराधीन संक्रमणकालीन न्यायसम्बन्धी विधेयकबारे प्रधानमन्त्रीले छलफल गरेको उनको सचिवालयले बताएको छ।

खास गरेर मन्त्रिपरिषद् पुनर्गठन र राष्ट्रिय सभा अध्यक्ष निर्वाचनलाई लिएर सत्तागठबन्धनबीच तनाव देखिएका वेला पछिल्लो दौडधुपमा एमाले अध्यक्ष ओली र रास्वपा सभापति लामिछाने सक्रिय देखिएका छन्। दलहरूका यस्ता दौडधुप सत्ता समीकरणमा हेरफेर हुँदा देखिने गरेको विगत छ।

आन्तरिक छलफलमा जुटेका प्रमुख दलका शीर्ष नेताले द्विपक्षीय संवाद पनि गरेका छन्। प्रधानमन्त्री प्रचण्डले आइतबार कांग्रेस सभापति देउवा, एमाले अध्यक्ष ओली र रास्वपा सभापति रवि लामिछानेसँग छलफल गरेका छन्। प्रधानमन्त्री प्रचण्डको ओली र लामिछानेसँग बिहान र साँझ दुईपटक छलफल भएको छ। सुरुमा देउवासँग छलफल गरेका प्रधानमन्त्रीले ओलीसँग पनि छलफल गरेका थिए। संक्रमणकालीन न्यायसम्बन्धी विधेयक अघि बढाउन प्रधानमन्त्रीले सक्रियता बढाएको उनको सचिवालयको दाबी छ। संसदीय समितिमा विचाराधीन संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमाथि केन्द्रित रहेर छलफल भएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए। 'संसद्मा विचाराधीन संक्रमणकालीन न्यायसम्बन्धी विधेयकबारे प्रधानमन्त्रीले छलफल गर्नुभएको हो,' आचार्यले भने।

दलहरूबीच सहमति नजुट्दा उक्त विधेयक संसद्को कानुन, न्याय तथा मानव अधिकार समितिमा लामो समयदेखि अड्किएको छ। माओवादी महासचिव देव गुरुङले राष्ट्रिय सहमतिका आधारमा टिआरसी विधेयकलगायत महत्त्वपूर्ण विषय टुंग्याउनुपर्ने बताए। 'टिआरसीलगायत महत्त्वपूर्ण विषय राष्ट्रिय सहमतिमा टुंग्याउनुपर्छ। त्यसका लागि प्रधानमन्त्रीले दलका नेताहरूसँग छलफल गरिराख्नुभएको छ,' उनले भने।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक २५ फागुन ०७९ मा प्रधानमन्त्री प्रचण्डले संसद्मा दर्ता गरेका थिए। विधेयकमा सहमति जुटाउन भन्दै गत ५ जेठमा दलीय आधारमा ११ सदस्यीय उपसमिति गठन गरिएको थियो। तर, अझै सहमति जुट्न सकेको छैन।

शीर्ष नेताहरूको छलफलको असहमतिका चार बुँदामध्ये दुईवटामा समितिमा सहमति जुटेको छ। मानव अधिकारको गम्भीर उल्लंघन भन्नाले सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वरत पक्षले गरेको जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसा, नियतवश स्वेच्छाचारी रूपमा गरिएको हत्या, व्यक्ति बेपत्ता पार्ने कार्य अथवा अमानवीय वा क्रूर यातनालाई बुझाइने, पीडितले काबुबाहिरको अवस्था रहेको कारण खुलाएर तीन महिनासम्म उजुरी दिन सकिनेमा सहमति जुटेको छ।

सशस्त्र द्वन्द्वका क्रममा जोडिएका र प्रभावित व्यक्तिहरूलाई समान रूपमा परिपूरणको व्यवस्था गर्ने सहमति पनि भएको छ। मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा र घटी सजायका सम्बन्धमा के गर्ने भन्नेमा सहमति जुटाउन बाँकी छ। शीर्ष नेताहरूको सहमतिको आधारमा समितिको आगामी बैठकमा सहमति गरेर विधेयक अगाडि बढाउने तयारी छ।

एमाले अध्यक्ष ओलीले पनि पार्टीका नेताहरूसँग आन्तरिक छलफल गरेका छन्। वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहितका नेताहरूसँग ओलीले बालकोटमा छलफल गरेका हुन्। पार्टीका नेताहरूसँगको छलफलपछि ओली पुनः प्रधानमन्त्रीलाई भेट्न बालुवाटार गएका थिए।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले संक्रमणकालीन न्यायसम्बन्धी विधेयककै विषयमा छलफल केन्द्रित रहेको बताए। 'बाहिर आएका कुरा हल्ला नै हुन्। एमालेलाई र मुलुकलाई रोक्नका लागि यो गठबन्धन बनेको हो। जसले गठबन्धन बनायो, जोगाउन पनि सुरु भइसकेको छ,' उनले भने, 'मूलतः अहिले प्रधानमन्त्रीकै आग्रहमा भेटघाट भएको हो। संक्रमणकालीन न्यायसम्बन्धी विधेयक छिटो टुंग्याउनुपर्छ भन्नेमा हामी पनि छौं।'

राष्ट्रिय सभा अध्यक्षको विषयमा थप छलफल हुन सक्ने उनले बताए। कांग्रेस र माओवादी एकले अर्कालाई गलाउने प्रयासमा रहेको उनले दाबी गरे। 'अहिले एकले अर्कालाई गलाउने काम भएकोजस्तो बुझिन्छ। राष्ट्रिय सभा अध्यक्षको सन्दर्भका केही विषय अगाडि बढ्न सक्छन्,' ज्ञवालीले भने, 'विगतका घटनाक्रमले सत्तारुढ गठबन्धन तत्काल परिवर्तन भइहाल्ला भन्ने विश्वास गर्ने ठाउँ छैन। मुख्यतः आफ्नै खुट्टामा उभिने कि नउभिने भन्ने हो।'

निजामती सेवा...

पृष्ठ १ बाट क्रमशः

संरचनाअनुरूपको छाता प्रशासनिक कानुन बन्न सकेको छैन। विधेयकको प्रक्रिया अघि नबढ्दा स्थानीय तहका कर्मचारी आन्दोलितसमेत भए। तत्काल ऐन जारी गर्न माग गर्दै स्थानीय तहका कर्मचारीहरूले केन्द्रीय संघर्ष समिति नै गठन गरेर गत असोजदेखि आन्दोलन थालेका थिए।

ऐन जारी गर्न स्थानीय तह र प्रदेशहरूको प्रमुख चासो

संघीय निजामती सेवा ऐन नहुँदा प्रशासनिक व्यवस्थापन र सेवाप्रवाहसमेत प्रभावित हुँदै आएको छ। छाता निजामती कानुन नहुँदा त्यसले सेवाप्रवाह र सेवा सुनिश्चिततामा अन्योल भएको भन्दै सीघ्र गतिमा जारी गर्न खासगरी प्रदेश र स्थानीय तहहरूले माग गर्दै आएका छन्।

गत २४ माघमा सिंहदरवारमा बसेको राष्ट्रिय समन्वय परिषद्को दोस्रो बैठकमा प्रदेशका मुख्यमन्त्रीहरूले संघीय निजामती सेवा ऐन नहुँदा त्यसले काममा असहजता थपेको गुनासो एकैस्वरमा परिषद्का अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' समक्ष गरेका थिए। अहिले अधिकांश प्रदेशहरूले आफ्नै निजामती कर्मचारी ऐन बनाएर काम थालिसकेका छन्। तर, संघले छाता कानुन नदिँदा त्यसमा संघीय मामिला जोडिएका विषयमा प्रदेशहरूले असहजता खेप्दै आएका छन्। परिषद्को त्यसअघि १६ असारमा बसेको पहिलो बैठकमा पनि मुख्य मन्त्रीहरूले ऐनको विषयलाई जोडतोडका साथ उठाएका थिए। परिषद्को पछिल्लो बैठकमा प्रधानमन्त्री प्रचण्डले संघीय निजामती सेवा ऐन र प्रहरी समायोजन ऐन जारी गर्न उपप्रधानमन्त्रीलाई जिम्मेवारी तोकेर काम थालेको बताएका थिए।

सरकारले विभिन्न समयमा ऐन ल्याउने प्रयास गरे पनि प्रस्तावित व्यवस्थाहरूमा विवाद हुँदा हालसम्म जारी हुन सकेको छैन। यसअघि संसद्मा पुगेको विधेयक सरकारले कहिले फिर्ता लिने त कहिले संसदीय समितिले सहमति जुटाइसकेको विधयेक पनि निष्क्रिय हुन पुगेका थिए।

साढे आठ वर्षदेखि यस्ता विवादमा अल्झियो विधेयक

०७२ मा संविधान जारी भएसँगै संघीय निजामति सेवा ऐन ल्याउनुपर्ने थियो। तर, वभिन्न स्वार्थ समूहको चलखेल र राजनीतिक उदासीनताले ऐनमा ढिलाइ हुँदै आएको छ।

संघीय संरचनामा निजामती सेवाका कर्मचारीको व्यवस्थापन गर्ने सम्बन्धमा नयाँ कानुनको आवश्यकता खट्किन थालेपछि सरकारले ०७५ मा आएर मात्रै ऐनको तयारी अघि बढायो। निकै ढिला गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा तयार गरेर पठाएको विधेयक २७ माघ ०७५ मा प्रतिनिधिसभामा पेस गरेको थियो। विधेयकमाथि दफावार छलफलका लागि प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पठाइएको थियो। त्यहाँ छलफल भएर अघि बढ्न झन्डै दुई वर्ष लाग्यो।

विवादबीच १५ असार ०७७ मा समितिले विधेयक पारित गरेर प्रतिनिधिसभामा पठायो। तर, कहिले संसद् विघटनदेखि संसद्को कार्यकाल अन्त्य हुँदासम्मका विभिन्न अवस्था गुज्रिने क्रममा बीचमा सरकारले विभिन्न पटक अध्यादेशमार्फत् ऐन ल्याउने प्रयत्न गरेको थियो। मुलभुत विषयमा सहमति जुट्न नसक्दा संसद् वा अध्यादेशबाट ऐन ल्याउने प्रयत्न सफल भएन।

पछिल्लोपटक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालय र कानुन मन्त्रालयसहितको सहमति लिएर ऐन जारी गर्ने प्रक्रियाका लागि विधयेकको मस्यौदा मन्त्रिपरिषद्मा पेस गरेको थियो। तर, मस्यौदामा प्रस्तावित विषयमाथि कर्मचारीका विभिन्न तहबाट आन्दोलन भए। विवादित विषयहरू टुंग्याएर विधेयकलाई सर्वस्वीकार्य बनाउन सरकारले गत २० वैशाखमा उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गर्ने निर्णय गरेको थियो। समितिमा कानुनमन्त्री, अर्थमन्त्री, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री र उक्त मन्त्रालयका सचिव सदस्य थिए। समितिले विवादित विषय टुंग्याएर प्रतिवेदन बुझाएपछि २१ भदौको मन्त्रिपरिषद् बैठकले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्तसम्बन्धी विधेयक, २०८० संघीय संसद्मा पेस गर्ने निर्णय गरेको थियो। यसबीचमा सहमतिका लागि पठाइएकामा लोकसेवा आयोगले पनि केही नमिलेका विषयमा आफ्नो रायसहित भदौ दोस्रो साता विधेयक सरकारलाई फिर्ता पठाएको थियो। यी आवश्यक सबै प्रक्रिया पूरा गरेर मन्त्रिपरिषद्ले विधयेक संसद्मा पठाउने निर्णय गरेको थियो।

ऐनमा खासगरी स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संघको हुने कि प्रदेशको, प्रदेश सचिव प्रदेशकै रहने कि संघको, कर्मचारीका सेवा सुविधा, वृत्तिविकास, ट्रेड युनियन, सरुवा, बढुवालगायतका विषय विवादित छन्।

विवादित विषयमा मध्यमार्गी बाटो

विवादित विषयलाई टुंग्याएर विधेयक अघि बढाइएको छ। अधिकांश विवादित विषयमा विधेयकले मध्यमार्गी बाटो अवलम्बन गरेर सहमतिको प्रयत्न गरिएको छ।

विधेयकले निजामती सेवामा तहगत प्रणाली अवलम्बन गर्ने व्यवस्था गरेको छ। हाल निजामती सेवामा तह र श्रेणी दुवै प्रणाली छ। संघकै स्वास्थ्य सेवा तथा प्रदेश र स्थानीय तहमा तहगत प्रणाली छ भने संघका अन्य सेवामा श्रेणीगत व्यवस्था छ। यसमा एकरुपता ल्याउन वैज्ञानिक मानिएको तहगत प्रणाली अंगाल्ने व्यवस्था विधेयकमा गरिएको छ।

त्यस्तै, कर्मचारीको उमेरहद ६० वर्ष कायम गरिएको छ। हाल निजामती कर्मचारीको उमेरहद ५८ वर्ष छ। त्यस्तै, प्रदेश सक्षम नहुँदासम्म प्रदेश सचिव संघकै रहने व्यवस्था गरिएको छ। अहिले अधिकांश प्रदेशले प्रदेश सचिव आफैंले बढुवा गर्ने अभ्यास थालिसकेका छन्। प्रदेशले आफैं प्रदेश सचिवको व्यवस्थापन गर्न नसक्दासम्ममात्र संघले पठाउने व्यवस्था विधेयकले गरेको छ।

त्यस्तै, आचारसंहिता बनाएर ट्रेड युनियनहरूलाई व्यवस्थित गर्ने मध्यमार्ग विधेयकले अपनाएको छ। यसअघिका कतिपय विधेयकमा ट्रेड युनियन खारेज गर्नेसम्मका व्यवस्था गरिएका थिए। स्थानीय तहमा समायोजन बिग्रेकाहरूलाई मिलाउने व्यवस्था पनि विधेयकमा छ।

यसैगरी प्रमुख प्रशासकीय अधिकृतका लागि कर्मचारी संघले प्रदेशमा पठाउने, तर स्थानीय तहमा खटनपटन भने प्रदेश स्तरीय स्थानीय सेवाबाट प्रदेशले नै गर्ने व्यवस्था गरिएको छ। प्रदेश सचिवको हकमा पनि यही व्यवस्था अवलम्बन गरिएको छ। प्रमुख सचिव भने संघकै रहनेछन्।

अन्तरपालिका सरुवा प्रदेशले गर्ने र अन्तरप्रदेश सरुवा संघले गर्ने व्यवस्था विधेयकमा छ। अन्तरतह प्रतिस्पर्धामार्फत् प्रदेश र स्थानीय तहका कर्मचारी संघमा आउन पाउने अवसर पनि विधेयकले दिएको छ। यसबाट विज्ञापनको १० देखि २० प्रतिशत तोकिएको छ। विपन्न खसआर्य र थारुलाई पनि आरक्षणको व्यवस्था गरिएको छ। तर, उक्त आरक्षणभित्र पनि महिला, पुरुष, अपांग लगायत छुट्याउनुपर्ने व्यवस्था विधेयकमा छ।

१६ वर्षपछि...

पृष्ठ १ बाट क्रमशः

(वार्षिक वर्षाको तीन प्रतिशत) पानी पर्नुपर्ने हो।

यसपटकको हिउँद देशव्यापी ७९ प्रतिशत हाराहारी सुक्खा रहेकामा मध्य र पूर्वी नेपालमा भने झन्डै शतप्रतिशत खडेरी रह्यो। सरदर वर्षाको ७५ प्रतिशतभन्दा कम भएमा खडेरीको अवस्था हुन्छ भने जम्मा सरदर वर्षाको २१ प्रतिशत मात्र वर्षा हुनु भनेको अधिक खडेरीको अवस्था हो। मापन केन्द्रहरूको सरदर वर्षासँग तुलना गर्दा भैरहवा, सिमरा, जनकपुर, विराटनगर, धरान र ताप्लेजुङ क्षेत्रमा पाँच प्रतिशत पनि पानी परेको छैन। धनकुटा त हिउँदभर शतप्रतिशत खडेरीमै बितेको छ।

काठमाडौं पनि १९ माघसम्म अत्यधिक खडेरीमा बित्यो। तर, त्यसपछि भने केही सुधार भएर १९ प्रतिशत हाराहारी पानी परे पनि खडेरी नै रह्यो। सबैभन्दा बढी वर्षा जिरी क्षेत्रमा भएको छ। त्यहाँ सोही स्टेसनको हिउँदे अवधिको औसत वर्षाको ५५ प्रतिशत हाराहारी पानी परेको छ। जिरीमा पनि ३ माघसम्म पानी पर्न सकेको थिएन, त्यसपछि भने सुधार भएको हो।

उच्च हिमाली क्षेत्रमा कात्तिक अन्तिमदेखि र उच्च पहाडी तथा हिमाली क्षेत्रमा मंसिरदेखि नै हिमपात हुने भए पनि यसपटक खासै हिमपात भएन। माघ र मध्य फागुनमा केही क्षेत्रमा मात्रै हिमपात भएको छ।

विभागले यसपटकको हिउँदमा औसतभन्दा धेरै वर्षा हुने आकलन गरे पनि ठीक उल्टो भइदिएको छ। एलिनो (प्रशान्त महासागरको पूर्वीतटीय क्षेत्र औसतभन्दा तातो हुनु) हुँदा नेपालमा हिउँदमा औसतभन्दा धेरै वर्षा हुने ठानिन्छ। 'सम्भाव्यता हेरेरै औसतभन्दा धेरै वर्षा हुन्छ भनेका थियौं। कम पानी पऱ्यो। यसमा अरू फ्याक्टर जोडिएका होलान्, अध्ययन सार्वजनिक होलान्,' विभागको हावापानी विश्लेषण शाखा प्रमुखसमेत रहेकी मौसमविद् विभूति पोखरेलले भनिन्, 'यसपटक पश्चिमी वायु कम सक्रिय हुँदा कम पानी परेको हो।' तर, हिउँदे वर्षा कुनै वर्ष कम र कुनै वर्ष धेरै हुने प्रक्रिया नै रहेको उनले बताइन्।

नेपालमा यस वर्ष बर्खामा पनि कम पानी परेको थियो। मनसुन भनिने बर्खा अवधिमा औसत एक हजार ४७२ मिलिमिटर पानी पर्ने भए पनि यसपटक एक हजार ३०३ मिमि (८८.५ प्रतिशत) मात्र पानी परेको थियो। त्यसपछि पोस्ट मनसुन भनिने अवधि (हिउँदअघि) पनि औसतभन्दा कम वर्षा भएको थियो।

०६२ यताका ६ हिउँदमा मात्र औसतभन्दा धेरै वर्षा, १३ हिउँद सुक्खा

पछिल्ला १९ हिउँदमध्ये ६ वटामा मात्र औसतभन्दा धेरै वर्षा भएको छ। बाँकी १३ हिउँदमा औसतभन्दा कम पानी परेको छ। अझ त्यसमध्ये पनि नौ हिउँद त चरम सुक्खामा बितेका छन्। मौसम विभागको तथ्यांकअनुसार १९ हिउँदमा सबैभन्दा धेरै ०७६ मा १४२.५ मिमि पानी परेको छ। ०६२ चरम सुक्खा (७.१ मिलिमिटर मात्र वर्षा) हुँदा ०६३ मा भने औसतभन्दा बढी पानी परेको थियो। सो वर्ष १०६.७ मिलिमिटर पानी परेको थियो। फेरि ०६४ र ०६५ को हिउँद चरम सुक्खामा बित्यो। ०६४ मा १५.३ र ०६५ मा अझ कम ११.८ मिमि मात्र पानी परेको देखिन्छ।

त्यसपछिका केही हिउँदमा भने तुलनात्मक रूपमा सुधार भएको देखिन्छ। औसत वर्षा नभए पनि ०६६, ०६७ र ०६८ चरम खडेरीबाट जोगिए। विभागको तथ्यांकअनुसार ०६६ मा ३७.२ मिलमिटर, ०६७ मा ४७.१ मिलिमिटर र ०६८ मा ४९ मिलिमिटर पानी परेको देखिन्छ। ०६९ को हिउँदमा औसतभन्दा धेरै ९५.६ मिलिमिटर पानी परेको छ भने त्यसपछिका वर्षमा ५४.६ मिलिमिटर वर्षा भएको छ। ०७१ मा फेरि औसतभन्दा धेरै ८४.९ मिलिमिटर पानी पऱ्यो। तर, त्यसपछिका तीन हिउँद लगातार सुक्खा रहे। ०७२ को हिउँदमा २१.८, ०७२ मा १९.९ र ०७४ मा १६.७ मिलिमिटर पानी परेको छ। ०७५ मा औसतभन्दा धेरै १००.५ मिलिमिटर पानी परे पनि ०७७ मा भने १५.४ मिलिमिटर मात्र पऱ्यो। पछिल्लोपटक ०७८ मा औसतभन्दा धेरै ७२ मिलिमिटर पानी परे पनि त्यसपछिका दुई हिउँद लगातार खडेरीमा बिते।

■ सिभिल सहकारीपीडितको पीडा

समस्या समाधान गर्न गठित समितिले दुई महिनासम्म कामै थालेन

- सिभिलविरुद्ध हालसम्म एक हजार ४८७ पीडितको जाहेरी, पाँच अर्ब ५९ करोड ८१ लाख ३२ हजार २१२ रुपैयाँ ठगी भएको दाबी
- सिभिलका अध्यक्ष इच्छाराज तामाङ, केशवलाल श्रेष्ठलगायत पुर्पक्षका लागि थुनामा
- पीडित हुनेमा सेनाका पूर्वजर्नेल, संयुक्त राष्ट्रसंघका पूर्व तथा वर्तमान कर्मचारी, नेपाल सरकारका उच्च तहका पूर्व तथा वर्तमान प्रशासक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासम्म





■ **शालिकराम जम्कट्टेल**
मुख्यमन्त्री, बागमती प्रदेश

सिभिल सहकारीपीडितको समस्याप्रति प्रदेश सरकार जानकार छ। समस्या समाधान गर्न समिति गठन गरिसकिएको छ। कर्मचारीको दरबन्दी स्वीकृत भएको छ। सदस्यसचिव पनि नियुक्त भएका छन्। काम गर्न कार्यालय छैन। त्यसका लागि बजेटको आवश्यकता छ। बजेट निकासाको काम अन्तिम चरणमा पुगेको छ। अर्थमन्त्री विदेश गएकाले बजेट निकासा हुन सकेको थिएन। मन्त्रीज्यू फर्किसक्नुभएको छ। अब त्यही काममा केन्द्रित हुनेछौँ।

■ **समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका संयोजक प्रभात अधिकारी भन्छन्–**
सिभिल सहकारीको समस्या समाधान गर्न प्रदेश सरकारले समिति गठन गर्‍यो। समिति तीन सदस्यीय छ, तर कार्यालय राखिएको छैन। त्यसो हुँदा काम अघि बढ्न सकेको छैन। समयमै बजेट निकासा नहुँदा समस्या देखिएको छ। हामीले प्रदेश सरकारको अर्थ मन्त्रालयमा ताकेता गरिरहेका छौँ। चाँडै बजेट निकासा हुने आशा छ।

टेकराज थामी/नयाँ पत्रिका

बागमती प्रदेश सरकारले बजेट निकास नगर्दा सिभिल सहकारीबाट पीडित बचतकर्ताको समस्या समाधान गर्न गठित समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले कारबाही अघि बढाउन सकेको छैन। बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् बैठकले गत २२ पुसमा सिभिलका पीडित बचतकर्ताको समस्या समाधान गर्न भन्दै प्रभात अधिकारीको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको थियो। समितिको कार्यालय काठमाडौंमा राख्ने भनिएको थियो। तर, प्रदेश सरकारले गठन भएको दुई महिनासम्म पनि बजेट निकासा नगर्दा समितिले काम गर्न सकेको छैन।

समितिका संयोजक अधिकारीले कार्यालय नहुँदा कारबाही अघि बढाउन नसकिएको जानकारी दिए। सिभल सहकारी बागमती प्रदेशमातहत छ। जिल्ला अदालत काठमाडौंमा दर्ता भएको मुद्दाअनुसार सिभिलविरुद्ध हालसम्म एक हजार ४८७ पीडितको जाहेरी परेको छ। जसमा पाँच अर्ब ५९ करोड ८१ लाख ३२ हजार २१२ रुपैयाँ ठगी भएको भनिएको छ। मुद्दा अदालतमा विचाराधीन छ। सिभिलका अध्यक्ष इच्छाराज तामाङ, केशवलाल श्रेष्ठलगायत प्रतिवादी पुर्पक्षका लागि जेलमा छन्। तर, पीडितले हालसम्म पनि बचत गरिएको रकम फिर्ता पाउन सकेका छैनन्। समस्या जटिल भएपछि प्रदेश सरकारले सिभिललाई गत भदौमा समस्याग्रस्त सहकारी घोषणा गरेको थियो। त्यसपछि २२ पुसमा बसेको मन्त्रिपरिषद् बैठकले समस्या समाधान गर्न प्रदेश सहकारी ऐन, २०७६ को दफा ८२ को उपदफा १ अनुसार समिति गठन गरेको थियो। तर, समिति गठन भएको दुई महिनासम्म पनि कार्यालय स्थापना नहुँदा पीडित मारमा परेका छन्।

सिभिल सहकारीपीडितको पक्षबाट अगुवाइ गरिरहेका डिल्लीप्रसाद भट्टराईले समिति गठन भएपछि पनि कार्यालय स्थापना नहुँदा डुबेको रकम उठ्ने आशा मर्दै गएको बताए। 'सिभिल सहकारीले १५ सय बचतकर्ताको ६ अर्बभन्दा धेरै रकम डुबाइदियो। धेरै संघर्ष गर्‍यौँ, तर रकम फिर्ता पाएनौँ। प्रदेश सरकारले बल्लतल्ल सिभिललाई समस्याग्रस्त सहकारी घोषणा गर्‍यो। त्यसको पाँच महिनापछि समस्या समाधान गर्न समिति गठन गर्‍यो। तर, कार्यालय सञ्चालन गर्न बजेट निकासा गरेन। दुई महिनादेखि समितिले काम गर्न सकेको छैन। डुबेको रकम उठ्ने आशा मर्दै गएको महसुस भइरहेको छ,' उनले भने।

बागमती प्रदेश मुख्यमन्त्री कार्यालयका अनुसार प्रदेश सरकारले केही साताअघि मात्रै समितिका लागि आवश्यक १३ कर्मचारीको दरबन्दी स्वीकृति गरेको छ। सरकारले समितिको सदस्यसचिवका रूपमा महेश आचार्यलाई नियुक्त गरेको छ। समितिमा संयोजक अधिकारीसहित यज्ञनाथ दाहाल र यतीराज सापकोट छन्। तर, कार्यालय नहुँदा उनीहरू घरमै बस्नुपर्ने अवस्था छ।

कान्तिपुर सहकारीका सात सय बचतकर्ताको उजुरी

काठमाडौं/ मीनभवनस्थित कान्तिपुर सहकारीका सात सय बचतकर्ताले सञ्चालकविरुद्ध प्रहरीमा उजुरी दिएका छन्। प्रहरी वृत्त नयाँ बानेश्वरले संस्थाका अध्यक्ष हिमालयविक्रम मल्ल ठकुरीलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। आइतबारसम्म करिब सात सयजनाले साढे दुई अर्ब ठगिएको भनेर जाहेरी दिएको वृत्तका प्रमुख डिएसपी शिवराज बुढाथोकीले बताए। सो सहकारीलाई सहकारी विभागले गत २९ माघमा समस्याग्रस्त घोषणा गरिसकेको छ। सहकारीमा सर्वसाधारणको करिब ६ अर्ब रुपैयाँ फसेको हो। सञ्चालकहरूले नियमविपरीत संस्थाको पैसा निजी व्यवसायमा लगाएर फिर्ता गर्न नसकेका हुन्। अस्पताल, रिसोर्ट तथा घरजग्गामा सञ्चालकले करोडौँ लगानी गरेका छन्। सहकारीका अन्य सञ्चालकहरू प्रेमध्वज लामा, जोगलाल लामा, नारायणप्रसाद रिसाल, देवराज पराजुली, इन्दु थापा र सानुकान्छा लामाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। फरार रहेका अन्य सञ्चालकको खोजी भइरहेको प्रहरीले जनाएको छ। सो सहकारीविरुद्ध उजुरी आउने क्रम जारी रहेको बानेश्वर वृत्तका डिएसपी बुढाथोकीले बताए।

■ सिभिलका सञ्चालकविरुद्ध सम्पत्ति शुद्धीकरणको कसुर प्रमाणित

सिभिल सहकारीका अध्यक्ष इच्छाराज, उनीकी श्रीमती सिर्जना शाक्य र केशवलालविरुद्ध सम्पत्ति शुद्धीकरणको कसुर प्रमाणित भइसकेको छ। उनीहरूविरुद्ध विशेष अदालतले गत २१ माघमा कैद सजायसहित बिगो रकम तोकिदिएको थियो। विशेषका न्यायाधीश टेकनारायण कुँवर, तेजनारायण सिंह र मुरारीबाबु श्रेष्ठको संयुक्त इजलासले गरेको फैसलाअनुसार इच्छाराजलाई तीन वर्ष कैद सजायसहित एक अर्ब ७२ करोड ४४ लाख, सिर्जनालाई एक वर्ष ६ महिना कैद सजायसहित एक अर्ब तीन करोड ५४ लाख रुपैयाँ र केशवलाललाई एक वर्ष ६ महिना कैद सजायसहित २५ करोड ६५ लाख रुपैयाँ बिगो कायम गरेको थियो। ठगीको मुद्दा भने जिल्ला अदालत काठमाडौंमा विचाराधीन छ।

सिभिलबाट पीडित हुनेमा नेपाली सेनाका पूर्वजर्नेल, संयुक्त राष्ट्रसंघका पूर्व तथा वर्तमान कर्मचारी, नेपाल सरकारका उच्च तहका पूर्व तथा वर्तमान प्रशासक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था रहेका छन्। इच्छाराज तामाङले विनाधितो सहकारीबाट पहिलोपटक चार अर्ब ७२ करोड, दोस्रोपटक एक अर्ब ३० करोड, तेस्रोपटक एक अर्ब पाँच करोड र चौथोपटक ९५ करोड रुपैयाँ गरी कुल आठ अर्ब ५७ करोड ३८ लाख रुपैयाँ ऋण लगेका थिए।

पोखराको ६ रोपनी सरकारी बेच्न खोज्ने जनप्रतिनिधिसहित पाँचजना दोषी ठहर

प्रतिवादी ज्येष्ठ नागरिकलाई पोषण, स्वास्थ्य र हेरचाहसहित कैद असुल्न आदेश

नयाँ पत्रिका

कास्कीको सराङकोटस्थित करिब ६ रोपनी सरकारी जग्गा तत्कालीन गाउँ विकास समितिकै मिलेमतोमा व्यक्तिलाई अस्थायी बसोवासको प्रमाणपत्रसहित अनधिकृत तवरले बिक्रीवितरण गरेको घटनामा विशेष अदालतले पाँचजना प्रतिवादीलाई दोषी ठहर गरेको छ। अदालतले प्रतिवादीहरूलाई ज्येष्ठ नागरिक ऐनअनुसार कैद छुट दिँदै हेरचाह केन्द्रमा राखी कैद असुल गर्न पनि आदेश दिएको छ।

सरकारलाई हानिनोक्सानी पुर्‍याई भ्रष्टाचार गरेको भनी दायर यस मुद्दामा एमबहादुर थापा, मानबहादुर थापा, मोदनाथ रेग्मी, झपटबहादुर थापा र दिलबहादुर गुरुङ दोषी पाइएका हुन्। उनीहरूलाई एक-एक वर्ष कैद सजाय तोकिए पनि ज्येष्ठ नगारिक ऐनअनुसार ७० देखि ७५ प्रतिशतसम्म कैद छुट दिइएको छ। एमबहादुर सराङकोट गाविस- ७ का तत्कालीन वडासदस्य हुन् भने मानबहादुर गाविससचिव थिए। मोदनाथ रेग्मी र झपटबहादुर त्यस समयमा गाविस अध्यक्ष थिए। उनीहरू सबैउपर एक करोड ५० लाख रुपैयाँ बिगो कायम गरी मुद्दा दायर भएको थियो।

एमबहादुर, झपटबहादुर र मोदनाथलाई ७५ प्रतिशत कैद छुटको फैसला भएपछि जनही तीन-तीन महिना कैद सजाय र एक लाख ७१ हजार दुई सय रुपैयाँ जरिवाना कायम भएको छ। यसैगरी दिलबहादुर गुरुङ र मानबहादुर थापालाई कैद सजायमा ७० प्रतिशत छुट भएको विशेषले जनाएको छ। यससँगै उनीहरूले जनही तीन महिना १८ दिन कैद भुक्तान गर्नुपर्नेछ। उनीहरूलाई जरिवाना भने एक लाख ७१ हजार दुई सय रुपैयाँ नै हुने भएको छ। आठ महिनाअघि दर्ता मुद्दामा विशेष अदालतले आइतबार फैसला सुनाएको हो। एकजनालाई सफाइ दिएको छ। विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापाको इजलासले गरेको आदेशमा ज्येष्ठ नागरिकसम्बन्धी ऐनअनुसार कैद छुटसमेत दिई थप सुविधाको आदेश भएको उपरजिस्ट्रार धनबहादुर कार्कीले बताए। यो मुद्दाका प्रतिवादी भरतबहादुर थापाले सफाइ पाएका छन्। उनी तत्कालीन सराङकोट गाविस- ७ को बाटो निर्माण उपभोक्ता समितिका अध्यक्ष थिए।

बाँकी प्रतिवादी ज्येष्ठ नागरिक रहेकाले सजाय कम गरिएको छ। प्रतिवादीहरूको उमेर र स्वास्थ्य अवस्थासमेतलाई विचार गर्दै ठहर भएको कैद सजाय असुल्न कारागार नभई हेरचाह केन्द्रमा राख्न विशेषले आदेश गरेको हो। आइतबार भएको पाँचबुँदे आदेशमा प्रतिवादीलाई पोषणयुक्त खानेकुरा खुवाउन, निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउन र समय-समयमा चिकित्सकबाट स्वास्थ्य परीक्षण गराउन भनिएको छ। उक्त जग्गा उपभोग गर्दै आइरहेका दिलबहादुर गुरुङलाई आवादी दर्ताका लागि सिफारिस गरेको भेटिएपछि अख्तियारमा उजुरी परेको थियो। उक्त जग्गामा स्थायी संरचना बनेको र गुरुङले हक भोग गरिरहेको भेटिएको थियो।

संक्षेप

'सुशासनलाई 'पेपरलेस र फेसलेस'ले सार्थकता दिन्छ'

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले 'पेपरलेस र फेसलेस' प्रणालीबाट सेवा प्रवाह गर्न सकिने बताएका छन्। आइतबारदेखि सुरु भएको 'समृद्ध नेपालका लागि कृत्रिम बौद्धिकता, भविष्यमा रोजगारी' विषयक वैज्ञानिक सम्मेलनलाई सम्बोधन गर्दै उनले अबको दुनियाँमा सुशासनलाई 'पेपरलेस र फेसलेस'ले सार्थकता दिने बताए। उनले यसको प्रयोगमा ध्यान दिनुपर्नेमा जोड दिँदै प्रविधिका कारण सेवा प्रवाह थप सहज हुने जानकारी दिए। 'सरकारले कम्प्युटर प्रविधि, रोबोटिक प्रविधि, डाटा विज्ञान, मेसिन लर्निङ, इन्टरनेट अफ थिंग्स, कम्प्युटेसनल पूर्वाधार विकासका लागि आफ्नोतर्फबाट गर्नुपर्ने कार्यमा आवश्यक पहल लिनेछ,' प्रचण्डले भने, 'यसका लागि कृत्रिम बौद्धिकतासम्बन्धी नीतिलाई राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ तथा डिजिटल नेपाल फ्रेमवर्क, २०१९ सँग समन्वय गर्ने गरी अगाडि बढिनेछ।' हाल सरकारले उदीयमान प्रविधिको क्षेत्रमा विभिन्न अध्ययन र अनुसन्धानका काम अगाडि बढाएको दाबी गर्दै प्रधानमन्त्री प्रचण्डले विज्ञान प्रविधि नवप्रवर्तन कोष निर्माणका लागि बजेट विनियोजन गरिएको जानकारी दिए।

६ जुवाडे पक्राउ

कास्की/ प्रहरीले एक लाख ३९ हजार ४५० रुपैयाँसहित ६ जुवाडेलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय कास्कीका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक सूर्यबहादुर रानाका अनुसार पोखरा महानगरपालिका- ८ सभागृह चोकस्थित एक वर्कसपमा जुवातास खेलिरहेको अवस्थामा उनीहरूलाई रंगेहात पक्राउ गरिएको हो। सभागृह चोकस्थित बेथ वर्कसप (मोटरसाइकल ग्यारेज)मा जुवातास खेलिरहेको भन्ने गोप्य सूचनाका आधारमा वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरी टोलीले तीन बुक तास र नगदसहित उनीहरूलाई पक्राउ गरेको रानाले जानकारी दिए। पक्राउ पर्नेमा रमेश शाह, उपेन्द्र चौधरी, मुकेश शाह, राकेश शर्मा, सुजित चौधरी र गोपाल बस्नेत छन्।

स्कुल बसको ठक्करबाट दुई महिलाको मृत्यु

जनकपुरधाम/ जनकपुरधाम उपमहानगरपालिका- २३ बिन्धीमा स्कुल बसको ठक्करले दुई महिलाको मृत्यु भएको छ। आइतबार बिहान विद्यार्थी बोकेको एन्जल्स स्कुलको प्रदेश २०२-०० क ०४३१ नम्बरको बसले ठक्कर दिँदा स्थानीय ३६ वर्षीया राखीदेवी यादव र केवलदेवी साहको मृत्यु भएको हो। यादवको घटनास्थलमै र साहको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले जानकारी दिए। दुर्घटनामा ६ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। घाइतेको अवस्था खतरामुक्त रहेको शर्माले बताए। जनकपुरधाम-जलेश्वर सडकखण्डअन्तर्गत बिन्धीमा बिहेको मटकोरका लागि जाँदै गरेको टोलीलाई तीव्र गतिमा रहेको बसले ठक्कर दिएको थियो।

परीक्षा नियन्त्रण कार्यालय बल्खुमा विद्यार्थीलाई सास्ती

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुमा शैक्षिक प्रमाणपत्र लिन विद्यार्थी हरेक दिन लाइन लाग्छन्। हातहातमा फारम र बैंक भौचर बोकेर कोही ढोका र कोही झ्यालबाहिर लामबद्ध हुन्छन्। तर, फरक-फरक सेवा लिन धाएका अधिकांश विद्याथी त्रिविको ढिलासुस्तीले आजित छन्।

त्रिविको परीक्षा नियन्त्रक कार्यालयका झ्यालमा हरेक दिनजसो युवाको लामो लाइन देख्न सकिन्छ। काम छाडेर तथा टाढाटाढाबाट विद्यार्थी शैक्षिक प्रमाणपत्र लिन यहाँ आउँछन्। तर, त्रिविको सेवाप्रवाह भने उही पुरानै शैलीको छ। सामान्य सेवा लिन घण्टौँ लाइन र अत्यावश्यक काम गराउन महिनौँसम्म समय कुर्नेपर्ने बाध्यता छ। 'पहिलेपहिले आउँदा पनि लाइन लाग्नुपर्दथ्यो, हिजोआजको प्रविधिको जमानामा पनि लाइन नै लाग्नुपर्ने अवस्था छ, यो विश्वविद्यालय कहिले सुधार होला,' बिहीबार त्रिवि परीक्षा नियन्त्रकको कार्यालयमा लाइनमै भेटिएका राजनीतिशास्त्रको स्नातकोत्तर तहको ट्रान्सक्रिप्ट झिक्न आएका बाराका कुमार साहले भने, 'ट्रान्सक्रिप्ट तयार हुन महिना दिन लाग्ने रहेछ।'

> करिब तीन महिनाअघिदेखि ट्रान्सक्रिप्ट तथा अन्य शैक्षिक प्रमाणपत्र अनलाइनबाटै प्राप्त गर्न सकिने सेवा सुरु गरे पनि विद्यार्थी भौतिक रूपमै उपस्थित हुनुपर्ने बाध्यता

साहसँगै लाइन लागेकामध्ये सबैका समस्या साझा छैनन्। कसैको मार्टसिट हराएको छ, कसैको ट्रान्सक्रिप्ट। कोही क्यारेक्टर सर्टिफिकेर्ट लिन पालो कुरिरहेका छन्, कोही परीक्षा फारम शुल्क बुझाउन। त्यस्तै कतिपयको शैक्षिक प्रमाणपत्रमै नाम र ठेगाना गल्ती भएकाले सच्याउन आएका छन्। तर, त्रिविमा सेवाप्रवाहको गति सुस्त छ। त्रिविमा मार्कसिट निकाल्न दुई दिन लाग्छ। ट्रान्सक्रिप्ट झिक्न एक महिनासम्म कुर्नुपर्छ। सानो त्रुटि सच्याउन पनि घण्टौँ कुर्नुपर्छ। विदेश जाने तथा शैक्षिक प्रमाणपत्र तत्काल चाहिने विद्यार्थी महिनौँसम्म कुर्न बाध्य छन्।

समयमै शैक्षिक प्रमाणपत्र झिक्न नपाउँदा विद्यार्थी चिन्तित छन्। 'अन्य विश्वविद्यालयहरूको सेवा यस्तो सुस्त र कमजोर छैन, अधिकांशले कम्तीमा पनि दुई-तीन दिनमा ट्रान्सक्रिप्ट दिन्छन्, तर त्रिविमा पुरानै शैली छ,' शुक्रबार त्रिविमा ट्रान्सक्रिप्ट झिक्न आएका ललितपुरका हरिहर थापाले भने, 'कम्प्युटर चलाउन नै नजानेका कर्मचारीले सेवा दिँदा झन् ढिलो हुने गरेको देखिन्छ।' परीक्षा नियन्त्रण कार्यालय बल्खुमा दैनिक पाँच सयभन्दा बढी विद्यार्थी ट्रान्सक्रिप्ट लिन आउँछन्। अन्य विभिन्न समस्या लिएर आउने विद्यार्थीको संख्या पनि उत्तिकै छ। त्रिविमा एउटा रोल्न नम्बर हेर्न ५० रुपैयाँ तिर्नुपर्छ। त्यस्तै, ट्रान्सक्रिप्ट लिँदा पाँच सय ५० देखि सात सय ५० सम्म शुल्क तिर्नुपर्छ। प्रतिमार्कसिट एक सय रुपैयाँ तिर्नुपर्छ। शुल्क तिरे पनि समयमै सेवा छैन।

करिब तीन महिना अघिदेखि त्रिविले ट्रान्सक्रिप्ट तथा अन्य शैक्षिक प्रमाणपत्र अनलाइनबाटै प्राप्त गर्न सकिने सेवा सुरु गरेको थियो। तर, सर्भरमा छिनछिनमा समस्या आउँदा विद्यार्थी भौतिक रूपमै उपस्थित हुन्छन्। सर्भर चल्यो र अनलाइनबाट शैक्षिक प्रमाणपत्र लिन फारम भरे पनि एक महिनासम्म कुर्नपर्छ। अनलाइन सिस्टम डाउन भएपछि विद्यार्थी भौतिक रूपमै त्रिविमा उपस्थित हुनैपर्छ। सबै शैक्षिक प्रमाणपत्र अनलाइनबाट लिन भने सम्भव छैन। मार्कसिट हराए, नाम सच्याउनुपरे र टान्सक्रिप्ट हराए विद्यार्थी भौतिक रूपमै उपस्थित हुनुपर्ने हुन्छ। त्रिविका प्रमुख परीक्षा नियन्त्रक पुष्पराज जोशी जनशक्तिको अभावले सेवा ढिला भए पनि सुधारको प्रयास भइरहेको बताउँछन्। 'हामीकहाँ जनशक्ति पनि अभाव छ र विभिन्न कारणले गर्दा शैक्षिक प्रमाणपत्र लिन केही समय लाग्छ,' उनले भने, 'तर, अब सुधार गर्दै छौँ, अहिले अनलाइनबाट पनि सेवा लिन सकिन्छ, तर कतिपय कामका लागि भने यहीँ नै आउनुपर्छ।' उनले त्रिविको क्यालेन्डर लागू गर्ने प्रक्रियामा छलफल भइरहेको र अब हुने जुनसुकै परीक्षाको नतिजा तीन महिनाभित्र प्रकाशन गर्ने गरी तयारी भइरहेको दाबी गरे।

शालीनको पोस्टमार्टममा बलात्कार देखिएन, रिपोर्टमा परिवारको आपत्ति

भरतपुरमा **विवेक पोखेल**

चितवनको रत्ननगरस्थित छात्रावासमा मृत फेला परेकी बालिकाको पोस्टमार्टम रिपोर्ट आएको छ। आइतबार सार्वजनिक पोस्टमार्टमको रिपोर्टमा मृत्युको कारण 'ह्यांगिङ' उल्लेख छ। तर, पीडित परिवारले भने अस्पतालले सार्वजनिक गरेको रिपोर्टलाई अस्वीकार गरेको छ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख एसपी भावेश रिमालले अनुसन्धानको एउटा पाटो सकिए पनि सूक्ष्म विस्तृत छानबिन भइरहेको जानकारी दिए। 'प्रारम्भिक हिसाबमा 'ह्यांगिङ' भन्ने देखिएको छ, अनुसन्धानको एउटा पाटो सकिए पनि अनुसन्धानमै छौँ। निष्पक्ष र विस्तृत अनुसन्धान भइरहेको छ। भिसेराको रिपोर्ट, ब्लडको रिपोर्ट, मृतक बालिका भेटिएको ठाउँको 'सुसाइड नोट'को नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट जाँचको रिपोर्ट आउन बाँकी नै छन्। हत्या र बलात्कार



देखिएको छैन,' रिमालले भने, 'टेक्निकल अनुसन्धानको पाटो सिसिटिभी फुटेजदेखि मोबाइलको डिजिटल फरेन्सिक, मृतकका साथीहरू, उनीसँग सम्बन्धित व्यक्ति, स्कुलका शिक्षक, क्यान्टिनका मान्छे, स्कुलका सरसफाइकर्मीलगायत सबैलाई अनुसन्धानमा ल्याएका छौँ। बालिकाको मृत्युजस्तो संवेदनशील विषयलाई अत्यन्त गाम्भीर्यका साथ लिएर अनुसन्धानलाई टुंगोमा पुर्‍याउँछौँ।'

प्रहरी स्रोतका अनुसार अहिलेसम्मको अनुसन्धानमा घटनालाई शंकास्पद मान्ने आधार देखिएका छैनन्। गत १२ फागुनमा रत्ननगर नगरपालिका- १० स्थित एकता शिशु निकेतन बोर्डिङ स्कुलको होस्टेलमा १४ वर्षीया शालीन पोखरेल सिलिङको पंखामा झुन्डिएको अवस्थामा फेला परेकी थिइन्।

बलात्कारपछि हत्या भएको आरोप लगाउँदै आएको शालीन पोखरेलको परिवारले भने पोस्टमार्टम रिपोर्टप्रति आपत्ति जनाएको छ। शालीनका बुबा दीपेन्द्र पोखरेलले भने, 'अहिलेसम्म रिपोर्ट पाएका छैनौँ। यौनांगमा घाउ भएको अवस्थामा मृत भेटिएकी छोरी बलात्कृत भएकी होइनन् भनेर पत्याउनै सकिन्न। छोरीको शरीरका केही भागमा निलडाम पनि थियो। पुनः अर्को ठाउँमा पनि लगेर परीक्षण गराउन मिल्ने रहेछ। परिवार बसेर सल्लाह गार्छौं, अनि के गर्ने भन्ने निर्णय गर्छौं,' उनले भने।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जुम्लाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/११/२१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	
१. हिराचन्द्र उपाध्यायको नाति, दिपनाथ उपाध्यायको छोरा, जुम्ला जिल्ला, पाण्डुगुफा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, कनकासुन्दरी गा.पा. वडा नं. ८ बस्ने **चक्र बहादुर हमाल** (ना.प्र.नं. १७५८, जारि मिति २०४५/०२/२१, जि.प्र.का. जुम्ला)।	
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. चक्र बहादुर हमालको बुहारी, प्रेम हमालको पत्नी, जुम्ला जिल्ला, साविक चन्दननाथ गा.पा./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, कनकासुन्दरी गा.पा./न.पा. वडा नं. ८ बस्ने **प्रभा भण्डारी** (ना.प्र.नं. ६०३०३१/१५९, जारी मिति २०७१/०५/१६, जि.प्र.का. जुम्ला)।	२. दिपनाथ उपाध्यायको नाति, चक्र बहादुर हमालको छोरा, जुम्ला जिल्ला, साविक पाण्डवगुफा गा.प./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, कनकासुन्दरी गा.पा./न.पा. वडा नं. ८ बस्ने **प्रेम हमाल** (ना.प्र.नं. ६०३०२६/४६०, जारी मिति २०७०/०१/२९, जि.प्र.का. जुम्ला)।
३. दिपनाथ उपाध्यायको बुहारी, चक्र बहादुर हमालको पत्नी, जुम्ला जिल्ला, साविक लाम्रा गा.पा./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, कनकासुन्दरी गा.पा./न.पा. वडा नं. ८ बस्ने **तारा देवी हमाल** (ना.प्र.नं. ६४२/०४५/४६, जारी मिति २०४६/०१/३०, जि.प्र.का. जुम्ला)।	
धितोको विवरण	
हिराचन्द्र उपाध्यायको नाति, दिपनाथ उपाध्यायको छोरा, जुम्ला जिल्ला, पाण्डुगुफा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, कनकासुन्दरी गा.पा. वडा नं. ८ बस्ने चक्र बहादुर हमाल (ना.प्र.नं. १७५८, जारि मिति २०४५/०२/२१, जि.प्र.का. जुम्ला) को नाममा मालपोत कार्यालय जुम्लामा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारीत भई बैंकको पक्षमा रोक्का समेत रहेको जुम्ला जिल्ला, साविक पाण्डुगुफा गा.वि.स./न.पा. वडा नं. ९ क हाल जुम्ला जिल्ला, कनकासुन्दरी गा.पा. वडा नं. ८ स्थित कि.नं. ३० को क्षेत्रफल २१६५ (व.मि.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।	
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**
२. लाल बहादुर डाँगीको नीत, बृर्ष डाँगीको छोरा, जुम्ला जिल्ला, साविक तातोपानी न.पा./गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, तातोपानी गा.पा. वडा नं. ३ बस्ने **राजु डाँगी** (ना.प्र.नं. ६०१०१५/६५७, जारी मिति २०६५/११/२३, जि.प्र.का. जुम्ला)।	बृर्ष डाँगीको बुहारी, राजु डाँगीको पत्नी, जुम्ला जिल्ला, साविक महत गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, तातोपानी गा.पा. वडा नं. ३ बस्ने **बिमला रावल** (ना.प्र.नं. ६०/१०२३, जारी मिति २०६७/१०/११, जि.प्र.का. जुम्ला)।
धितोको विवरण	
लाल बहादुर डाँगीको नीत, बृर्ष डाँगीको छोरा, जुम्ला जिल्ला, साविक तातोपानी न.पा./गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, तातोपानी गा.पा. वडा नं. ३ बस्ने राजु डाँगी (ना.प्र.नं. ६०१०१५/६५७, जारी मिति २०६५/११/२३, जि.प्र.का. जुम्ला) को नाममा मालपोत कार्यालय जुम्लामा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारीत भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक जुम्ला जिल्ला, तातोपानी गा.वि.स./न.पा. वडा नं. ७ ख हाल जुम्ला जिल्ला, तातोपानी गा.पा. वडा नं. ३ स्थित कि.नं. ४७५ को क्षेत्रफल १०१ (वर्ग मिटर) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।	

Siddhartha Bank
शाखा कार्यालय : जुम्ला
फोन नं. : ०८७-५२०६७३
Website : www.siddharthabank.com

स्कुल सुधारको 'तुर्माखाँद म्याग्नाकार्टा'

सार्वजनिक पद धारण गरेका व्यक्तिका छोराछोरी पनि सरकारी स्कुलमै ल्याएको खण्डमा स्कुलका मुहार फेरिन्छन्



● प्रेम चलाउने

अग्रलेख

जसरी हामी हिमालयविनाको नेपालको परिकल्पना गर्न सक्दनौं, ठीक त्यसैगरी सरकारी स्कुल वा कलेजविनाको नेपालको पनि परिकल्पना गर्न सकिँदैन। सरकारी स्कुल, कलेज हुँदैनथे भने हामीजस्ता हजारौंले उच्च शिक्षाको अवसर पाउँदैनथ्यौं। सरकारी स्कुल नसुधारी आममान्छेको शिक्षामा पहुँच पुऱ्याउन सकिँदैन र नयाँ आशा जगाउन सकिँदैन भन्ने बुझेर दूरदराजको अछामको तुर्माखाँद गाउँपालिकाले केही समयअघि एउटा शैक्षिक संवाद कार्यक्रम गरायो। यो छलफल कार्यक्रम शिक्षाविद र स्थानीय सार्वजनिक स्कुलका सरोकारवालाबीच भएको थियो। शिक्षाविद विद्यानाथ कोइराला, शिक्षा क्षेत्रकै अग्रज सदानन्द कँडेलसँगै मैले पनि त्यसमा भाग लिने अवसर पाएको थिएँ।

गाउँपालिका अध्यक्ष डम्बर बिसीको अग्रसरतामा यो कार्यक्रम भएको थियो। तुर्माखाँद गाउँपालिका म जन्मेको, हुर्केबढेको अनि मेरो बाल्यकाल बितेको ठाउँ हो। यो लेख म समग्र तुर्माखाँद र देशको सार्वजनिक शिक्षामा सरोकार राख्नेहरूका नाममा अर्पण गर्न चाहन्छु। तुर्माखाँदमा सम्पन्न दुईदिने कार्यशालामा म रोमाञ्चित हुनु स्वाभाविक थियो। थुप्रै विद्यालयका शिक्षक, शिक्षिका, प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्ष, जनप्रतिनिधि, पार्टी प्रतिनिधिबीच सरकारी स्कुल किन बिग्रे र तिनलाई कसरी सुधार्न सकिन्छ भन्ने विषयमा सबैका अनुभवसँग साक्षात्कार हुने मैले प्रत्यक्ष मौका पाएँ। छलफल अवधिभर तुर्माखाँद मेरो विश्वविद्यालय बनिरह्यो। सहभागीबीच गज्जबका अनुभव आदानप्रदान भए। दुई दिनको गहन छलफलबाट सार्वजनिक स्कुल सुधारका अठार बुँदे साझा प्रतिबद्धता पत्र निर्माण भयो, जसलाई म तुर्माखाँद सहमति तथा अठोट भन्न रुचाउँछु।

यो सरकारी स्कुल सुधारका खातिर तुर्माखाँदले गरेको वाचा तथा प्रतिज्ञा हो। त्यहाँका जनप्रतिनिधिलगायत सबै सरोकारवालाले लेखेको एक किसिमको म्याग्नाकार्टा हो। तुर्माखाँद म्याग्नाकार्टा स्कुल सुधार्न कोसेढुंगा सावित हुन सक्ला या न सक्ला, त्यसलाई भविष्यको जिम्मामै छाडिदिऊँ। सहमति पत्रका बुँदा पर्याप्त र पूर्ण छैनन्, परन्तु सुधारका निम्ति त्यो एउटा महत्त्वपूर्ण प्रस्थानबिन्दु भने जरुर हुन सक्छ। अब यहाँ म सोही सहमतिका विषयमा चर्चा गर्नेछु। सहमतिका सबै बुँदाको वर्णन एकसाथ सम्भव नभएकाले दुइटा बुँदा, जसले सारा सहभागीको ध्यान खिचे र जीवन्त बहसको सूत्रपात गरिदिए, तिनैबारे यहाँ म चर्चा गर्नेछु।

प्रतिज्ञा तथा सामूहिक विवेक : सहमतिपत्रमा दर्ज भएका महत्त्वपूर्ण बुँदा थिए, स्कुलभित्र राजनीतिक दलसम्बद्ध भ्रातृ संघसंस्थाको प्रवेश निषेध र जनप्रतिनिधि, शिक्षक, कर्मचारी, राजनीतिक दल, व्यवस्थापन समितिलगायत सार्वजनिक पदमा बस्ने व्यक्तिका छोराछोरीलाई अनिवार्य रूपमा सरकारी स्कुलमै भर्ना गर्नुपर्ने। यी बुँदा सार्वजनिक विद्यालय सुधारका लागि अनिवार्य पूर्वसर्त थिए। सबैको सामूहिक भावना तथा विवेक त्यहाँ प्रकट भएको थियो। त्यसलाई तुर्माखाँदले सार्वजनिक शिक्षा सुधारको शपथ बनाउँदै थियो। आआफ्ना आग्रह पूर्वाग्रहबाट माथि उठ्दै दुई दिनको मन्थनबाट निकालिएको साझा निष्कर्ष थियो त्यो। जब यी बुँदा प्रतिबद्धता पत्रमा लिपिबद्ध भए र सहमति जनाउने पालो आयो, त्यो 'पाण्डोराज बक्स' बनिदियो- समस्या अनि विवादको जड र विरोधाभास तथा द्विविधाको स्रोत। पछि ती बुँदा कार्यपालिका बैठक हुँदै गाउँपालिका सभामा लगेर पास गर्ने सर्तमा टुंग्याइयो। ज्ञात होस्, कार्यपालिका बैठकले ती बुँदालाई पास गरिवरि पालिका सभामा लाने निर्णय गरिसकेको छ। परन्तु त्यसले सबैको मथिंगल अहिलेसम्म हल्लाइरहेको छ। कारण, सार्वजनिक पदवाहक सबका छोराछोरी अन्यत्रै निजी स्कुलमा पढ्छन्। तिनलाई पनि सरकारी स्कुलमै ल्याउनुपर्छ। नल्याऊँ भने नैतिक संकट आइपर्छ।

विरोधाभास/विश्वासको संकट : अब विरोधाभास कस्तो भने जनप्रतिनिधि, शिक्षक, व्यवस्थापन समिति अध्यक्ष कसैले पनि आफ्ना छोराछोरी आफ्नो स्कुलमा पढाउँदैनन्। अर्कै गाउँ तथा सहरका निजी स्कुलमा पढाउँछन्। योभन्दा ठूलो विरोधाभास, द्विविधा, आफू र आफ्नो विद्यालयमाथिको घोर अविश्वास अरू के हुन सक्छ ? आफ्नो स्कुलमा अरूलाई पढ्न आऊ भन्ने, त्यसको गुणस्तरको पनि चिन्ता गर्ने, तर सकिनसकी हड्डी घोटेरै भए पनि शुल्क तिरेर आफ्ना छोराछोरी अन्त कतै निजीमा पढाउने। स्थिति नियाल्दा देशका अधिकांश नेता, कर्मचारी, शिक्षकले आफ्ना छोराछोरी सरकारी स्कुलमा पढाउँदैनन्। समग्र देश नै यस रोगबाट ग्रसित भइरहेका वेला तुर्माखाँद पनि यसबाट अछुतो थिएन।

गुणस्तर बढाउनुपर्छ भन्ने सवालमा कसैको विमति थिएन। धेरैको मत के रह्यो भने सार्वजनिक पद धारण गरेका व्यक्तिका छोराछोरी पनि सरकारी स्कुलमै ल्याएको खण्डमा स्कुलका मुहार फेरिन्छन्। जहिलेसम्म ती स्कुल छुट्याएर समाजको पिँधमा रहेको आवाजविहीन तथा शक्तिविहीन वर्गका केटाकेटी मात्रै पढ्ने स्कुल बनाइन्छन्, त्यस वेलासम्म ती स्कुल सुध्रिँदैनन्। ती स्कुलप्रतिको उदासीनता र उपेक्षा कायम रहिरहन्छ। त्यसैले सार्वजनिक व्यक्तिका छोराछोरी पनि सरकारी



स्कुलमै ल्याउने नीति अवलम्बन गर्नासाथ स्कुलको साँच्चै देखभाल सुरु हुन्छ र ती कायापलट हुन्छन् भन्ने कोणबाट तर्कहरू आइरहेका थिए। ती तर्क स्वाभाविक थिए। कांग्रेसले जितेको वडामा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जसरी भए पनि कांग्रेस नै चाहिने। यो विद्यालय यो पार्टीको, त्यो विद्यालय त्यो पार्टीको। कसैले धौधौ एसएलसी वा आइए पास गरेको छ भने पनि उसलाई शिक्षक बनाउनैपर्ने। झ्याल या चिम्नीबाट छिरेर शिक्षक भएको रहेछ भने पनि ऊ कुनै अमुक पार्टीको सदस्य छ भने उसको संरक्षण गर्नैपर्ने। सार्वजनिक स्थलमा मातेर हिंड्ने, सधैं जुवाअड्डा तथा भट्टीमा भेटिने शिक्षकलाई पनि संरक्षण गर्नैपर्ने। स्कुलको गुणस्तर कसरी बढाउने भन्ने चासो र चिन्ता बोकेर होइन, ठेक्कापट्टा गर्ने र स्कुललाई कमाइखाने भाँडो बनाउन व्यवस्थापन समितिको अध्यक्ष बन्नुपर्ने। भर्खरका दुधे बालबालिकाबाट पार्टीका संगठन निर्माण गर्नुपर्ने। यसो हेर्दा त भिडतन्त्र र माफियातन्त्र स्कुलबाटै सुरु गर्न खोजिँदै छ। हरेक व्यवहार माफियातन्त्रबाट निर्देशित भएपछि र स्कुल यसरी फोहोरी राजनीतिको क्रिडाभूमि भएपछि तिनलाई जोगाउने उपाय भनेको दलीयकरणको भूमरीबाट बाहिर ल्याएर नै हो। त्यसैले पार्टीसम्बद्ध भ्रातृ संघसंस्था विद्यालयभित्र निषेध गर्ने प्रतिबद्धता त्यत्तिकै जायज थियो, जति जायज सार्वजनिक पदमा बस्नेका छोराछोरी सरकारी स्कुलमै ल्याउने कुरा।

सबै लागे गर्न नसकिने के छ ? : सबै लागे गर्न नसकिने केही छैन। चिटिक्कको भवन, पर्याप्त कक्षाकोठा, जीर्ण संरचनाको मर्मत, ब्ल्याक बोर्ड, डेस्कबेन्च, ल्याब, लाइब्रेरी, खानेपानी, खेलमैदान, शौचालय, हरियालीसहितको सुविधायुक्त विद्यालय, तालिम तथा एक्सपोजर प्राप्त शिक्षक तथा प्रधानाध्यापक सबै व्यवस्था गर्न सकिन्छ। पढाउने 'पेडागोजी', समयानुकूल पाठयक्रम, शिक्षाको पद्धति आदि सबैमा परिवर्तन ल्याउन सकिन्छ। कक्षाकोठालाई 'वार रुम'मा परिणत गरी विद्यार्थीलाई प्रतिस्पर्धाको मुसादौडमा सामेल गराउने हालको शिक्षा पद्धति बदल्न सकिन्छ। सहअस्तित्ववादी शिक्षाको मोडल अवलम्बन गर्न सकिन्छ। स्कुल बिग्रेको कोही बुद्धि विवेक दिने मान्छे नभएका कारण वा साधनस्रोतको अभाव भएका कारणले होइन। बरु चरम उपेक्षा, लापरबाही र उदासीनताका कारणले हो। स्कुलप्रति कसैको पनि अपनत्व नभएका कारण हो। तपाईंले शिद्धेश्वरी मावि वा सरस्वती मावि वा अन्य कुनै सरकारी स्कुल कसको हो भनी गम खानुभयो भने यी स्कुल कसैका पनि होइनन् भन्ने निर्क्योलमा पुग्न सक्नुहुन्छ। राज्यको प्राथमिकता तथा राजनीतिको केन्द्र भागमा शिक्षा कहिल्यै परेन। शिक्षामा लगानी बढेन। सार्वजनिक शिक्षा सुधारको विषय चुनावको एजेन्डा कहिल्यै बनेन। यहाँ शिक्षामन्त्री बन्न शिक्षा जानेको मान्छे चाहिएन। बहुमत ल्याउने पार्टी वा गठबन्धनका केही शीर्ष नेताले जसलाई पनि शिक्षामन्त्री बनाउने परिपाटी बस्यो। शिक्षा मन्त्रालय कसैको रोजाइको मन्त्रालय नै बन्न सकेन।

> नयाँ आशा कतैबाट जगाउन सकिन्छ भने सरकारी स्कुलको सुधारबाटै सकिन्छ। तुर्माखाँदले आफ्नो म्याग्नाकार्टा जुनसुकै मूल्यमा पनि लागू गरोस्, स्कुल सुधारेर नयाँ आशा जगाओस् र अछाममा पुनर्जागरणको युग ल्याओस्।

शिक्षा बुझेको व्यक्ति मन्त्रालयको सचिव वा शिक्षा निर्देशनालय वा विभागको निर्देशक पदमा नियुक्त भएन। लोकसेवा पास गरेर आएको जोसुकै व्यक्ति यो पदमा जान सक्ने भयो। यसरी सार्वजनिक स्कुलको बिग्रिँदो अवस्था संरचनागत उत्पादन हो। यसलाई राजनीतिक इच्छाशक्तिले मात्र बदल्न सक्छ। त्यही इच्छाशक्तिले दिल्लीका सरकारी स्कुल कायापलट गरिदियो र नयाँ आशा जगाइदियो। युरोप, इस्ट एसिया, स्क्यान्डेनेभिएन देशका सार्वजनिक स्कुलहरूको सुधार पनि राजनीतिक इच्छाशक्तिले नै सम्भव तुल्याएको हो। हाम्रोमा त खण्डित समाज निर्माण हुने भयो। सानैदेखि बालबालिका फरक-फरक स्कुलमा पढ्ने, पढाउने परिपाटीले विखण्डित समाज निर्माण गर्छ। पुँजीवादको मक्का र मदिनाका रूपमा चिनिएका देशहरूको यथार्थसमेत योभन्दा पृथक् छ र जनसंख्याको ठूलो हिस्साले आफ्ना बालबालिका सार्वजनिक स्कुलमा नै पढाउँछन्। उदाहरणका लागि अमेरिकाका नब्बे तथा बेलायतका त्रियानब्बे प्रतिशत बालबालिका पब्लिक स्कुलमा पढ्छन्। क्यानडामा त्यो आँकडा करिब चौरानब्बे प्रतिशत छ। सिंगापुरमा त झन् अन्ठानब्बे प्रतिशत। स्विडेन, फिनल्यान्ड र नर्वेमा पनि अन्ठानब्बे प्रतिशत नै छ। उनीहरू निजी स्कुल नगई पब्लिक स्कुलमै पढेको पैसा नभएर होइन। बरु एकताबद्ध समाज निर्माणका खातिर हो। यहाँ त ठीक उल्टो भयो। यहाँ पनि घिउ साहु, सुन साउ वा नेता, कर्मचारी, शिक्षक सबका छोराछोरी एकैठाउँमा पढेको भए एकताबद्ध समाजको निर्माण हुन्थ्यो।

समाजवादउन्मुख संविधानमा पढ्न पाउने हरेकको जन्मसिद्ध अधिकार भनेर लेखिए पनि व्यवहारमा सरकारले तिम्रा छोराछोरी आफैं पढाऊ भनेको छ। ठूला व्यापारीदेखि लिएर सरकारी शिक्षक, प्राध्यापकले निजी स्कुल तथा कलेज खोले। स्कुल तथा कलेज उद्योग बने। सार्वजनिक स्कुल, कलेजलाई बेवास्ता गरियो। समाजवादी पार्टी तथा सरकारको केन्द्र भागमा सरकारी स्कुल कहिल्यै परेनन्। यही संरचनात्मक कारणले पनि हो सरकारी स्कुल दिनहीन अवस्थामा पुगेका।

यसका बाबजुद, संघीय शासन व्यवस्थामा तुर्माखाँद गाउँपालिकाले आफूले चाहेका नीति तथा कार्यक्रम लागू गर्न सक्छ। यसले शिक्षा र स्वास्थ्यमै जोड दिने नीति लिएको छ। शिक्षा तथा स्वास्थ्य केन्द्रित तुर्माखाँदको कार्यक्रम मरुभूमिभित्रको सानो जलाधार क्षेत्र हो। यो पूर्वी एसिया, युरोप, स्क्यान्डेनेभिएन देश र दिल्ली हिँडेको मार्ग हो। महत्त्वाकांक्षा बोकेर तुर्माखाँद त्यही बाटो हिँड्ने जमर्को गर्दै छ। दह्रो राजनीतिक इच्छाशक्ति तथा इमानदारी भयो भने मात्रै लक्ष्य हासिल गर्न सकिन्छ। यस मामलामा तुर्माखाँदको अग्निपरीक्षा हुँदै छ। यसमा तुर्माखाँदले आफूलाई खरो सावित गर्न सक्छ कि सक्दैन भनेर हेर्न बाँकी छ। अहिले नेपाल विदेश गइरहेको देश भनेर चिनिएको छ। यो देशमा केही हुँदैन, केही गर्न सकिँदैन भनेर जताततै निराशा व्याप्त छ। नयाँ आशा कतैबाट जगाउन सकिन्छ भने सरकारी स्कुलको सुधारबाटै सकिन्छ। तुर्माखाँदले आफ्नो म्याग्नाकार्टा जुनसुकै मूल्यमा पनि लागू गरोस्, स्कुल सुधारेर नयाँ आशा जगाओस् र अछाममा पुनर्जागरणको युग ल्याओस्।

(चलाउने त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र विभागका उपप्राध्यापक हुन्)

---

३ प्रश्न

केन्द्रीय दुग्ध सहकारी संघका महासचिव **रामप्रसाद आचार्य**लाई



सरकारसँग भएको सहमति इमानदारीपूर्वक कार्यान्वयन हुनेमा कति आशावादी हुनुहुन्छ ?

यसअघि पनि सरकारसित सहमति भएकै हुन्। तर, कार्यान्वयनमा समस्या आए। यसपालि मन्त्रीज्यूलाई नै साक्षी राखेर सहमति गरिएको हुनाले केही बढी नै आशावादी छौं। तर, यो सहमति कार्यान्वयनमा आएन र हाम्रो विश्वासमाथि कुठाराघात गरियो भने त्यसबाट उत्पन्न हुने विकराल परिस्थितिको सरकारले सामना गर्नुपर्नेछ। मन्त्रीज्यूले बक्यौता तिर्न समस्या हुने उद्योगीहरूलाई स्टक धितो राखेर कर्जा दिन राष्ट्रबैंकले सहजीकरण गरिदिनेसमेत वचन दिनुभएकाले कसरी विश्वास नगर्नु ?

पटकपटक दुध पोखेर आन्दोलन गर्नुपर्ने अवस्था किन आइरहन्छ ?

दुध पोखेर आन्दोलन गर्नु किसानको रहर होइन, बाध्यता हो। एकातिर पशुपालनका लागि लिएको कर्जाको सावाँब्याज भुक्तानी गर्ने दबाब हुन्छ भने अर्कातिर बिक्री भइसकेको दुधको मूल्य प्राप्त भएको हुँदैन। फेरि, सामान्य विरोध गर्दा उद्योगीले त वास्ता गर्दैनन् नै, राज्यले पनि सुनिर्दिदैन। यस्तो अवस्थामा त्यसैको आक्रोशस्वरूप आफ्ना पीडा राज्यलाई सुनाउन यस्तो आन्दोलन गर्न बाध्य हुनुपरेको हो।

अबौं बक्यौता बाँकी रहने र दुध पोख्नुपर्ने अवस्था दोहोरिन नदिन के गर्नुपर्ला ?

यसका लागि दीर्घकालीन हल खोज्नुपर्छ। आन्तरिक उपभोग बढाउनुपर्छ। उद्योगी व्यवसायी साथीहरूले पनि निर्यात गर्न सकिने गुणस्तरका चकलेटलगायत विभिन्न दुग्धजन्य पदार्थको उत्पादनमा ध्यान दिएर आफ्नो उत्पादनलाई विविधीकरण गर्नुपर्छ। विशेष गरी विदेशीले खोरेत नलागेका पशुको दुध खोज्ने भएकाले सरकारले केही करोड खर्च गरेरै भए पनि देशलाई खोरेतमुक्त बनाउने अभियान अघि बढाउनुपर्छ।

प्रेरक प्रसंग

बाहिरी आवरणको नक्कल नगर

उहिल्यै प्राचीनकालमा कोसी नदीको किनारमा एक ज्ञानामृत नामका साधुको आश्रम थियो। उनको आश्रममा थुप्रै शिष्य ज्ञानको खोजीमा आउँथे। गुरु ज्ञानामृत कठोर अनुशासनमा बस्थे। उनी सुकेको परालमा सुत्थे। शाकाहारी भोजन गर्थे। दैनिक कठोर साधनामा लीन हुन्थे। उनको ज्ञान र तपस्वीसमान जीवनको निकै टाढाटाढासम्म चर्चा हुने गर्थ्यो।

गुरु ज्ञानामृतको त्यस्तो कठोर साधना तथा संयमित दिनचर्याबाट प्रभावित भएर उनका एक शिष्य ज्ञानभद्रले उनको अनुसरण गरी छिटै ज्ञानमा निपूण हुने विचार गरे। यस्तो विचार मनमा आउनासाथ उनले गुरुले भैँ सुकेको परालालाई आफ्नो शय्या बनाए। खानपिनमा सुधार गरे। साधनामा पनि लीन भएजस्तो गर्न थाले। उनको दैनिक व्यवहारमा निकै परिवर्तन देखिन थाल्यो। उनी पढाइतिर भन्दा पनि गुरुको बाहिरी आवरण र बानीव्यहोराको नक्कलमा जुटिरहे। यो सब अनुभूत गरिरहेका गुरु ज्ञानामृतले उनीसित सोधे- बाबु ज्ञानभद्र, हिजोआज तिमीमा निकै परिवर्तन आएको महसुस गरिरहेको छु। यो सब के भइरहेको छ ? गुरुको प्रश्न सुनेपछि शिष्य ज्ञानभद्रले विनम्रतापूर्वक भने- गुरु म हजुरजस्तै बनेर छिटै ज्ञानमा निपूण हुन चाहन्छु। यी हेर्नुहोस् त, यी मेरा श्वेत वस्त्रले मेरो विशुद्ध ज्ञानको खोजीलाई दर्साउँछन्। मेरो शाकाहारी भोजनले मेरो शरीरमा सात्विकता वृद्धि हुनेछ। र, सुख, सुविधाबाट टाढै बस्ने मेरो दैनिकले मलाई आध्यात्मिक पथमा अग्रसर गराउँछ।

ज्ञानभद्रका कुरा सुनेपछि गुरु मुसुक्क मुस्कुराए र आफ्ना शिष्यलाई लिएर उनी खेततिर लागे। त्यहाँ एउटा सेतो घोडा चरिरहेको थियो। गुरुले सो घोडालाई देखाउँदै शिष्यसित भने- तिमीले यो घोडालाई देख्यौ ? यसको रौं सेतो छ। यो केवल घाँस, दाना र पानी मात्र खान्छ। तबेलामा परालमाथि नै सुत्छ। के तिमी यस घोडामा अलिकति पनि साधुता देख्छौ ? के तिमीलाई लाग्छ कि भविष्यमा यो घोडा छिटै ज्ञानमा पूर्ण हुनेछ ? त्यसैले, तिमीले मेरो बाहिरी आवरण र आचरणको नक्कल गर्ने होइन, अध्ययन कार्यमा मन लगाऊ अनि मात्र तिमी महान् विद्वान् बन्न सक्छौ। गुरुको भनाइले ज्ञानभद्रका आँखा खुले।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विद्यार्थीलाई खाजाको व्यवस्था गर

बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरभित्रै अध्ययन गर्ने विद्यार्थीले भोक मेटाउन रुखका पात चाट्छन्, खान्छन् भन्ने समाचार पढ्दा दुःख लाग्यो। लोकतान्त्रिक गणतन्त्रमा आइपुग्दासम्म सरकारले विद्यार्थीको भोक मेटाउन दिवा खाजाको व्यवस्था गरेको भए पनि प्रदेश राजधानीमै समेत विद्यार्थी भोक मेटाउन पात चपाउने या चाट्ने अवस्थामा पुग्नु भनेको लोकतान्त्रिक राज्यप्रति गम्भीर व्यंग्य हो। सरकारले सामुदायिक विद्यालयमा विद्यार्थीका लागि खाजाको व्यवस्था गरेको पनि छ। तर, त्यो खाजा विद्यार्थीसम्म पुगेको छ या छैन भन्ने विषयमा अनुगमन गर्नबाट भने सरकार चुकेको छ। देशमा तीन तहका सरकार भए पनि यसतर्फ ध्यान नजानु गम्भीर चिन्ताको विषय हो।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

सहमति सकारात्मक

सरकार र दुग्ध उत्पादक किसानबीच २१ चैतसम्ममा अहिलेसम्मको सबै बक्यौता उपलब्ध गराइसक्ने सहमति भएको समाचार पढ्दा खुसी लाग्यो। यो सहमति केवल किसानको आन्दोलन मत्थर पार्न गरिएको कागजी सहमति मात्र नबनोस्, समयमै कार्यान्वयन होस्। किसानले सहमतिअनुसार बक्यौता रकम पाए या पाएनन्, प्रभावकारी अनुगमन जरुरी छ। सरकारले यसतर्फ ध्यान दिनुपर्छ। साथै, अगुवा किसान र किसान संघ, संगठनले पनि विनाराजनीतिक पूर्वाग्रह बक्यौता असुलमा सहयोग गर्नु जरुरी छ।

● **शुभम् महर्जन**
कीर्तिपुर, काठमाडौं

विकासमा झमेला किन ?

पछिल्लो समयमा देशभरका विभिन्न विकास निर्माणका कार्यमा रुख कटानीको विषयलाई लिएर निकै विवाद र बहस हुन थालेको छ। हो, विकासका नाममा जथाभावी वनजंगल विनाश हुन दिनुहुँदैन। तर, वनजंगल या वातावरणका नाममा विकास निर्माणका गतिविधि अवरुद्ध हुन दिनु पनि हुँदैन। त्यसैले, निर्माण आयोजना र वन मन्त्रालय, या वातावरण विभाग आदि सरोकारवाला निकायबीच समन्वय हुन भने जरुरी छ। विकासमा झमेला नगर। विकास निर्माणलाई निरन्तरता देऊ।

● **वन्दना पोखरेल**
सिनामंगल, काठमाडौं

विरोधका लागि दुध पोख्नु गलत

६ अर्ब रुपैयाँभन्दा बढी बक्यौता माग गर्दै आन्दोलनमा उत्रिएका दुग्ध किसान र सरकारबीच आगामी २१ चैतसम्म सबै बक्यौता पाउने सहमति भएको छ। अब सो सहमति पालनाको इमानदारी सबैले देखाउन जरुरी छ। कैयौं नेपाली किसानले व्यावसायिक रूपमै दुध उत्पादन गर्ने लक्ष्य लिएर पशुपालन गरिरहेका छन्। कतिपयले चाहिँ आफ्नो दैनिक गुजारा चलाउने उद्देश्यले पशुपालन गरेका छन्। गाईवस्तु पालेर दैनिकी चलाउनेका लागि दुध बेचेको रकम नपाउँदा कति समस्या भएको होला ? राष्ट्रिय दुग्ध सहकारी संघको मनोमानीको मारमा किसान परेका छन्। किसानलाई राज्यले संरक्षण गर्नु जरुरी छ।

कृषिप्रधान देश नेपालमा कृषि क्षेत्रको उत्थानका नाममा सरकारले करोडौं बजेट विनियोजन गर्छ, तर वास्तविक किसानसम्म सो बजेट पुग्दैन। बिचौलियाले नै बढी फाइदा लुट्ने गर्छन्। किसानको नाउँमा गैरकिसानले फाइदा लिन्छन्। त्यसप्रति अनुगमन हुने गरेको छैन। पार्टीका कार्यकर्ता भएपछि उसको योजना स्वीकृत भइहाल्छ। भारतबाट करोडौंको दुध आयात भइरहेको समयमा सरकारले स्वदेशभित्रै उत्पादन पढाउन किन पहल गर्दैन ? यहाँ उत्पादित दुधले बजार नपाउने र विदेशबाट आयत गर्ने नीति सरासर गलत हो। अनि, किसानले सडकमा दुध पोखेर गरेको विरोधचाहिँ गलत छ। त्यही दुध उत्पादनका रातदिन मिहिनेत गर्ने किसानले दूख पोखेर हुँदैन। विरोधको विकल्प खोज्नुपर्छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

एनआरएनएभित्रको विवाद र यसको नियति

एनआरएनएभित्रको संकटले उसको प्रतिष्ठा, समृद्धि तथा यसले प्रतिनिधित्व गर्ने विश्वव्यापी नेपाली डायस्पोरालाई खतरामा पारेको छ



● डा. मुकुन्द बास्तोला

गैरआवासीय नेपाली संघ (एनआरएनए) लामो समयदेखि विश्वभरका नेपालीको एकता र प्रतिनिधित्वको प्रतीकका रूपमा रहेको छ। यद्यपि, हालैका घटनाले संघको मर्यादामा ठूलो समस्या उत्पन्न हुनुका साथै यसको उद्देश्य छायामा परेको छ। हार स्विकार्न नसक्ने समूहका कारण निम्तिएको आन्तरिक द्वन्द्व र राजनीतिक हस्तक्षेपले एनआरएनएमा अशान्ति मच्चिएको छ। त्यसमाथि हालैको अदालतको निर्णयले त यसले आफ्नो मिहिनेत र गैरआवासीय नेपालीको पसिनाबाट निर्मित यसको एक मात्र कार्यालय पनि गुमाउनुपर्ने अवस्था देखिन्छ। गैरआवासीय नेपाली संघका गतिविधि समन्वय गर्ने र विश्वव्यापी रूपमा प्रवासी नेपालीको हितको प्रतिनिधित्व गर्ने केन्द्रीय निकायका रूपमा रहेको नेपालस्थित एनआरएनए कार्यालय राजनीतिक र व्यक्तिगत स्वार्थको रणभूमि बन्न पुगेको छ। अदालतको आदेशले समस्या थपेको छ। यसैमाथि पराजित गुटले अर्को एनआरएनए गठन गर्ने निर्णय गरेपछि विवादास्पद शक्ति संघर्षको नेतृत्व गर्दै आफूले आफैँलाई नेतृत्वको दाबी गर्दै आएको छ। यसले उनीहरूले आफूलाई नै कता लाँदै छन् भन्ने थाहा हुन सकेको छैन। केही वर्षअघि टुक्रिएको घले समूह अहिले कहीं कतै देखिएको छैन। जुन वेला सबै एकै ठाउँ बसेर आफ्नो गुम्न लागेको धरोहर फिर्ता गर्न पहल गर्नुपर्ने थियो। नेपालमा एनआरएनएको कार्यालय भौतिक संरचना मात्र होइन, यो विश्वव्यापी सदस्यहरूको सामूहिक प्रयासको प्रतीक पनि हो। प्रत्येक सदस्यले भवन निर्माण गर्न आर्थिक योगदान गरेका छन्। सहयोगी सदस्यहरूको भावनासँग जोडिएको यो भवन संस्थाको मुख्यालय मानिन्छ। तर, हालैको सत्ता संघर्षले कार्यालयको पवित्रतालाई नै खतरामा पारेको छ। निर्वाचनमा पराजित गुटलाई समर्थन गर्न नेपाल सरकारले हस्तक्षेप गर्न मिल्दैन। यस्तो हस्तक्षेप मौलिक मापदण्डविरुद्ध हुन्छ, जसको आडमा एनआरएनए सुरुमा स्थापना भएको थियो। राजनीतिक चलखेल र व्यक्तिगत महत्त्वाकांक्षाबीच विश्वभर बसोवास गर्ने नेपालीको हितमा काम गर्ने एनआरएनएको मूल एजेन्डा ओझेलमा परेको देखिनु चिन्ताको विषय हो। किनकि, संगठनको उद्देश्य विदेशमा रहेका नेपालीबीच एकता र सहयोग बढाउनु हो। जारी संकटले एनआरएनएको प्रतिष्ठा र समृद्धि तथा यसले प्रतिनिधित्व गर्ने विश्वव्यापी नेपाली डायस्पोरालाई पनि खतरामा पारेको छ। यस चुनौतीलाई प्रभावकारी रूपमा सम्बोधन गर्न पराजित गुटले पहिचानलाई पुनः स्थापित गर्ने र अन्य सम्बद्ध पक्षसँग सहमतिमा पुग्ने अवसर खोज्नु महत्त्वपूर्ण छ। यसले व्यक्तिगत गुनासोलाई पन्छाएर एनआरएनए समुदायको ठूलो भलाइ सुनिश्चित गर्न सहयोग गर्छ। निर्वाचनमा पराजित भएपछि विनम्रता देखाउनु, फरक दृष्टिकोणलाई स्विकार्नु र साझा आधारमा काम गर्नु मुख्य दायित्व हो। चुनावी नतिजाबाट उत्पन्न भएको कलहलाई निरन्तरता दिनुको सट्टा पराजितहरूले अब एनआरएनएभित्रको पुल निर्माण र एकता बढाउने कामलाई प्राथमिकता दिनुपर्छ। यसमा खुला संवादमा संलग्न हुन, विवादहरू मध्यस्थता गर्न सक्नुपर्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा एनआरएनएका व्यापक लक्ष्य र सिद्धान्तमा योगदान पुऱ्याउने पहलमा मात्र सक्रिय रूपमा सहभागी हुनुपर्छ।

पराजित व्यक्तिहरूले यस क्षणलाई मेलमिलाप, समझदारी र सहयोगको अवसरका रूपमा सदुपयोग गर्नुपर्छ। यसो गरेर, तिनले विश्व नेपाली डायस्पोराका लागि एकताबद्ध शक्तिका रूपमा यसको निरन्तरता सुनिश्चित गर्दै एनआरएनएको मिसनलाई सुरक्षित गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ। संस्थालाई विगत केही वर्षदेखि उत्ताउलो शैलीमा चलाउन खोज्ने केही अपरिपक्व साथीहरूको समूहले सत्ताको आडमा विवाद बढाइरहेका छन्। यसबारे थुप्रै पैरवी भइसकेको पनि छ। जब संस्थाको उद्देश्य, यसको लाभग्राहीको मनोभावना र सरोकारवालाको अपेक्षाको आकलन हुँदैन, स्वाभाविक रूपमा संस्थामा देखिने दुर्दशा यस्तै हो। सन् २०१९ मा हायात होटेलमा विद्यार्थी संगठन र आफ्ना गाउँठाउँका राजनीतिक कार्यकर्ता ल्याई निर्वाचनलाई प्रभाव पार्न खोजिए पनि सफलता हात नलागेपछि यो संस्था थप स्खलित हुने कार्यको थालनी यहीँबाट भएको हो।

> गैरआवासीय नेपाली संघका गतिविधि समन्वय गर्ने र विश्वव्यापी रूपमा प्रवासी नेपालीको हितको प्रतिनिधित्व गर्ने केन्द्रीय निकायका रूपमा रहेको नेपालस्थित एनआरएनए कार्यालय राजनीतिक र व्यक्तिगत स्वार्थको रणभूमि बनेको छ

संस्था विवादमा छ भनिएको छ। राज्य निर्वाचित समितिलाई कुनै न कुनै बहानामा दुःख दिन चाहन्छ। चाहे संस्था नवीकरण नगरिदिएर होस् वा छानबिनका नाममा सरकारी सोच र हार व्यहोरेकालाई पुनः स्थापित गर्न सकिन्छ कि भन्ने नाममै किन नहोस् ? यसरी अभिभावकको रूपमा रहनुपर्ने राज्यले कसैका लागि यो तहमा पक्षपोषण गर्दै हिँड्नु आफैँमा सर्वथा गलत हो। छानबिनका नाममा बनेको सरकारी टोली सरकारअनुकूल प्रतिवेदन बुझाउने हतारमा छ। सबैको आमअपेक्षाजस्तै यस समितिले हालसम्म आफ्नो कार्यक्षेत्र तय गर्न सकेको छैन। के मात्र छानबिन गर्ने ? छानबिनको दायरामा ककसलाई समेट्ने ? यसको कार्यविधि सरोकारवालाले माग्दासमेत दिन सकिराखेका छैनन्। छानबिनका क्रममा २४ घन्टाभित्र सयौं रिपोर्ट दिनु, होइन भने योभन्दा कडा परिपत्र आउँदै छ, तपाईंहरूको खाता रोक्का गरिदिन्छौं जस्ता धम्की दिनु निष्पक्ष छानबिनमा ठूलै प्रश्न चिह्न होइन र ? निर्वाचनका क्रममा देखिएका केही कुराबारे छानबिन गर्ने भनिएकामा अहिले चन्द्रागिरिमा आयोजित कार्यक्रमको बिल-भौचर माग्नु, संस्थाको पूर्ण बैठकले निर्णय गरी तत्कालीन तीन अध्यक्षमध्ये एकको संयोजनमा समितिले गरेको कामबारे उनलाई नसोधिनु, तर डा. बद्री केसीलाई मात्र आरोप लगाइरहनुले निष्पक्ष छानबिनमाथि थप प्रश्न उठाएका छन्। निर्वाचन गराएको यो कार्यसमितिले होइन, पूर्वकार्यसमितिले हो। त्यसका तीन अध्यक्ष र दुई महासचिव उत्तिकै जवाफदेही हुनुपर्नेमा डा. बद्री केसीलाई मात्र दोषी करार गर्नु कसरी न्यायसंगत हुन सक्छ ?

एनआरएनलाई माया गर्ने विश्वभरका नेपाली समुदाय यस संकटको सामना गर्न एकजुट हुनैपर्छ। एनआरएनए कुनै विशेष समूह वा गुटको सम्पत्ति होइन। यो विश्वभरका प्रत्येक सदस्यको हो। डायस्पोराका लागि एनआरएनए भवनको संरक्षण र विस्तारमा यसले जनाउने एकता र प्रतिनिधित्वलाई सुनिश्चित गर्नु महत्त्वपूर्ण छ। डा. बद्री केसीको नेतृत्वमा निर्वाचित समितिलाई सहयोग गरेर सबै गोलबद्ध हुन सके अझै पनि हाम्रो पसिनाले सिर्जित भवन फिर्ता ल्याउन सकिन्छ र गैरआवासीय संघलाई सबैको साझा बनाउन सकिन्छ। नेपालमा एनआरएनए कार्यालयको वर्तमान संकट विविध डायस्पोराको हितको प्रतिनिधित्व गर्ने संस्थाले सामना गर्ने चुनौतीको पूर्ण रूप हो। विश्वभरका एनआरएनए सदस्य एकजुट हुनु, व्यक्तिगत र राजनीतिक मतभेदलाई पन्छाएर संस्थाको अखण्डता रक्षाका लागि काम गर्नु अनिवार्य छ। सामूहिक प्रयासबाट मात्र एनआरएनएले यस संकटलाई पार गर्न र विश्वभरका प्रवासी नेपालीका लागि एकताबद्ध शक्तिका रूपमा काम गर्न सक्छ भन्ने हामीमध्ये कसैले पनि भुल्नुहुँदैन।

(एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्य डा. बास्तोला युनिभर्सिटी अफ एसेक्समा प्राध्यापनरत छन्।)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

चुनावको मुखमा इतिहासकै निराश अवस्थामा भारतीय कंग्रेस

लोकसभा चुनाव नजिकिँदै गर्दा विपक्षी इन्डिया (आएनडिआइए) गठबन्धनमा यसअघि कहिल्यै नदेखिएको निराशा र विभाजन देखिन्छ। कंग्रेस र अन्य सबै गठबन्धनबीचको सिट बाँडफाँडको वार्ता असफल भएको छ। नितीश कुमार र जयन्त चौधरी एनडिए गठबन्धनमा हाम फालेका छन् र कांग्रेसका वरिष्ठ नेताहरूले एक-एक गरेर पार्टी छोड्दै छन्। पछिल्लो समय महाराष्ट्रका पूर्वमुख्यमन्त्री अशोक चभान एक साताअघि पार्टी परित्याग गरी भारतीय जनता पार्टी (भाजपा)मा प्रवेश गरेका छन्।

कंग्रेस यसअघि कहिल्यै नभएको कमजोर र निराश देखिएको छ। कंग्रेसले सहयोगीसँग मात्र होइन, आफ्नै घरलाई व्यवस्थित गर्न संघर्ष गर्दा सबै उपलब्धि खेर गएका छन्। पार्टीभित्र छिटै थप विद्रोहको अनुमान गरिएको छ। आगामी चुनावी अभियानमा प्रधानमन्त्रीको नम्बर एक निसाना कंग्रेस नै रहेको स्पष्ट छ। एक सूक्ष्म परिवर्तनमा मोदीले हाल इन्डिया गठबन्धनलाई मात्र लक्षित गरेका छैनन्, जसलाई उनले 'अहंकारी' र 'भ्रष्ट' भनेर व्याख्या गर्थे। अब उनको ध्यान विपक्षी क्याम्पको सबैभन्दा कमजोर कडी कंग्रेस र विशेषगरी गान्धी परिवारमा केन्द्रित छ।

■ कंग्रेसमाथि मोदीको आलोचना

चुनावअघि अन्तिमपटकका लागि स्थगित हुनुअघि लोकसभामा उनको अन्तिम भाषणमा प्रधानमन्त्रीको आक्रमण घरीघरी व्यक्तिगत थियो, किनभने उनले जवाहरलाल नेहरू र उनकी छोरी पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीको आलोचना गरे। भाजपाका लागि कंग्रेसलाई शत्रु र गान्धी परिवारलाई छुट राजनीतिक रूपमा उपयुक्त हुने कथ्य हो। तर, मोदीले गान्धी परिवारको कटु आलोचना गर्छन्।

प्रदेशस्तरमा भाजपाका लागि क्षेत्रीय दलहरू मात्र वास्तविक चुनौती साबित भएका छन्। महाराष्ट्रमा केही समयदेखि अनुमान गरिएको छ कि विपक्षी नेताहरूले पक्ष परिवर्तन नगरेमा भ्रष्टाचारविरोधी निकाय प्रवर्तन निर्देशनालय (इडी) र सिबिआईको कारबाही गर्ने धम्की दिइएको छ। यसलाई कसैले पनि सार्वजनिक रूपमा स्वीकार गर्दैन, तर तपाईंले अशोक चाभानले सामना गरिरहेको फौजदारी मुद्दा मात्र हेर्नुपर्छ। महाराष्ट्र एक मात्र राज्य हो, जहाँ एकनाथ सिन्दे र शिवसेनाको साथमा सत्तामा भए पनि भाजपा बेफाइदामा छ वा विपक्षीले चुनौती दिएका छन्।


तस्बिर : रोयटर्स

■ कंग्रेसले लगाम लगाउनुपर्छ

हालै इन्डिया टुडेले गरेको एक सर्वेक्षणले आमचुनावमा महाराष्ट्रमा विपक्षी एमभिएलको अग्रता रहने देखाएको छ। सायद त्यहीकारण धेरै विपक्षी नेताले आगामी सातामा क्याम्प परिवर्तन गर्न दबाबको सामना गर्नेछन्। तर, वरिष्ठ नेताहरूलाई पार्टीभित्र राख्ने प्रयास कंग्रेसले खासै गर्न नसकेको कुरा पनि अचम्मको विषय हो। पछिल्ला केही वर्षमा पार्टी परित्याग गरेका धेरैले शीर्ष नेतृत्वसँगको भेटका लागि गरेको आग्रहलाई बेवास्ता गरिएको गुनासो गरेका छन्। अशोक चाभानको मामला अचम्मको कुरा होइन। महिनौंदेखि उनको बहिर्गमनको चर्चा चलिरहेको थियो, तर उनीसँग पार्टीपंक्तिले बिरलै सम्पर्क गरेको थियो।

> कंग्रेसका धेरै समर्थक राहुल गान्धीको दोस्रो भारत जोडो यात्राबाट दिक्क छन्। यात्रा अवधि एक साताभन्दा बढी घटाइयो। यो समय राहुल गान्धीका लागि दिल्लीमा उपस्थित हुने, सिट बाँडफाँटको योजना बनाउने, टिकट वितरणलाई नजिकबाट हेर्ने समय थियो।

कंग्रेसका धेरै समर्थक राहुल गान्धीको दोस्रो भारत जोडो यात्राबाट दिक्क छन्। यात्रा एक हप्ताभन्दा बढी घटाइयो। यो समय राहुल गान्धीका लागि दिल्लीमा उपस्थित हुने, सिट बाँडफाँडको योजना बनाउने, टिकट वितरणलाई नजिकबाट हेर्ने समय थियो। उनले यो यात्रा तीन महिनाअघि नै गरिसक्नुपर्थ्यो। बरु यात्रामा हिँड्दा शीर्ष नेता उनको पछिपछि दौडिन व्यस्त छन्। इडीजस्ता एजेन्सीको दबाबले कंग्रेसका सहयोगीसँग सिट बाँडफाँड सम्झौता तोड्न बाध्य पारिरहेको केही कंग्रेस नेताहरू बताउँछन्। त्यो आंशिक रूपमा सत्य हुन सक्छ, तर धेरै साना दलले यो पनि गुनासो गरेका छन् कि कांग्रेसले राज्यहरूमा उसको औकातभन्दा धेरै सिट माग्छ, जुन सम्झौता उल्लंघनको कारक साबित भइरहेको छ।

जस्तै, यूपीमा हेर्नुहोस्, जहाँ कंग्रेसले अघिल्लोपटक मात्र एउटा सिट जितेको थियो, तर समाजवादी पार्टीसँगको सम्झौतामा अहिले २० सिट दाबी गरिरहेको छ। अखिलेश यादवको ११ सिटको प्रस्ताव उदारभन्दा बढी छ। २०२४ का लागि लडाइँ छाडेको छैन भनेर देखाउने जिम्मेवारी विपक्षी विशेषगरी कंग्रेसको हो। किनकि अहिले उनीहरू डरलाग्दा देखिन्छन्।

-गल्फ न्युजका लागि निधि राजदानको आलेख

इतिहासमा आज



सन् १९८०: रोबर्ट मुगाबे जिम्बाब्वेको पहिलो अश्वेत प्रधानमन्त्री बने। आफ्नो देशमा गोरा अल्पसंख्यक शासनविरुद्ध अश्वेत संघर्षका नायक मुगाबेले ठूलो जित हासिल गरे। उनको दमनकारी नेतृत्व शैलीको स्वदेश तथा अन्तर्राष्ट्रिय रूपमा निन्दा भएको थियो।


सन् १९६३ : फ्रान्सको राजधानी पेरिसका तत्कालीन राष्ट्रपति चार्ल्स डी गाउलीको हत्या गर्न षड्यन्त्र गरेको अभियोगमा ६ जनलाई मृत्युदण्ड।

सन् १९७७ : भ्रान्सिअ भूकम्पका कारण १५ सयभन्दा बढीको मृत्यु। मारिनेमा अधिकांश रोमानियाको राजधानी बुखारेस्टका बासिन्दा थिए।

सन् १७८९ : अमेरिकी संविधान कार्यान्वयनमा आयो। अमेरिकी कानुन विश्वको सबैभन्दा पुरानो संविधानमध्ये एक हो जुन अझै पनि प्रयोगमा छ। सबैभन्दा पुरानो सान मारिनोको संविधान हो, जुन सन् १६०० मा जारी गरिएको थियो।

सन् २००७ : इन्टरनेटमार्फत विश्वको पहिलो राष्ट्रिय चुनाव सम्पन्न भयो। वर्ल्डवाइड वेबमार्फत आफ्ना नागरिकहरूलाई संसदीय चुनावमा मतदान गर्न अनुमति दिने पहिलो देश इस्टोनिया थियो।

पाकिस्तानको प्रधानमन्त्रीमा सहबाज सरिफ निर्वाचित



इस्लामाबाद / पाकिस्तानको नयाँ प्रधानमन्त्रीमा पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन)का नेता सहबाज सरिफ दोस्रो कार्यकालका लागि निर्वाचित भएका छन्।

इमरान खानको पाकिस्तान तहरिक-ए-इन्साफ (पिटिआई)ले समर्थन गरेका उम्मेदवार उमर अयुबलाई पराजित गर्दै सहबाज आइतबार पाकिस्तानको २४औं प्रधानमन्त्रीमा निर्वाचित भएका हुन्। उनी पूर्वप्रधानमन्त्री नवाज सरिफका सहोदर भाइ हुन्।

पिएमएल-एनका अध्यक्ष तथा नवगठित आठदलीय गठबन्धनका नेता सरिफलाई दोस्रोपटक प्रधानमन्त्री बन्न भारी मत मिलेको छ। पाकिस्तानको तल्लो सदन नेसनल एसेम्ब्लीमा भएको मतदानमा उनले २०१ मत प्राप्त गरे। उनका प्रतिस्पर्धी अयुबले ९२ मत ल्याए। अयुब पूर्वप्रधानमन्त्री इमरान खान समर्थित सांसदका साझा उम्मेदवार थिए।

फेब्रुअरी ८ मा सम्पन्न निर्वाचनमा कुनै पनि दलको प्रस्ट बहुमत नआएपछि नयाँ प्रधानमन्त्री चयन गर्न हप्तौं लागेको थियो। सहबाज निर्वाचित भएसँगै जेलमा रहेका विपक्षी नेता इमरान खानका समर्थकलाई सरकारमा सहभागी हुन नदिन गठबन्धनलाई सफलता मिलेको छ। निर्वाचनको परिणाम घोषणा गर्दै नेसनल एसेम्ब्लीका नवनियुक्त सभामुख सरदार अयाज सादिकले भने, 'सहबाज सरिफ इस्लामिक गणतन्त्र पाकिस्तानको प्रधानमन्त्रीमा निर्वाचित भएका छन्।'

यसअघि खानले सरिफको मनोनयन प्रक्रिया नै गलत भएको दाबी गरेका थिए। उनले सरिफलाई संसद् सिट 'उपहार' दिएको दाबी गरे। खानले भनेका थिए, 'सरिफलाई गलत तरिकाले पाकिस्तानको राष्ट्रिय सभाको सदस्यको रूपमा शपथ गराइएको छ र उनी प्रधानमन्त्री पदका लागि उम्मेदवार हुन सक्दैनन्।'

गत महिना सम्पन्न विवादास्पद निर्वाचनमा कारागारमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानको दल पिटिआई समर्थित स्वतन्त्र उम्मेदवारहरूले जितेका थिए। तर, सरकार बनाउन कुनै पनि दलको बहुमत नपुगेपछि स्वतन्त्रबाहेकका दलहरूले गठबन्धन बनाएका थिए।

सहबाज सरिफ यसअघि सन् २०२२ को अप्रिलमा इमरान खानको सरकार ढलेपछि प्रधानमन्त्री बनेका थिए। त्यसअघि उनी तीनपटकसम्म पन्जाब प्रान्तको मुख्यमन्त्री बनेका थिए। सहबाज व्यापारिक पृष्ठभूमिबाट राजनीतिमा आएका हुन्।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा त्रताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्रा.फ.र.न. ११४६२२/०७०/०७१ स्थानीय व्यापार, अन्तर्गत मिति २०७०/०८/३० मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, सुन्धारा स्थित **चुनिक कलेक्सन** **प्रोप्राइटर तथा जमानीकर्ता : दिपेन्द्र लाल देव** स्थायी ठेगाना : मोरङ जिल्ला, कठहरी गा.वि.स. वडा नं. ९ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, सुन्धारा बाबु : योगेन्द्र लाल देव बाजे : सुन्दर लाल देव
	धितोको विवरण १) जहरी लाल वाइसकी छोरी, सुन्दर लाल (वैश्य) देवकी बुहारी, जोगेन्द्र वैश्य (देव)की पत्नि, मोरङ जिल्ला, थलाहा गा.वि.स. वडा नं.२ मा बस्ने शान्ति देवी वाइसको नाममा मालपोत कार्यालय मोरङ विराटनगरको लगतमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कठहरी गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ४९ र २३२ को क्षेत्रफल क्रमशः ५५३.७५ र १९६.८७ (व.मि.)को घरजग्गा र सो घरजग्गा चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) सुन्दर लाल देवको नाती, योगेन्द्र लाल देवको छोरा, मोरङ जिल्ला, कठहरी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२ मा बस्ने दिपेन्द्र लाल देवको नाममा मालपोत कार्यालय विराटनगर मोरङको लगतमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कठहरी गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ३०७ को क्षेत्रफल ५२० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । ३) चुनिक कलेक्सनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **जमानीकर्ताहरुको विवरण** **१) शान्ति देवी वाइस** स्थायी ठेगाना : मोरङ जिल्ला, थलाहा गा.पं वडा नं. २ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, सुन्धारा बाबु : जहरी लाल वाइस ससुरा : सुन्दर लाल (वैश्य) देव पति : जोगेन्द्र वैश्य (देव) **२) रुगेन्द्र लाल (देव)** स्थायी ठेगाना : मोरङ जिल्ला, कठहरी गा.वि.स. वडा नं. ९ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, सुन्धारा बाबु : भोगेन्द्र लाल देव बाजे : सुन्दर लाल देव **३) जोगेन्द्र वैश्य** ठेगाना : मोरङ जिल्ला, कठहरी गा.वि.स. वडा नं. ९ बाबु : सुन्दर लाल वैश्य (देव) बाजे : जहरी लाल वैश्य देव
२)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ११२७५/१९८५ अन्तर्गत मिति २०७८/०३/०६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ५ (हाल देवाही गोनाही न.पा. वडा नं. ६) स्थित **अंसारी किराना पसल** **प्रोप्राईटर तथा जमानीकर्ता : नजाम अंसारी** ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बाबु : अतिउल्लाह अन्सारी बाजे : विदेशी मिया जोलहा **२) नजाम अंसारी** ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बाबु : अतिउल्लाह अन्सारी बाजे : विदेशी मिया जोलहा **जमानीकर्ताहरुको विवरण** **१) अतिउल्लाह अन्सारी** स्थायी ठेगाना: रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ५ हालको ठेगाना: रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बाबु: विदेशी मिया जोलहा बाजे: फर्जन मिया **२) जलेखा खातुन** स्थायी ठेगाना: रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. १ हालको ठेगाना:रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बाबु: अमिन मिया ससुरा: विदेशी मिया जोलहा पति: अतिउल्लाह अन्सारी **धितोको विवरण** १) फर्जन मियाको नाती, विदेशी मिया जोलहाको छोरा, रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बस्ने अतिउल्लाह अन्सारीको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, कर्कच गा.वि.स. वडा नं. ५ क (हाल देवाही गोनाही न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८१३ र ८१५ को क्षेत्रफल क्रमशः ०-३-१० र ०-१-१२$^{१/२}$ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) अंसारी किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३)	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २३०६२४/०७६/०७० अन्तर्गत मिति २०७६/०९/०२ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ६, पाण्डेछांप स्थित **ए. वान पोल्ट्री एण्ड लाइभस्टक प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: शिवराज ढकाल** स्थायी ठेगाना : इलाम जिल्ला, प्याङ गा.प. वडा नं. ३ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ९, धापासेवल बाबु : नेत्र प्रसाद ढकाल बाजे : देउ शर्मा ढकाल **२) शिवराज ढकाल** स्थायी ठेगाना : इलाम जिल्ला, प्याङ गा.प. वडा नं. ३ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ९, धापासेवल बाबु : नेत्र प्रसाद ढकाल बाजे : देउ शर्मा ढकाल **जमानीकर्ताहरुको विवरण** **१) गोमा कुमारी ढकाल** स्थायी ठेगाना : इलाम जिल्ला, प्याङ गा.प. वडा नं. ३ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ९, धापासेवल ससुरा : देउ शर्मा ढकाल पति : नेत्र वहादुर ढकाल **२) ज्वाला श्रेष्ठ** स्थायी ठेगाना : दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. २ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ९, धापासेवल बाबु : विनित कुमार श्रेष्ठ ससुरा : नेत्र वहादुर ढकाल पति : खेमराज ढकाल **३) खेमराज ढकाल** स्थायी ठेगाना : इलाम जिल्ला, प्याङ गा.वि.स. वडा नं. ३ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ९, धापासेवल बाबु : नेत्र प्रसाद ढकाल बाजे : देउ शर्मा ढकाल **धितोको विवरण** १) देउ शर्मा ढकालको नाति, नेत्र प्रसाद ढकालको छोरा, इलाम जिल्ला, प्याङ गा.प. वडा नं. ३ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ९, धापासेवल बस्ने शिवराज ढकालको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ८ क (हाल रत्ननगर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३२६१, ३३५३, ४८९, ३३५१, ४८७, ३२५९, २७१, ४८८, ४९०, ३२५७ र ३२६५ को क्षेत्रफल क्रमशः ८६७.५४, ८०९.७४, ७६१.९१, १२५२.६८, ६७७.२६, १२१७.८१, ७२८.०५, ६७७.२६, ७६१.९१, ७८९.७५,७८७.३५ (व.मी.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) सवारी मोडल : MAHINDRA BOLERO, CAMPER SC 4WD	चेसिस नं.: MA1ZC4TBKM1F47176 ईन्जिन नं. : TBM1F15996	सवारी दर्ता नं. : बागमती प्रदेश-०१ ०२६ च १४२६ ३) ए. वान पोल्ट्री एण्ड लाइभस्टक प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सुम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सोविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिडकट्टि, सिन्धुपाल्चोक
बागमति प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८०/११/२१

यस भोटेकोशी गाउँपालिकाद्वारा मिति २०८०/०८/२० गते प्रकाशित सूचना अनुसार ठेक्का नं NCB/BRM/WORKS/03/080/081 Chaku-Marming-Golchi Road Upgrading & Maintenance को E-biding बोलपत्र आह्वान गरिएकोमा पेश हुन आएका बोलपत्रहरु मध्ये मिति २०८०/११/२० को मूल्यांकन समितिको निर्णय अनुसार न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा तपशिलको बोलपत्र दाता छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको व्यहोरा सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

तपशिल

सि.न	कार्यक्रमको नाम	ठेक्का नं.	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम (मु.अ.कर र पि.एस.बाहेक)
1	Chaku-Marming-Golchi Road Upgrading & Maintenance	NCB/BRM/WORKS/03/080/081	आश्रेया/महाभिर जे भि, कटुन्जे-०१, भक्तपुर	१,२३,८६,०८९,१२२ (एक करोड तेइस लाख छयासी हजार उन्नानब्बे रुपैयाँ बाइस पैसा मात्र)

प्रमुख प्रशासकीय अधिकृत

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २१ फागुन ०८०

आयोजनाको लागत बढाउने बेथिति अन्त्य गर्न प्रधानमन्त्रीको निर्देशन

नयाँ पत्रिका



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विकास आयोजनाको लागत बढाउने बेथिति रोक्न निर्देशन दिएका छन् । सरकार, मन्त्रालय र आयोजनाले निर्धारित काम तोकिएको समयमा पूरा नगर्दा आयोजनाको लागत बढेको भन्दै त्यसलाई रोक्न उनले निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री प्रचण्डले आइतबार राष्ट्रिय गौरवका आयोजनाको प्रगतिबारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग छलफल गर्दै यस्तो निर्देशन दिएका हुन् । 'विकास आयोजनाका काममा हामी सबैले उच्च प्राथमिकता दिनुपर्छ । सरकार, मन्त्रालय र आयोजनाले निर्धारित काम तोकिएको समयमा पूरा नगर्दा आयोजनाको लागत बढ्दै गएको छ,' उनले भने, 'तसर्थ, यो बेथिति अन्त्य गर्न गम्भीरतापूर्वक लाग्नुस् ।' उनले आयोजनाको लागत बढेमा स्वयं आयोजना प्रमुखहरू नै जिम्मेवार हुने गरी निर्देशित गर्न र कार्यसम्पादनको व्यवस्था मिलाउनसमेत निर्देशन दिए ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आयोजित छलफलमा भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वाला, सचिव केशव शर्मा, विभागीय प्रमुख र मन्त्रालयका सहसचिवहरू थिए । प्रधानमन्त्रीले बैठकमा उत्तर-दक्षिण (कोशी करिडोर) खाँदबारी-किमाथांका सडक योजना, कालीगण्डकी करिडोर र कर्णाली करिडोरको प्रगति अवस्थाबारे मन्त्रालयको ब्रिफिङ लिए ।

प्रधानमन्त्रीले सम्पन्न हुने लागेका र परिणाम दिइहाल्ने परियोजनालाई आफूले प्राथमिकतामा राखेको समेत बताए । 'निर्माणाधीन र टुंगिन लागेकालाई प्राथमिकता दिएर परिणाम देखिने गरी काम गर्न भनेर मैले भन्दै आएको छु,' उनले भने, 'यस्ता आयोजनालाई सरकारले प्राथमिकतामा राख्छ, बजेटको अभाव हुन दिँदैन, काम समयमै गर्नुहोस् ।' विकास आयोजनाका काममा उच्च प्राथमिकता दिन र आयोजना प्रमुखहरूलाई फिल्डमा नै बसेर काम गर्ने वातावरण बनाउन मन्त्री ज्वालालाई निर्देशिन दिए । छलफलमा कोशी करिडोरको भौतिक प्रगति ३२ प्रतिशत रहेको, वित्तीय प्रगति पनि ३२ प्रतिशत नै रहेको जानकारी दिँदै सचिव शर्माले सडक निर्माणको काममा प्रगति भइरहेको जानकारी दिए ।

त्यसैगरी, उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) सडक योजनाको ६३ प्रतिशत भौतिक प्रगति र ५५.७ प्रतिशत भौतिक प्रगति रहेको जानकारी दिँदै शर्माले स्रोत व्यवस्थापनको सीमितताका कारण अपेक्षित प्रगति हासिल नभएको जानकारी गराए । उत्तर-दक्षिण (कर्णाली करिडोर) सडक योजनाको भौतिक र वित्तीय प्रगति सन्तोषजनक रूपमा अगाडि बढेको उनले बताए ।

बैठकमा प्रधानमन्त्री प्रचण्डले विगत दुई सय ५० वर्षमा भएको भौतिक र मानवीय प्रगतिभन्दा गणतन्त्रपछि भएको प्रगति निकै उत्साहप्रद रहेको बताए । यद्यपि, त्यसबारे आमनागरिकमा यथार्थ सम्प्रेषण हुन नसकेको उनको भनाइ थियो ।

७६ वर्षपछि आयो राष्ट्रिय बिमा नीति

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बिमा सेवा सुरु भएको साढे सात दशकपछि सरकारले राष्ट्रिय बिमा नीति ल्याएको छ । गत २४ मंसिरको मन्त्रिपरिषद्ले 'राष्ट्रिय बिमा नीति, २०८०' स्वीकृत गरेपछि नियामक निकाय नेपाल बिमा प्राधिकरणले यही सातादेखि यो नीति कार्यान्वयनमा ल्याएको हो । गत मंसिरमै मन्त्रिपरिषद्बाट नीति स्वीकृत भए पनि प्राविधिक कारणले कार्यान्वयनमा आउन ढिलाइ भएको प्राधिकरणका उपनिर्देशक साम्भराज लामिछानेले बताए । उनका अनुसार अब बिमा नीति कार्यान्वयनमा प्रवेश गरेको छ । 'बिमा नीति कार्यान्वयनमा प्रवेश गरेको छ । अब यसमै आधारित रहेर प्राधिकरणले बिमासम्बन्धी रणनीति बनाउँछ,' उनले भने, 'यो नीतिले बिमा क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउन सहयोग गर्छ ।'

गत आव ०७९/८० को बजेटमा बिमा नीति ल्याउने घोषणा गरेसँगै प्राधिकरणले बनाएको मस्यौदालाई अर्थ मन्त्रालय हुँदै मन्त्रिपरिषद्मा पेस गरिएको थियो । नेपाल बैंकको लगानीमा २००४ मा नेपाल माल चलानी तथा बिमा कम्पनी (हालको नेपाल इन्स्योरेन्स) स्थापना भएको थियो । त्यसपछि ०२४ मा राष्ट्रिय बिमा संस्थान (हालको राष्ट्रिय जीवन बिमा कम्पनी) र ०२५ मा नियामक निकाय बिमा समिति (हालको नेपाल बिमा प्राधिकरण) स्थापना भएको थियो ।

बिमामा क्षेत्रमा भएको लगानीयोग्य पुँजीलाई राष्ट्रिय पूर्वाधार विकास र उत्पादनशील क्षेत्रमा परिचालन गर्ने नीति ल्याइएको छ । यसैगरी, बिमा सेवालाई उत्पादनमूलक क्षेत्रमा विस्तार गरिने नीति पनि सरकारको छ । सरकारले बिमालाई आधुनिक र प्रतिस्पर्धी बनाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार विकास गर्ने नीति ल्याएको छ । बिमा क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको लेखा प्रणाली अवलम्बन गर्ने योजनासमेत सरकारले बनाएको छ ।

बिमा क्षेत्रमा दक्ष जनशक्ति विकास गर्न आवश्यकताका आधारमा बिमा प्रतिष्ठान, इन्स्टिच्युट तथा कलेजको स्थापना एवं प्रवर्द्धन गर्न आवश्यक समन्वय गर्ने सरकारको नीति छ । सरकारले बिमा क्षेत्रमा संस्थागत सुशासन अभिवृद्धि गर्ने नीति पनि ल्याएको छ ।



बिमा प्राधिकरणका उपनिर्देशक साम्भराज लामिछाने भन्छन्-

गत मंसिरमै मन्त्रिपरिषद्बाट नीति स्वीकृत भए पनि प्राविधिक कारणले कार्यान्वयनमा आउन ढिलाइ भएको थियो । अब कार्यान्वयनमा प्रवेश गरेको छ । यसमै आधारित रहेर प्राधिकरणले बिमासम्बन्धी रणनीति बनाउँछ । यो नीतिले बिमा क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउन सहयोग गर्छ ।

सरकारले बिमा क्षेत्रलाई वित्तीय स्थायित्व कायम गर्ने सशक्त औजारका रूपमा विकास गर्ने नीतिसमेत ल्याएको छ । त्यसका लागि कम्पनीको वित्तीय स्वास्थ्य मापन गर्न प्रमुख कार्यसम्पादन सूचक (की पर्फमेन्स इन्डिकेटर) बनाई लागू गर्ने बताइएको छ । जोखिममा आधारित पुँजी लागू गर्ने पनि सरकारको योजना छ ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

स्वदेशी पुनर्बिमा कम्पनीलाई सुदृढ तथा प्रतिस्पर्धी बनाई विदेशी मुद्रा आर्जन गर्न सक्षम बनाउने पनि सरकारको योजना छ । यसैगरी, गरिबीको रेखामुनि रहेका नागरिकलाई बिमामा आबद्ध गर्न बिमा शुल्कमा छुटजस्ता विशेष सुविधा ल्याउने घोषणा पनि गरेको छ । सरकारले आवश्यकताका आधारमा थप बिमा र पुनर्बिमा कम्पनी स्थापना गर्ने नीति पनि ल्याएको छ ।

के छ राष्ट्रिय बिमा नीतिमा ?

- पूर्वाधार विकास र सरकारी सम्पत्तिको बिमा
- सीमान्तकृत समुदायको बिमा
- गरिबीको रेखामुनि रहेकालाई बिमा शुल्कमा छुट
- बिमा कलेज स्थापना, पाठ्यक्रममा पनि बिमा
- बिमा क्षेत्रको पुँजी राष्ट्रिय पूर्वाधारमा लगानी
- बिमा क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको लेखाप्रणाली
- बिमामा हुन सक्ने ठगी एवं जालसाजी नियन्त्रण
- बिमा क्षेत्रको 'की पर्फमेन्स इन्डिकेटर' बनाइने
- पुनर्बिमा विदेशी मुद्रा आर्जनको माध्यम बनाइने
- सामूहिक कोषमार्फत भूकम्प, हवाई, कृषि र लघुबिमा सञ्चालन
- भूगोल र समाजअनुसार फरक-फरक बिमा
- विदेशमा रहेका नेपालीलाई बिमाको दायरामा
- वातावरणीय प्रभाव र गरिबीको दृष्टिले जोखिममा रहेका व्यवसायीको बिमा

अर्थमन्त्रीकै अध्यक्षतामा निर्देशक समिति

बिमा नीतिको कार्यान्वयनसम्बन्धी अनुगमन गर्न अर्थमन्त्रीकै अध्यक्षतामा निर्देशक समिति बनाउने योजना पनि ल्याइएको छ । समितिको सदस्यमा अर्थसचिव, डेपुटी गभर्नर, प्राधिकरणका अध्यक्ष, जीवन र निर्जीवन बिमक संघका अध्यक्ष हुनेछन् । अर्थ मन्त्रालयका सहसचिव भने समितिको सदस्यसचिव हुने व्यवस्था गरिएको छ ।

बैंकिङ क्षेत्रमा अराजकता मच्चाउन खोज्नेलाई कानुनी दायरामा ल्याउनुपर्छ : गभर्नर

काठमाडौं/ नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अर्थतन्त्रको महत्त्वपूर्ण पाटो बैंकिङ क्षेत्रलाई जोगाउनु सबैको दायित्व रहेको बताएका छन् । अर्थ समितिको आइतबार बसेको छलफलमा उनले पछिल्लो समय ऋण नतिर्ने उद्देश्यले आतंक मच्चाउने गरी बढिरहेको गतिविधिलाई नियन्त्रण गर्नुपर्ने बताए । उनले भने, 'अर्थतन्त्रको एउटा महत्त्वपूर्ण पाटो बैंकिङ क्षेत्र हो । सर्वसाधारणले दुःख गरी कमाएको पैसा राख्ने क्षेत्र हो । त्यसैले यो क्षेत्र बच्न जरुरी छ ।'

उनले नेपालका अन्य क्षेत्रको तुलनामा बैंकिङ क्षेत्र सबल र सुरक्षित हुनुमा बैंकर र नियामक मात्रै नभई कानुनले नै महत्त्वपूर्ण भूमिका पूरा गरेको उनको भनाइ थियो । बैंकिङ कसुरसम्बन्धी ऐन संशोधनको प्रक्रियामा रहेकाले यथाशीघ्र अघि बढाउन सांसदसमक्ष उनले आग्रहसमेत गरेका छन् ।

सहकारी संस्थाहरूको नियमन गर्न अलग्गै संरचना आवश्यक रहेको पनि गभर्नर अधिकारीले बताएका छन् । उनले भने, 'सहकारीको सन्दर्भमा बजेट पास गर्दा यसलाई विशिष्टीकृत संयन्त्र बनाउने भनिएको थियो । कानुनको मस्यौदा बनाइरहेको अर्थ मन्त्रालयले जनाएको छ । देशभर ३० हजारभन्दा बढी सहकारी छन्, जसमा अधिकांशले बचत तथा ऋणको काम गरेका छन् । यसको नियमनलाई अहिलेको मानवस्रोतले पुग्ने अवस्था छैन । त्यो संरचना चाँडो आउनुपर्छ ।'

लघुवित्त वित्तीय संस्थाहरूमा सुधार ल्याउन आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशकको संयोजकत्वमा गठित समितिले अध्ययन गरी सुझाव दिइसकेकाले यसलाई कार्यान्वयन गर्दै जानुपर्ने उनको भनाइ छ ।

नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसीले कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को आकारभन्दा बढी निक्षेप परिचालन गरेका बैंक तथा वित्तीय संस्थाहरूमा सात खर्बभन्दा बढी पुँजी लगानी भइसकेको बताए । त्यस्तै, पुँजी पर्याप्तताको अनुपात (क्यापिटल एडिक्वेसी) १३ प्रतिशत छ । यसबाहेक सरकारको विकास ऋणपत्रमा ११ खर्बभन्दा बढी लगानी गरेको उनले बताए ।

छलफलमा केसीले विगत पाँच दिनदेखि एक बैंकका पूर्वसिइओ र कर्मचारीसहित १० जना विनाकारण प्रहरीको थुनामा रहेको गुनासो गरे । 'गलत काम गरेको छ भने कारबाही हुनुपर्छ,' उनले भने, 'तर, विनाकारण कोही पनि सजायको भागीदार हुनुहुँदैन ।' पछिल्लो घटनाले बैंकिङ क्षेत्रमा भएका ८६ हजार कर्मचारी आतंकित भएको उनले बताए ।

राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले मुलुकको आर्थिक नीतिको मोडल सम्पूर्ण राजनीतिक दलले एउटै धारणा बनाउनुपर्नेमा जोड दिए ।

सरकार परिवर्तन भए पनि आर्थिक नीतिलाई आधार बनाएर नीति, कार्यक्रम र बजेट ल्याउन सकिने अवस्था हुनुपर्ने उनको भनाइ छ । त्रिभुवन विश्वविद्यालयका अर्थशास्त्र विभाग प्रमुख प्रा.डा. शिव अधिकारीले सरकारले मुलुकको वर्तमान आर्थिक अवस्थाको गहन विश्लेषण नगरी बजेटको सिद्धान्त र प्राथमिकता ल्याएको आरोप लगाए । अर्थतन्त्र र निजी क्षेत्रको मनोबल कमजोर रहेको भन्दै त्यो विषयलाई सरकारले प्राथमिकतामा नराखेको उनले बताए ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. विश्व पौडेलले सरकारले राजस्व संकलनमा योगदान नपुग्ने अनुत्पादन क्षेत्रमा बजेट खर्च गरेकाले अर्थतन्त्रमा समस्या रहेको बताए ।

स्पन्ज आइरनको कर विवादमा समितिले माग्यो सरकारसँग जवाफ

काठमाडौं/ प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले बिलेट तथा स्पन्ज आइरनको कर विवादका विषयमा सरकारसँग जवाफ मागेको छ । समितिले बिलेट तथा स्पन्ज आइरनको कर हेरफेर नगर्न दिएको निर्देशन कार्यान्वयन नभएको भन्दै सरकारसँग जवाफ मागेको हो ।

समितिको आइतबारको बैठकले यसअघि ६ असार ०७९ मा दिएको निर्देशन कार्यान्वयन किन नगरिएको भन्दै अर्थ मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग जवाफ माग्ने निर्णय गरेको हो । यस विषयमा थप अध्ययन गर्न र सम्बन्धित उद्योगहरूको अवस्थाका बारेमा बुझ्न आवश्यक देखिएकाले अध्ययन उपसमिति गठन गर्ने निर्णयसमेत भएको समितिका सचिव रामकुमार पौडेलले जानकारी दिए ।

तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले प्रतिस्थापन विधेयकमार्फत ल्याएको बजेटले फलामे छड बनाउने बिलेटको भन्सारदर ५ प्रतिशत यथावत् राखेर अन्तःशुल्क दर प्रतिमेट्रिकटन एक हजार ६ सय ५० बाट बढाएर दुई हजार पाँच सय पुऱ्याएको थियो । त्यस्तै, स्पन्ज आइरन र स्क्रपको भन्सार तथा अन्तःशुल्कमा भने पूर्ण छुट दिएको थियो । बजेटले गरेको उक्त व्यवस्थाको केही उद्योगीहरूले विरोध गरेका थिए । खासगरी बिलेट आयात गरी फलामे छड उत्पादन गर्ने उद्योगीले उक्त व्यवस्थाको विरोध गरेका थिए । नेपालमै बिलेट उत्पादन गर्ने उद्योगले भने त्यसको बचाउ गरेका थिए ।

बिलेट र स्पन्ज आइरनको करसम्बन्धी विवाद संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा समेत पुग्यो । समितिको ६ असार ०७९ को बैठकले विवादित कर हेरफेरको व्यवस्थामा पुनर्विचार गरी पहिलेकै व्यवस्था कायम गर्न निर्देशन दिएको थियो ।

माउन्टेन इनर्जी नेपाल लि.
Mountain Energy Nepal Ltd.

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ३०, काठमाडौं फोन नं.:०१-४५३७७०५, ०१-४५४१६४८ फ्याक्स नं.: ४५३०५६२
Website: www.mountainenergy.com.np | Email: info@mountainenergy.com.np

दसौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०।११।२० गते बसेको एक सय नौं (१०९) सञ्चालक समितिको बैठकको निर्णयानुसार यस माउण्टेन इनर्जी नेपाल लिमिटेडको दसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी पारित गर्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः

मितिः २०८० साल चैत्र १३ गते मंगलवार (तदनुसार २६ मार्च, २०२४)
समयः विहान १०:३० बजे
स्थानः Amrapali Banquet Catering & Events, भाटभटेनी, काठमाण्डौं ।

छलफलका विषयहरुः

दसौं वार्षिक साधारण सभाका प्रस्तावहरुः

(क) साधारण प्रस्तावहरुः

१. संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. यस कम्पनीको लेखा परिक्षकको प्रतिवेदन, सहित २०८० आषाढ मसान्त सम्मको वासलात, २०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसंग सम्बद्ध अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस कम्पनीको आ.व. २०८०/०८१ को लागि लेखा परिक्षण गर्न लेखा परिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरुः

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७९।०८० को लागि चुक्ता पूंजीको १५% का दरले हुने रु. २९,५२,०४,०५०।- (अक्षरेपी उनान्तीस करोड बाउन्न लाख चार हजार पचास रुपैया) बोनस शेयर वितरण गर्न र सोमा लाग्ने कर प्रयोजनको निमित्त ०.७८९५% अर्थात रु.१,५५,३७,५७३।- (अक्षरेपी एक करोड पचपन्न लाख सैतिस हजार पाँच शय त्रिहत्तर रुपैया) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
२. कम्पनीको प्रबन्ध पत्रको दफा ६ (ख) संशोधन गर्ने सन्बन्धमा ।
३. सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा सामान्य संशोधन गर्न माग भए अनुरुप आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरुः

१. सर्वसाधारणको वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/११/३० गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/११/२९ गते सम्म कारोवार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य रहनेछन् ।
२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभाहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोली शेयर अभौतिकरण गरिएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
३. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरिएको छ । आर्थिक विवरण लगाएतका वार्षिक साधारण सभामा पेश हुने सम्पूण प्रस्तावहरु तथा सधारण सभा सम्बन्धि अन्य जानकारीको लागि कम्पनीको website: mountainenergy.com.np मा पनि हेर्न सक्नुहुने छ ।
४. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालय डिल्लीबजार, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरि सक्नुपर्ने छ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनुपर्ने छ ।
५. संरक्षक रहनु भएका शेयरधनी महानुभाहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन सक्नुहुने छ ।
६. छलफलका विषय सूचि मध्ये विधिध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धि प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यसलाई पारित गरिनुपर्ने प्रस्तावको रुपमा राखिने छैन ।
७. शान्ति सुरक्षाको कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभाहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनुहुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ ।
८. अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रिय कार्यालय का.म.न.पा. वडा नं. ३० डिल्लीबजार काठमाण्डौं वा फोन नं. ०१-४५३७७०५, ०१-४५४१६४८ मा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

Statement of Financial Position as on 31st Ashadh 2080

Particulars	Notes	As at 31st Ashadh, 2080	As at 32nd Ashadh 2079
ASSETS			
Non-current assets			
Property, plant and equipment	10	28,983,607	30,512,126
Intangible assets	11	6,029,821,862	6,172,929,506
Intangible assets under development	12	75,092,704	69,342,387
Goodwill (arising on acquisition of Aadhishakti)		14,682,604	15,311,858
Deferred tax assets	22	527,338	121,211
Total non-current assets		**6,149,108,115**	**6,288,217,088**
Current assets			
Trade and other receivables	13	748,366,228	479,488,462
Prepayments	14	35,769,031	122,975,491
Loan and advances	15	17,912,763	61,520,805
Cash and cash equivalents	16	87,885,128	276,279,157
Total current assets		**889,933,150**	**940,263,915**
Total assets		**7,039,041,265**	**7,228,481,003**
EQUITY AND LIABILITIES			
Equity			
Share capital	17	1,968,027,000	1,968,027,000
Retained earnings	18	1,175,022,234	1,011,134,723
Total equity		**3,143,049,234**	**2,979,161,723**
Liabilites			
Non-current liabilities			
Loans and borrowings	19	3,471,026,386	3,853,472,403
Total non-current liabilities		**3,471,026,386**	**3,853,472,403**
Current liabilities			
Trade and other payables	20	55,227,645	77,560,877
Loans and borrowings	19	369,738,000	318,286,000
Total current liabilities		**424,965,645**	**395,846,877**
Total liabilities		**3,895,992,031**	**4,249,319,280**
Total equity and liabilities		**7,039,041,265**	**7,228,481,003**

Statement of Profit or Loss and other Comprehensive Income
For the period ended 31st Ashadh, 2080

Particulars	Notes	1st Shrawan 2079 to 31st Ashadh, 2080	1st Shrawan 2078 to 32nd Ashadh, 2079
Revenue	5	1,182,383,269	1,234,416,354
Cost of sales	6		
-Amortization on Project Assets		(254,292,535)	(252,201,339)
-Other Direct Costs		(223,768,232)	(98,552,796)
Gross profit		**704,322,502**	**883,662,219**
Net Construction Revenue (As per IFRIC 12)	7	-	6,605,987
Administrative expenses	8	(32,311,871)	(21,582,031)
Depreciation and amortisation	10	(1,934,013)	(2,182,181)
Operating profit		**670,076,618**	**866,503,994**
Finance income	9	10,906,907	5,026,165
Finance costs	9	(295,638,069)	(247,700,161)
Staff Bonus		(7,706,909)	(12,344,480)
Other Income		-	709,246
Profit before tax		**377,638,547**	**612,194,764**
Income tax expenses			
Current tax	22	(3,273,337)	(1,256,541)
Deferred tax income/(expense)	22	406,127	-
Profit for the period		**374,771,337**	**610,938,223**
Other comprehensive income		-	-
Total comprehensive income		**374,771,337**	**610,938,223**

Statement of Changes in Equity
For the period from 1st Shrawan 2079 to 31st Ashadh, 2080
(17th July, 2022 to 16th July, 2023)

NPR

Particular	Share Capital	Accumulated Profit/ Loss	IFRIC Reserve	Total
Balance as on 2079/04/01	**1,968,027,000**	**738,778,659**	**272,356,064**	**2,979,161,723**
Ammortization IFRIC Intangible Assets for 2077/78		**804,914**	**(804,914)**	
Ammortization IFRIC Intangible Assets for 2078/79		10,732,187	(10,732,187)	
Adjusted Balance as on 2079/04/01	1,968,027,000	750,315,760	260,818,963	2,979,161,723
Profit for the Year		374,771,337		374,771,337
Dividend Paid		**(207,160,426)**		**(207,160,426)**
Prior Period Adjustment		**(28,097)**		**(28,097)**
Corporate Social Resposibility Fund		**(3,747,713)**		**(3,747,713)**
Corporate Social Resposibility Fund Reversed		52,410		52,410
Ammortization of IFRIC Intangible Assets		10,732,187	(10,732,187)	-
Balance As at Ashadh 31, 2080	**1,968,027,000**	**924,935,458**	**250,086,776**	**3,143,049,234**

Statement of Cash Flow
For the period from 1st Shrawan 2079 to 31st Ashadh, 2080
(17th July, 2022 to 16th July, 2023)

Particulars	1st Shrawan 2079 to 31st Ashadh, 2080	1st Shrawan 2078 to 32nd Ashadh, 2079
A. Cash Flow from Operating Activities		
Net Profit before Tax	377,638,547	612,194,764
Adjustments for:		
Depreciation expenses	1,934,013	2,182,181
Amortisation of Goodwill on Acquisition	629,254	629,254
Amortization on Intangible Assets	254,292,535	252,201,339
Interest Income	(10,906,907)	(5,026,165)
Interest Expenses	295,638,069	247,700,161
Income tax paid	(3,273,337)	(1,256,541)
Net Profit/loss on sale of Tangible assets		
CSR Fund	(3,695,303)	(5,043,357)
Prior Period Adjustment	(28,097)	
Cash Flow before Change in Working Capital	912,228,774	1,103,581,636
Increase/(Decrease) in liabilities	(353,327,249)	70,456,340
(Increase)/Decrease in Current Assets	(138,063,264)	(535,266,761)
Net Cash Flow from Operating Activities (1)	**420,838,261**	**638,771,215**
B. Cash Flow from Financing Activities		
Changes in share capital	-	-
Dividend Paid	(207,160,426)	-
Interest Paid	(295,638,069)	(247,700,161)
Net Cash Flow from Financing Activities (2)	**(502,798,495)**	**(247,700,161)**
C. Cash Flow from Investing Activities		
Changes in non-current assets		-
Net Sale/(Purchase) of Tangible Fixed Assets	(405,494)	(1,211,430)
Sale/(Purchase) of Intangible Assets (Project Assets)	(111,184,891)	(154,119,595)
Project under development	(5,750,317)	(7,473,817)
Interest Income	10,906,907	5,026,165
Net Cash Flow from Investing Activities (3)	**(106,433,795)**	**(157,778,677)**
Net Increase/(Decrease) in cash and cash Equivalents (1+2+3)	(188,394,029)	233,292,377
Cash and cash equivalents at beginning of the year	276,279,157	42,986,780
Cash and Cash Equivalents at end of the year/period	**87,885,128**	**276,279,157**

सातौँ चेम्बर एक्स्पो २४ फागुनदेखि

काठमाडौं/ स्थानीय उत्पादनको प्रवर्द्धन एवं बजारीकरण तथा व्यापार अभिवृद्धि गर्ने उद्देश्यसहित सातौँ 'चेम्बर एक्स्पो २०२४' २४ फागुनदेखि सुरु हुने भएको छ। २८ फागुनसम्म सञ्चालन हुने उक्त एक्स्पो नेपाल चेम्बर अफ कमर्सको आयोजनामा हुन लागेको हो।

स्थानीय उत्पादन प्रवर्द्धन एवं बजारीकरण तथा व्यापार अभिवृद्धि गर्ने उद्देश्यले एक्स्पो आयोजना गर्न लागेको एक्स्पोको तयारी पूरा भएको चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले बताए। एक्स्पोमा कृषि सामग्री, साना तथा घरेलु उद्योगका उत्पादन, हस्तकलाका वस्तुहरू प्रदर्शनीमा राखिने आयोजकले जनाएका



छन्। घर-जग्गा व्यवसाय, खाद्य एवं पेय पदार्थ, पहिरन, पाठ्यपुस्तक, सवारीसाधन, निर्माण सामग्री, विद्युतीय उपकरण तथा अन्य उपभोग्य सामग्रीसमेत प्रदर्शनीमा हुने उल्लेख छ। कृषि, हस्तकलालगायत स्थानीयस्तरमा उत्पादित वस्तुहरूको बजार प्रवर्द्धन एवं साना व्यवसायीहरूको आर्थिक गतिविधि विस्तार गर्नका लागि पनि एक्स्पोको आयोजना गरिएको अध्यक्ष मल्लले बताए। प्रदर्शनीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीका एक सय ६० भन्दा बढी स्टल रहने जनाइएको छ। एक्स्पोमा फोकस कन्ट्रीका रूपमा दक्षिण कोरिया रहेको छ।

क्षेत्रीय एवं अन्तर्राष्ट्रिय व्यापारिक समुदायको प्रत्यक्ष सहभागितामा अन्तर्राष्ट्रिय क्षेत्रमा भइरहेका आर्थिक गतिविधि, नवीन प्रविधिको प्रयोग एवं व्यापार व्यवस्थापनका नयाँ आयामलाई नजिकबाट नियाल्न सहयोग पुग्ने अध्यक्ष मल्लले बताए।

प्रदर्शनीमा इन्डियन चेम्बर अफ कमर्सको अगुवाइमा भारत आयुष एक्विजिसन कन्फरेन्ससमेत सञ्चालन हुनेछ। प्रदर्शनीमा नेपालमा रहेका बंगलादेश, रुस र मलेसियाका वाणिज्य शाखाको पनि सहभागिता रहनेछ। यस्तै बंगलादेश, भारत, दक्षिण कोरिया, पाकिस्तानबाट समेत व्यवसायीले सहभागिता जनाउनेछन्।

आइजिआई प्रुडेन्सियल इन्स्योरेन्समा नयाँ सञ्चालक समिति



काठमाडौं/ आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडमा नयाँ सञ्चालक समिति चयन भएको छ। कम्पनीको २६औँ वार्षिक साधारणसभाले नयाँ कार्यसमिति चयन गरेको हो।

साधारणसभाले आगामी चार वर्षका लागि संस्थापक समूहबाट हेमराज ढकाल, विशाल अग्रवाल, अम्बिकाप्रसाद पौडेल र कृति टिबडेवाल तथा सर्वसाधारण समूहबाट राजेन्द्रसिंह भण्डारी र अमित अग्रवाललाई निर्विरोध सञ्चालक पदमा निर्वाचित गरेको जनाइएको छ। साधारणसभामा अध्यक्ष हेमराज ढकालले नेपाली बिमा बजारमा छुट्टै पहिचान स्थापित गर्न गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको बताए। ०८० साल वैशाख २७ गतेबाट साबिक आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड बिमा क्षेत्रमा सबैभन्दा छोटो समयमा मर्जर सम्पन्न गरी आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडको नामबाट एकीकृत कारोबार गर्न सफल भएको अध्यक्ष ढकालले जानकारी दिए।

देशको समग्र आर्थिक गतिविधिलाई चलायमान बनाइराख्न ठूला-ठूला मेगा प्रोजेक्टहरूको स्थापना हुनुपर्नेमा जोड दिँदै अध्यक्ष ढकालले नेपालमा विकास निर्माणका लागि सडक, जलविद्युत्, कृषि, पर्यटन तथा सूचना प्रविधिको क्षेत्रमा प्रचुर सम्भावना रहेको बताए। यसका लागि सरकारले उच्च प्राथमिकताका साथ लगानीमैत्री वातावरण बनाउनुपर्ने उनको भनाइ थियो।

साधारणसभाले सञ्चालक समितिको तर्फबाट अध्यक्ष ढकालले प्रस्तुत गरेको आर्थिक वर्ष ०७९/८० को वार्षिक प्रतिवेदन सर्वसम्मत पारित गरेको जनाइएको छ।

पोखराका बिगमार्टमा क्युआरबाट भुक्तानी गर्दा स्कुटर उपहार

काठमाडौं/ उपभोक्ताले पोखरामा हालै खोलिएका बिगमार्टका पाँचवटा स्टोरहरूमा नेपालपे क्युआरमार्फत भुक्तानी गर्दा बम्पर उपहारमा हिरो स्कुटर जित्न सक्ने भएका छन्। कम्पनीले बिगमार्टको फूलबारी, बगर, रामबजार, शीतलादेवी र पर्स्याङ स्टोरहरूमा चैत १७ सम्म लागू हुने गरी उपहार योजना ल्याएको हो।

उक्त उपहार सात सय ५० रुपैयाँभन्दा माथिको सामान खरिद गर्दा स्टोरमा रहेको डाइनामिक क्युआर स्क्यान गरी भुक्तानी गरेमा उक्त अफरमा सहभागी हुन सकिने कम्पनीले जनाएको छ। ग्राहकले आफूसँग भएको कुनै पनि वाणिज्य बैंक, प्रायःजसो विकास बैंक र फाइनान्स कम्पनीहरूको मोबाइल बैंकिङ, वालेटहरू वा कनेक्ट आइपिएस प्रयोग गरी भुक्तानी गर्न सक्ने कम्पनीको भनाइ छ।

आरएसडिसी लघुवित्तको तालिम



काठमाडौं/ आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडले ग्राहक संरक्षण कोषअन्तर्गत आफ्ना साझेदार लघुवित्त वित्तीय संस्थाका शाखा प्रमुख र कर्जा लगानी तथा असुली विभागअन्तर्गत कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तालिम दिएको छ। संस्थाले बुटवलमा एकदिने 'लघुवित्त वित्तीय संस्थाको सफलताका लागि कर्मचारी सशक्तीकरण' विषयक तालिम दिएको हो।

लघुवित्त क्षेत्रमा देखिएको चुनौतीपूर्ण अवस्थाको सामना गर्दै लघुवित्त क्षेत्रको स्थायित्वका लागि कर्मचारीको मनोबल उच्च राख्न, ज्ञान, सीप साथै क्षमताको अभिवृद्धिका लागि तालिम दिएको संस्थाको भनाइ छ। विभिन्न साझेदार लघुवित्त संस्थाहरूमा कार्यरत कर्मचारीलाई निरन्तर रूपमा संस्थाले ग्राहक संरक्षण कोषअन्तर्गत प्रशिक्षण कार्यक्रम आयोजना गर्दै आइरहेको उल्लेख छ। त्यस प्रकारका तालिम-कार्यक्रम यस आर्थिक वर्षभरि नै आयोजना हुने संस्थाको भनाइ छ।

सहभागीलाई संस्थाका प्रमुख कार्यकारी अधिकृत ध्रुवकुमार पौडेलले तालिम दिएको जनाइएको छ। तालिम लघुवित्तको वर्तमान अवस्था र चुनौतीको सामना, कर्जा व्यवस्थापन, असल ग्राहक सम्बन्ध, कर्मचारी उत्प्रेरणा, नेतृत्व विकास र बैंकिङ कसुर र परिमाणको विषयमा केन्द्रित रहेको संस्थाले जनाएको छ। नाडेप लघुवित्त वित्तीय संस्थाका १९ जना, महिला लघुवित्तका १५ जना, धौलागिरि लघुवित्तका ११ जना र आरम्भ चौतारी लघुवित्तका १० जना गरी कुल ५५ जना कर्मचारीलाई तालिम दिएको संस्थाले उल्लेख गरेको छ।

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।
अव्यक्तनिधनान्येव तत्रका परिदेवना ।।

हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २०००/५/१०

स्वर्गारोहण: वि.सं. २०८०/११/५

स्व. बद्रि प्रसाद अर्याल

यस संस्थाका कर्मचारी श्री विपिन अर्यालज्यूका आदरणीय पिता बालुवाटार-४ निवासी बद्रि प्रसाद अर्यालको स्वर्गारोहण भएको आज १३औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद् घडिमा शोक सन्तप्त परिवारमा धैर्यधारणा गर्न सक्ने शक्ति प्रदान गरुन् भनि भगवान श्री पशुपतिनाथ सँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

श्री काष्ठमण्डप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, परिवार
नयाँ बानेश्वर, काठमाडौं

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

सिंगटी हाईड्रो इनर्जी लिमिटेड
Singati Hydro Energy Limited

वडा नं.५, काठमाण्डौं, नेपाल । टेलिफोन नं. ०१-४५४३२०३/०१-४५४३२०२
E-mail: shehydro@gmail.com, Website: www.singatihydro.com

रद्द भएका आवेदनहरुलाई पुनः आवेदन दिने सम्बन्धी सूचना

सिंगटी हाईड्रो इनर्जी लिमिटेडको मिति २०८०/०९/२१ गतेसम्म कायम सावित शेयरधनीहरुका लागि १ कित्ता शेयर बराबर नयाँ १ कित्ता (१:१) शेयरको अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको १,४५,००,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला **मिति २०८०/११/०२ गतेदेखि** निष्काशन तथा बिक्री खुल्ला भईरहेकोमा **"मेरो शेयर"** मार्फत आवेदन दिने केही शेयरधनी महानुभावहरुको विभिन्न कारणले सि-आस्वाबाट आवेदन रद्द भएकोले डिम्याट खातामा लिङ्क भएको बैंक खाता सुचारु गरी आफ्नो **"मेरो शेयर"** मार्फत पुनः आवेदन दिनुहुन सम्बन्धित शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध गर्दछौं । साथै, सम्पूर्ण शेयरधनी महानुभावहरुले आफ्नो **"मेरो शेयर"** मार्फत आवेदन दिनुभएको रिपोर्ट रुजु गर्न समेत अनुरोध गर्दछौं ।

हकप्रद शेयरको लागि आवेदन दिने अन्तिम म्यादः
मिति २०८० फागुन २२ गते (बैंकिङ्ग समय) सम्म मात्र

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your future
दुर्गा भवन, नागपोखरी-१, नक्साल, काठमाडौं
फोनः ०१-५९७००८२
Email: info@kumaricapital.com
Website: www.kumaricapital.com

Invitation for Sealed Bid

Notice publication on 2080/11/21

Samriddhi Finance invites sealed bids from the interested parties for the supply and implementation of **HCI Server System** on its office at Putalisadak, Kathmandu.

- The proposed solution should consist of a hyper-converged infrastructure with all the hardware and software licenses (Including Software-defined storage and Backup solution) as mentioned in specification document.
- A minimum of 2 HCI Nodes should be proposed and each node must be an individual rack-mountable unit.
- The proposed solution shall have 32 C.P.U cores, 512 GB memory and all flash 3.5 TB usable storage across the HCI Cluster.
- Other detail requirements are as per specification document.

1. The bid documents form with specification requirement for the system can be obtained from administration department, Putalisadak, Kathmandu upon payment of non-refundable fee of NPR 1,000.00 (Nepalese Rupees One Thousand only) in the account of Samriddhi Finance Tender form fee Account No. 942021600.
2. Interested bidder must have experience of 3 years in related field with BFIs in Nepal.
3. The sealed bid must be submitted before 1:00 pm on 2080.12.05 in below address.
4. The sealed bid will be opened on 2080.12.05, 4:00 pm at Putalisadak office, Kathmandu. In case of public holiday declared on this day, the bid will be opened on next working day at 11:00 am. Applied bidders are requested to present during the sealed bid opening on said date and time.
5. All other terms and conditions shall be as per the bid form.

Place for submission of sealed bid
Samriddhi Finance
Administration Department, Putalisadak, Kathmandu
Phone:01-5312099 Ext. 114, 131, 153

Samriddhi Finance
Partnership for Prosperity
समृद्धि फाइनान्स
Samriddhi Finance
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
www.sfcl.com.np

धितो लिलाम हुने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०८० फागुन २१गते

यस ग्रो म्याक्स बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट लिएको कर्जाको भुक्तानी मिति समाप्त भईकन पनि तिर्न बुझाउनु पर्ने साँवा र ब्याज आदि नतिरी नबुझाई कर्जासम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक एवं लिखित तर ताकेता एवम् हुलाक मार्फत कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सूचना पत्राचार गर्दा समेत कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गरेको हुँदा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ एवं संस्थाको प्रचलित नीति कार्यविधि अनुसार ऋणीले कर्जा लिएको बखत धितो सुरक्षणको रुपमा दृष्टिबन्धकी रोक्का रहेको ऋणीको नाममा दर्ता कायम भएको तपसिल बमोजिमको धितो निम्न उल्लेखित मिति, समय र स्थानमा नियमानुसार शिलबन्दि बोलकबोल मार्फत धितो लिलाम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। लिलाममा सबै भन्दा बढी डाँक बोलकत्तको नाममा लिलाम सदर भएमा कबोल रकमको १० प्रतिशत रकम सोहि दिन दाखिला गर्नु पर्नेछ। लिलाम हुने दिन विदा परेमा त्यस पछिको कार्यालय खुलेको दिनमा लिलाम हुनेछ। थप जानकारीको लागि संस्थामा सम्पर्क गर्न सकिने छ।

तपसिल

ऋणीको विवरण	कर्जा शिर्षक	धितोको विवरण	धनजमानीको विवरण
नामः लिला शाही बाबुको नाम : लक्ष्मी नारायण शाही बाजेको नाम : हेरामान शाही पतिको नाम : दिलिप शाही स्थायी ठेगाना : ल.पु.म.न.पा. वडा नं. २२ टापाहिटी नागरिकता नं. १।१७६९ जारी मितिः २०४६।०३।१४ 	व्यवसायिक	का.जि.का.म.न.पा. वडा नं. २३ को कि.नं. ४३४, क्षे.फ. ०-०-२-० (दुई पैसा) को जग्गा तथा सोमा बनेको घर समेत	**नाम : डेभिड शाही** बाबुको नामः दिलिप शाही बाजेको नाम : दिल बहादुर शाही स्थायी ठेगानाः ल.पु.म.न.पा. वडा नं. २२ टापाहिटी

लिलाम हुने मिति : २०८० चैत्र २६ गते
समय : दिनको ३:०० बजे
स्थान : संस्थाको कार्यालय, बिरा कम्प्लेक्स न्यूरोड

Growmax Saving & Credit Cooperative limited
ग्रोम्याक्स बचत तथा ऋण सहकारी संस्था लिमिटेड
केन्द्रिय कार्यालय न्यूरोड, काठमाडौं
फोन नं. : ०१-५७१३१७०

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/११/२१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
राम बहादुर कार्की ना.प्र.नं.- ३२९७ जारी मिति - २०४२/११/१६, जि.प्र.का. मकवानपुर बाबु - गञ्ज बहादुर कार्की बाजे - बल बहादुर कार्की स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौडा नगरपालिका वडा नं. ०६ हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ०६	१. **राम बहादुर कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवाननुर जिल्ला, हेटौडा न.पा वडा नं. ६ स्थित कित्ता नं. ५३०३ को क्षे.फ. ०-१-१३.२५ (वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। २. **शान्ति कुमारी कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ६ स्थित कित्ता नं. १६९९६ को क्षे.फ. ०-०-१४ (वि.क.घु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **शान्ति कुमारी कार्की** ना.प्र.नं.- २५९०५ जारी मिति - २०५०/०५/२०, जि.प्र.का. मकवानपुर बाबु - भक्त बहादुर नेपाल ससुरा - गञ्ज बहादुर कार्की श्रीमान - राम बहादुर कार्की स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौडा नगरपालिका वडा नं. ०६ हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०६	२. **पुजन कार्की** ना.प्र.नं.- ३१-०१-७०-०२०६९ जारी मिति - २०७०/०२/२२, जि.प्र.का. मकवानपुर बाबु - राम बहादुर कार्की बाजे - गञ्ज बहादुर कार्की स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौडा नगरपालिका वडा नं. ०६ हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ०६

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३/२४३

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि.को ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०।११।२१ गते

यस बैंकको शाखा कार्यालय धकधई, रुपन्देहीबाट तपशिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई, भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउनेबारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालो सूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधिबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपशिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८०।०९। मसान्तसम्मको बाँकी ब्याज	जम्मा तिर्नु पर्ने रकम
१.	शहरे आलम	साविक :धकधई-५ हाल : रोहिणी-३	९/१०५४, रुपन्देही, २०४६/०२/२२	सहबुद्धिन भाट	इस्माइल	सरल कृषि कर्जा घरायसी कर्जा	८,००,०००।- ९,५०,०००।-	२,८७,९८५।४१ ३,५६,६७२।८०	१०,८७,९८५।४१ १३,०६,६७२।८०
						जम्मा	१७,५०,०००।-	६,४४,६५८।२१	२३,९४,६५८।२१

धितो मञ्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
शहरे आलम	साबिक : धकधई-५, हाल : रोहिणी-३	९/१०५४, रुपन्देही, २०४६/०२/२२	रुपन्देही, २०४६/०२/२२	सहबुद्धिन भाट	इस्माइल
जमानतकर्ता					
सम्साद अलि	साबिक : धकधई-५, हाल : रोहिणी-३	३७१००९/१२३८२०	रुपन्देही, २०६४/०६/१९	शहरे आलम	सहबुद्धिन भाट

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८०।०९। मसान्तसम्मको बाँकी ब्याज	जम्मा तिर्नु पर्ने रकम
२.	राम शंकर कोइरी	(सिक्टहन-१, रुपन्देही) हाल : छोटकी रामनगर-७, पकडिहवा	२६३७५, रुपन्देही, २०३५/१०/०९	अवधु कोइरी	मोहन	सरल कृषि कर्जा	५,००,०००।-	१,६३,१४२।६६	६,६३,१४२।६६
						जम्मा	५,००,०००।-	१,६३,१४२।६६	६,६३,१४२।६६

धितो मन्जुरीनामा दिने

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
राम शंकर कोइरी	(सिक्टहन-१, रुपन्देही) हाल : छोटकी रामनगर-७, पकडिहवा	२६३७५	रुपन्देही, २०३५/१०/०९	अवधु कोइरी	मोहन
जमानतकर्ता					
सुनिल कोइरी	साबिक : छोटकी रामनगर-७, हाल ओमसतिया-६	३७१००४/२६४७२	रुपन्देही/२०६६/०५/२९	राम शंकर कोइरी	अवधु कोइरी

कृषि विकास बैंक लिमिटेड
लुम्बिनी प्रदेश कार्यालय
भैरहवा, रूपन्देही

नेपाल र नेदरल्यान्ड्स फाइनलमा भिड्ने

त्रिवि क्रिकेट मैदानमा आइतबार नेदरल्यान्ड्स र नामिबियाबीचको खेल वर्षाका कारण स्थगित भएपछि त्रिदेशीय टी-२० शृंखलामा तीन अंक जोडेको नामिबिया बाहिरियो, घरेलु टोली नेपाल उपाधिका लागि नेदरल्यान्ड्सँग भोलि भिड्दै



वर्षाका कारण नामिबिया र नेदरल्यान्ड्सबीच खेल स्थगित भएपछिको त्रिवि क्रिकेट मैदान।

अंक तालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
नेदरल्यान्ड्स	३	२	१	५	०.३१
नेपाल	४	२	२	४	०.२९
नामिबिया	४	१	२	३	-०.७०

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल र नेदरल्यान्ड्सबीच त्रिदेशीय टी-२० शृंखलाको उपाधिका लागि मंगलबार प्रतिस्पर्धा हुने भएको छ। तीन देश सम्मिलित शृंखलाको शीर्ष दुई स्थानमा रहँदै दुवै टोलीले उपाधि भिडन्त पक्का पारेका हुन्। प्रतियोगितामा सहभागी तेस्रो टोली नामिबिया फाइनल पुग्न वञ्चित भएको छ। चार खेलमा नेदरल्यान्ड्सको दुई जितसहित पाँच अंक छ। घरेलु टोली नेपालले चार अंक र नामिबियाले तीन अंक जोडेका छन्। प्रतियोगिताको आइतबार नामिबिया र नेदरल्यान्ड्सबीचको खेल वर्षाका कारण स्थगित भयो। खेल स्थगित भएसँगै दुवै टोलीले अंक बाँडे। यसको फाइदा नेदरल्यान्ड्सलाई भयो। नेदरल्यान्ड्स सर्वाधिक पाँच अंकसहित शीर्ष स्थानमा रह्यो। तीन अंक जोडेको नामिबिया पुछारमा रह्यो।

यसअघि नेपालले शनिबार नेदरल्यान्ड्सलाई ६ विकेटले हराउँदै फाइनलमा स्थान सुरक्षित गरेको थियो। नेपालका अलराउन्डर गुल्सन झाले नेदरल्यान्ड्सविरुद्धको फाइनल जित्न खेल्ने बताएका छन्। 'हामी पछिल्लो समयजस्तो क्रिकेट खेलिरहेका छौं, यहीअनुरूप उपाधि भिडन्त पनि खेल्छौं। पछिल्ला केही खेलमा हामीलाई भाग्यको साथ रहेन,' झाले भने, 'अन्तिम दुई खेल राम्रो भयो। अब, फाइनल पनि जित्नका लागि खेल्छौं।'

नामिबियाको कप्तान जेजे स्मिथले प्रतियोगितामा नेपाल बलियो रहेको र फाइनल उपाधि दाबेदार रहेको बताएका छन्। 'नेपालसँग घरेलु समर्थक छन्। पछिल्ला दुई खेल जितेका कारण पनि टोली लयमा छ। नेपालको सम्भावना बढी देख्छु,' उनले भने। नेपाल पहिलो खेलमा नामिबियासँग २० रन र दोस्रो खेलमा नेदरल्यान्ड्ससँग दुई रनले पराजित भएको थियो। तर, त्यसपछि दुई खेलमा लगातार जित निकालेर फाइनलमा स्थान बनाउन सफल भएको हो। नेपालले आफ्नो तेस्रो खेलमा नामिबियालाई तीन रन र नेदरल्यान्ड्सलाई ६ विकेटले हरायो।

नेदरल्यान्ड्स र नामिबियाले अंक बाँडे

हिउँद सकिएर प्रि-मनसुनको अवधि सुरु भएसँगै नेपालमा आइतबारबाट वर्षा सुरु भयो। शनिबार नेपाल र नेदरल्यान्ड्सको खेलमा पनि वर्षा हुने अनुमान थियो। यस खेलमा वर्षाले प्रभावित पारेन। तर, आइतबार नेदरल्यान्ड्स र नामिबियाबीचको खेलमा वर्षा भयो। खेल पूरा हुन पाएन। म्याच अम्पायरले दुवै टोलीलाई अंक दिए। यसको घाटा नामिबियालाई भयो। नेदरल्यान्ड्सविरुद्धको ठूलो अन्तरको जितले नामिबियाको फाइनल सम्भावना थियो। तर, वर्षाकै कारण नामिबियाको यो लक्ष्य पूरा हुन सकेन।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा नेदरल्यान्ड्सविरुद्ध टस हारेर नामिबियाले पहिलो ब्याटिङ गरेको थियो। नामिबियाले ब्याटिङ गरिरहँदा १५ ओभरमा ९८-४ को नाजुक अवस्थामा वर्षा भयो। केही समय वर्षा रोकिएपछि छोपिएको कभर हटाइएको हो। तर, खेल सुरु हुने लाग्दा पुनः वर्षा भएपछि खेल रद्द भयो। म्याच अम्पायर नारायनन कुटीले नेदरल्यान्ड्सका कप्तान स्कट एडवार्डस् र नामिबियाका कप्तान जेजे स्मिथलाई बोलाउँदै खेल नहुने बताए। वर्षाले खेल स्थगित हुनुअघि नामिबियाका जान निकोल इटन २९ बलमा ३४ रनमा अविजित रहे। जान ग्रिनले १० बलमा ११ रन बनाएर अविजित थिए। अघि मालन क्रुगरले १८ बलमा २४ रन बनाएर आउट भएका थिए।

नेपालले आयरल्यान्ड 'ए' टिमसँग आठ खेल खेल्ने

नेपाल राष्ट्रिय क्रिकेट टोलीले घरेलु मैदानमा टेस्ट राष्ट्र आयरल्यान्डको 'ए' टोलीसँग आठ खेल खेल्ने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले आयरल्यान्ड 'ए' टोली नेपाल भ्रमणमा आउने र आठ खेल हुने जनाएको छ। नेपालको सिनियर टोली र 'ए' टिमले आठ खेल खेल्ने क्यानले जनाएको छ। आइसिसीको आयरल्यान्ड पूर्णकालीन सदस्य हो। आइसिसी टेस्ट वरीयतामा आयरल्यान्ड १२औं र एकदिवसीयतर्फ १३औं स्थानमा छ। नेपाल एकदिवसीय वरीयतामा १५औं स्थानमा रहेको छ। क्यानका अनुसार नेपालको सिनियर टोलीले पहिलो दुई खेल टी-२० फर्म्याटमा खेल्नेछ। यो खेल ११ र १२ चैतमा हुनेछ। दुई दिनको विश्रामपछि नेपालको 'ए' टिमले तीन टी-२० खेल खेल्नेछ। नेपालको 'ए' टोलीले आयरल्यान्डविरुद्ध १५, १६ र १७ चैतमा लगातार खेल खेल्नेछ। नेपालको 'ए' टिमले २१ चैत, २३ चैत र २५ चैतमा आयरल्यान्डविरुद्ध एकदिवसीय खेल खेल्नेछ। क्यानले कुन मैदानमा खेलाउने भनेर निर्णय गरेको छैन।

दीपेन्द्र, कुशल, आसिफ र सोमपाललाई विश्राम

हङकङमा आयोजना हुने त्रिदेशीय टी-२० शृंखलामा सिनियर टोलीका ओपनर आसिफ शेख, सोमपाल कामी, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, ललितनारायण राजवंशी र अनिलकुमार शाहलाई विश्राम दिइएको छ। आसिफसँगै ६ खेलाडी नेदरल्यान्ड्स र नामिबियाविरुद्धको शृंखला टोलीमा रहेका छन्। उनीहरूको स्थानमा अनुभवी विनोद भण्डारीसँगै युवा खेलाडीहरू आकाश चन्द, लोकश बम र रसिद खानलाई टोलीमा समेटिएको छ। क्यानले पपुवा न्युगिनी (पिएनजी) र हङकङविरुद्ध हुने शृंखलाका लागि कप्तान रोहितकुमार पौडेलसहित १४ खेलाडी घोषणा गरेको छ। नेपालले पहिलो खेल मार्च ९ मा हङकङसँग खेल्नेछ।

■ झापा गोल्डकप

पुलिसलाई हराउँदै चर्च ब्वाइज अन्तिम आठमा



झापामा चिरञ्जीवी घिमिरे

चर्च ब्वाइज युनाइडेट क्लब छैटौं झापा गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ। झापाको बिर्तामोडमा आइतबार भएको खेलमा नेपाल पुलिस क्लबविरुद्ध २-० को जित निकाल्दै चर्च ब्वाइजले अन्तिम आठको स्थान पक्का गरेको हो। चर्च ब्वाइजले मंगलबार न्युरोड टिम (एनआरटी)सँग सेमिफाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछ। डोमालाल राजवंशी रंगशालामा चर्च ब्वाइजका लागि विदेशी खेलाडी अवयमी र समीर तामाङले एक-एक गोल गरेका थिए। पहिलो हाफमा दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए।

खेलको ५३औं मिनेटमा चर्च ब्वाइजले पेनाल्टीको सहयोगमा १-० को अग्रता लियो। पुलिसका गोलरक्षक सञ्जित श्रेष्ठले डिबक्समा 'वान भर्सेस वान' रहेका अवयमीलाई लडाएपछि चर्च ब्वाइजले पेनाल्टी पाएको थियो। अवयमीले पेनाल्टीमा गोल गर्दै चर्च ब्वाइजलाई अग्रता दिलाए। एक गोलले अगाडि रहेसँगै चर्च ब्वाइजले रणनीति परिवर्तन गर्दै आक्रामक खेल खेल्यो। समीरले ७८औं मिनेटमा चर्च ब्वाइजलाई २-० को स्थितिमा राखे। पुलिसको डिफेन्डरको गल्तीमा बल खोस्दै अवयमीले गोल अघि बढाउँदै डिबक्सबाट अनमार्क रहेका समीरलाई सटीक पास दिएका थिए।

समीरले उत्कृष्ट फिनिसिङ गर्दै चर्च ब्वाइजलाई दोहोरो अग्रता दिलाए। सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजको खेल अपेक्षाअनुसार हुन सकेन। पहिलो हाफमा पुलिसले चर्च ब्वाइजलाई दबाबमा राखेको थियो। यद्यपि 'ए' डिभिजन लिग खेल्दाका खेलाडी अहिले नहुँदा चर्च ब्वाइजको खेल सोचेजस्तो हुन नसकेको हो।

पहिलो हाफमा पुलिस आक्रामक

पहिलो हाफमा पुलिसले आक्रामक रणनीतिमा खेल खेल्यो। यद्यपि, पहिलो हाफमा दुवै टोलीले स्कोर निकाल्न सकेनन्। पहिलो हाफमा पुलिस आक्रामक रूपमा देखिँदा चर्च ब्वाइज रक्षात्मक रणनीतिमा प्रस्तुत भएको थियो। मध्यान्तरपछि चर्च ब्वाइज आक्रामक भयो। पुलिसका गोलरक्षक सञ्जित श्रेष्ठ र डिफेन्डरको सामान्य गल्तीको सदुपयोग चर्च ब्वाइजले गऱ्यो। खेल अवधिभर दुवै टोलीका मिडफिल्डर राम्री चल्न सकेनन्। खेलमा पुलिसले पनि केही उत्कृष्ट मौका पाएको थियो। खेलको ६९औं मिनेटमा विकास विकले मैदानको बायाँ भागबाट गरेको सशक्त लामो प्रहार बारमा लाग्यो। यसैगरी, डिबक्समा अनमार्क रहेका आशिष राईले रिबाउन्स बललाई सदुपयोग गर्न सकेनन्। उनको प्रहार क्रसबारनजिकैबाट बाहिरियो।

आजदेखि क्वार्टरफाइनल खेल

सोमबारदेखि क्वार्टरफाइनल खेल सुरु हुने आयोजकले जनाएको छ। पहिलो क्वार्टरफाइनलमा एपिएफ र बागमती युवा क्लबबीच हुनेछ। एपिएफले गोल्डकपको पहिलो खेलमा संकटा क्लबलाई टाइब्रेकरमा हराएको थियो। बागमती बाई पाएर अन्तिम आठमा सीधै प्रवेश गरेको हो।

खेलाडीले अवसर गुमाए

चेतन घिमिरे, प्रशिक्षक, पुलिस

खेलमा खेलाडीले प्राप्त मौका सदुपयोग गर्न सकेनन्। यसैकारण हामीले खेल गुमाएका हौं। पहिलो खेलको सुरुवातमै हाई प्रेसरमा खेल खेल्यौं। तर, त्यो रणनीतिमा सफल भएन। दोस्रो हाफमा डिफेन्सको सिल्ली गल्तीले गोल भयो।

पेनाल्टीमा जित सम्भव भयो

रुबिन राई, प्रशिक्षक, चर्च ब्वाइज

पहिलो हाफमा दुवै टोलीले स्कोर गर्न सकेनन्। मध्यान्तरपछि खेलमा सुधार भयो। दोस्रो हाफमा प्राप्त पेनाल्टीसँगै हाम्रो जित सम्भव भयो। पेनाल्टी नभएको भए खेलको नतिजा जे पनि हुन सक्थ्यो। अब सेमिफाइनल प्रवेशको खेलमा सुधार गर्नुपर्छ।

सूर्य नेपाल च्यालेन्ज आजदेखि

नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको पाँचौं सूर्य नेपाल च्यालेन्ज सोमबारदेखि रोयल नेपाल गल्फ क्लबमा सुरु हुँदै छ। चार दिनसम्म चल्ने ७२ होलको प्रतियोगितामा ३१ प्रोफेसनल र ११ एमेच्योर खेलाडीले दाबेदारी प्रस्तुत गर्ने प्रोफेसनल गल्फर्स एसोसिएसन नेपालका महासचिव दीपक आचार्यले जानकारी दिएका छन्। ३६ होलको समाप्तिमा कट लागू हुनेछ। जहाँ उत्कृष्ट २१ खेलाडीले तेस्रो र चौथो दिनका लागि स्थान सुरक्षित गर्नेछन्। एमेच्योर खेलाडीको हकमा पनि कट बनाउन उत्कृष्ट २१ भित्र पर्नुपर्ने आचार्यले बताए।

कुल पाँच लाख ७२ हजार दुई सय ५० नगद पुरस्कार राशि रहेको प्रतियोगिताको विजेताले एक लाख प्राप्त गर्नेछन्। उपविजेताले ६७ हजार र तेस्रो हुने खेलाडीले ४८ हजार रुपैयाँ हात पार्नेछन्। यसैगरी, चौथो हुनेलाई ४० हजार र पाँचौं हुनेलाई ३६ हजार रुपैयाँ प्रदान गरिनेछ। प्रतियोगितामा कट बनाउने २१ प्रोफेसनल गल्फरले



नगद पुरस्कार प्राप्त गर्नेछन्। यसपटक प्रतियोगितालाई प्रतिस्पर्धात्मक बनाउन रोयल नेपाल गल्फ क्लबको कोर्सलाई पनि केही अप्ठ्यारो बनाइएको छ। जसले गर्दा प्रतिस्पर्धा रोचक हुने अनुमान आयोजकले गरेको छ। कोर्ससँग अभ्यस्त हुन गल्फरहरूले तयारी सुरु गरिसकेका छन्। तीनवटा रेकर्डसहित सूर्य नेपाल वेस्टर्न ओपन जितेका भुवन नगरकोटी यो प्रतियोगिताको प्रमुख दाबेदार हुन्। सिजनमा सानदार सुरुवात गरेका दिनेश प्रजापतिसँगै रवि खड्का र जयराम श्रेष्ठले पनि उत्कृष्ट प्रदर्शन गर्ने अनुमान छ।

प्रोफेसनल गल्फरहरूलाई युवा एमेच्योर तथा साबिक विजेता सद्भाव आचार्यले कडा चुनौती दिनेछन्। गत सिजन सबैभन्दा कम उमेरमा सूर्य नेपाल च्यालेन्ज जितेर इतिहास बनाएका सद्भाव पनि उच्च फर्ममा रहेका छन्।

खेल संक्षेप

एनओसी र फ्रान्सको कोमोरेबीबीच सम्झौता

काठमाडौं/ फ्रान्सको पेरिसमा हुने ३३औं ग्रीष्मकालीन ओलम्पिकमा सहभागी हुने नेपाली टोलीको पोसाकका लागि नेपाल ओलम्पिक कमिटी (एनओसी) र कोमोरेबीबीच आइतबार सम्झौता भएको छ। एनओसीका महासचिव निलेन्द्रराज श्रेष्ठ र कोमोरेबीका सिइओ ड्यानिएल्ल भालेटिनले सम्झौतामा हस्ताक्षर गरेका छन्। कोमोरेबी फ्रान्च टेक्सटाइल कम्पनी हो। सम्झौताअनुसार पेरिस ओलम्पिक्समा सहभागी हुने नेपाली टोलीका सदस्यलाई कोमोरेबीले पोसाक उपलब्ध गराउनेछ। यससँगै कोमोरेबी नेपाली ओलम्पिक टिमको आधिकारिक पोसाक साझेदार हुनेछ। यो सम्झौता चार वर्षका लागि भएको हो।

राइट टु प्रोटिन रन १० चैतमा

काठमाडौं/ तेस्रो संस्करणको राइट टु प्रोटिन रनको हाफ म्याराथन १० चैतमा दशरथ रंगशालामा हुने भएको छ। नेपाल भेटेरिनरी एसोसिएसनको आयोजनामा हुने राइट टु प्रोटिन म्याराथनमा विभिन्न विधा समावेश भएको आइतबार पत्रकार सम्मेलनमा आयोजक समितका सचिव शीतलकाजी श्रेष्ठले जानकारी दिएका छन्। प्रतियोगितामा खुला हाफ म्याराथान, पुरुष १० किमि, महिला पाँच किमि, १२ कक्षासम्मका विद्यार्थी, तीन किमि (महिला) र फरक क्षमता भएका व्यक्तिका लागि ह्विलचेयर गरी आठवटा विधाको दौड भएको उनले बताए।

पेरिस ओलम्पिक छनोटमा थापा विजयी



काठमाडौं/ फ्रान्सको पेरिसमा आयोजना हुने ३३औं ग्रीष्मकालीन ओलम्पिक खेलकुद प्रतियोगिताअन्तर्गत बक्सिङ छनोट खेल सञ्चालन भइरहेको छ। इटालीको मिलान सहरमा भइरहेको ओलम्पिक छनोट बक्सिङ प्रतियोगितामा नेपालका चन्द्रबहादुर थापाले पुरुष ५१ किलो तौल समूहमा ताजाकिस्तानका साफिएभ मेहरोनलाई ३-२ को स्प्लिट डिसिजनका आधारमा पराजित गरेका छन्। अब थापाको अर्को भिडन्त भियतनाम र क्यानडाबीचका विजेताविरुद्ध हुनेछ। नेपालकी अन्जली तेलीले महिला ५४ किलो तौल समूहमा आज पोल्यान्डकी द्राविक सान्द्रविरुद्ध खेल्नेछिन्।

आर्मीलाई मदन भण्डारी हक्की उपाधि



नयाँ पत्रिका

विभागीय टोली नेपाल आर्मीले प्रथम मदन भण्डारी कप राष्ट्रिय महिला हक्की प्रतियोगिताको उपाधि आइतबार जितेको छ। धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा भएको फाइनलमा आर्मीले आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीलाई ४-२ गोलले हरायो। रोचक खेलको पहिलो हाफमा दुवै पक्षबाट गोल हुन सकेन।

आर्मीको जितमा सीतामाया बल र सीमा खड्काले समान दुई गोल गरे। सीताले ३८औं र ५८औं मिनेटमा गोल गरेकी थिइन्। खड्काले ४२औं र ५४औं मिनेटमा गोल गरिन्। एकेडेमीबाट मधु राईले ४८औं र ४९औं मिनेटमा गोल गरिन्। उपाधिसँगै आर्मीले एक लाख ५० हजार रुपैयाँ पायो। उपविजेता एकेडेमीले एक लाख रुपैयाँ पुरस्कार पायो।

फाइनल खेलमा आर्मीकी सीतामाया बल 'प्लेयर अफ दी म्याच' घोषित भइन्। सर्वोत्कृष्ट खेलाडीको उपाधि आर्मीकी सरस्वती तामाङले पाइन्। गोलरक्षकमा आर्मीकी कुश्मा रानामगर तथा डिफेन्समा आयोजककी सपना सिंह उत्कृष्ट चुनिए। लुम्बिनी प्रदेशकी अनन्य वर्णवाल उदयीमान खेलाडी ठहरिन्। उत्कृष्टलाई जनही १० हजार रुपैयाँ प्रदान गरियो। आर्मीकी सीतामाया बल, आयोजककी मधु राई र सुदूरपश्चिम प्रदेशकी बुलबुल कुमारी संयुक्त रूपमा सर्वाधिक गोलकर्ता बने। प्रतियोगिताभर उनीहरूले समान आठ गोल गरेका थिए। प्रतियोगितामा सुदूरपश्चिम प्रदेश तेस्रो भएको छ। सुदूरपश्चिमले लुम्बिनी प्रदेशलाई ५-० गोलले हराएको थियो। तेस्रो भएको सुदूरपश्चिमले ५० हजार रुपैयाँ पुरस्कार पायो।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा
बोलपत्र आव्हान सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति : २०८०/११/२१
प्रस्तुत विषयमा, यस आयोजना कार्यालय अन्तर्गत चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा रहेका सडक निर्माण/स्तरोन्नति कार्यको लागि सूचना नं. LIDPO/PKR/IFB/WORKS/09/080-81 अन्तर्गत बोलपत्र आव्हान गरिएको र सो सम्बन्धि सूचनाहरु https://bolpatra.gov.np/egp/ मा मिति २०८०/११/२१ गते प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ।

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र
खुमलटार, ललितपुर
दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रथम पटक प्रकाशित मितिः २०८०/११/२१
उपरोक्त सम्बन्धमा यस केन्द्रको प्लास्टिक टनेल घर निर्माण कार्य गर्नको लागि मिति २०८०/१०/२४ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको समय भित्र रितपूर्वक पर्न आएका दरभाउपत्रहरु मध्ये तपसिलमा उल्लेखित दरभाउपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको पाईएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१), (२) तथा ४७ प्रयोजनार्थ सम्बन्धित दरभाउपत्रदाता एवं सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं	कामको बिबरण	दरभाउपत्र स्वीकृत हुने फर्मको नाम	कबोल अंक रु. (मू.अ.क. सहित)
१.	०१/८०/८१	२ वटा प्लास्टिक टनेल घर निर्माण कार्य	आगामी मल्टीप्रपोज प्रा. लि. काठमाण्डौ-१६	१२,३१,८९७/६९ (अक्षेरुपी बाह लाख एकतिस हजार आठ सय सन्तानब्बे र पैसा उनानसत्तरी मात्र)

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाण्डौ।
समस्याग्रस्त घोषित सहकारी संस्थाका ऋणीहरुलाई ऋण तिर्न आउनेबारेको सूचना
सूचना प्रकाशित मिति : २०८०।११।२१
नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषित तपसिलमा उल्लेखित सहकारी संस्थाका ऋणीहरुले सो संस्थाबाट लिनुभएको ऋण रकमको सावाँ ब्याज यो सूचना प्रकाशित गरिएको ३५ दिनभित्र समितिको कार्यालयमा उपस्थित भइ राफसाफ गर्नु हुन सूचित गरिन्छ। सो समयभित्र आफ्नो दायित्व राफसाफ नगरेको खण्डमा सहकारी ऐन, २०७४ को दफा ११५ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम कुनै बैंक वा वित्तीय संस्थामा भएको आर्थिक कारोबार वा खाता वा अन्य चल अचल सम्पत्ति रोक्का राख्ने, राहदानी रोक्का राख्ने र कालो सूचिमा राख्ने समेतको कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ।
तपसिलः

क्र.सं.	सहकारी संस्थाको नाम	ठेगाना	घोषणा मिति
१.	पशुपति सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.	मानभवन, ललितपुर	२०८०।०४।०१
२.	शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लि.	कौशलटार, भक्तपुर	२०८०।०५।२५
३.	तुलसी बहुमुखी सहकारी संस्था लि.	विराटनगर, मोरङ्ग	२०८०।०५।२५
४.	हाम्रो नयाँ कृषि सहकारी संस्था लि.	महाराजगंज, काठमाण्डौ	२०८०।१०।११
५.	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	कुमारीपाटी, ललितपुर	२०८०।१०।२६
६.	कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.	मिनभवन, काठमाण्डौ	२०८०।११।०३

रिडी पावर कम्पनी लिमिटेड
RIDI POWER COMPANY LTD.
रजिष्टर्ड कार्यालयः का.म.न.पा. ११, ट्रेड टावर, थापाथली, पोष्ट वक्स नं. २१८३९, काठमाडौं, नेपाल
फोन नं. ०१-५१११०१५,९८४१२३४५६७
इमेलः ridipower@gmail.com वेभसाईटः www.ridipower.com.np
को
मिति २०८०/१०/२१ गतेसम्म कायम सावित शेयरधनीहरुका लागि १ कित्ता शेयर बराबर नयाँ ०.५० (१ : ०.५०) कित्ता शेयरको अनुपातमा ७७,४४,५०६ कित्ता हकप्रद शेयर मिति २०८० फागुन १८ गतेदेखि निष्काशन भई रहेको
हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद
मिति २०८० चैत्र ८ गते (बैंकिङ्ग समय) सम्ममात्र
अन्य विस्तृत जानकारीको लागि **मिति २०८०/११/१ गतेको "कारोबार"** दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटः www.muktinathcapital.com वा निष्काशन कम्पनीको वेभसाइटः www.ridipower.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं।
धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६९०८/०५/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com